# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषय परिचय

नेपाली लोकसाहित्यको फाँटमा जनजिब्रोमा आधारित रहेर मौलाएका लोकसाहित्यका विभिन्न विधा मध्ये उखान पनि एक सशक्त विधा हो । मानव समाजको स्थापनासँगै भाषा र लोकसाहित्यको विकास भएको पाइन्छ । परापूर्वकालदेखि नै मानिसले आफ्ना सुखदु:ख, मायाप्रेम जस्ता भावनाहरूलाई एक आपसमा बाँड्दै आफ्नो जीवन रथलाई विकास, समुन्नति प्रगतिको बाटोमा डोऱ्याउँदै आएको छ । हरेक भाषा र भाषिका तथा साहित्यमा मानिसले आफ्ना भावनाहरूलाई अरूको सामु प्रस्तुत गर्न विभिन्न साहित्यिक विधाको प्रयोग गर्न थाल्यो । प्राचीन कालमा अहिलेको जस्तो विज्ञान र प्रविधिको विकास भएको थिएन, जसका कारण मानिसले आफ्नो जीवन भोगाइको क्रममा आफ्ना अनुभवहरूलाई मौखिक रूपमा सन्तानहरूमा हस्तान्तरण गर्दै जाँदा लोकसाहित्यको जन्म भएको पाइन्छ । साहित्यको महत्त्वपूर्ण र ठूलो क्षेत्रको रूपमा रहेको लोकसाहित्यभित्र लोककथा, लोकगीत, लोकनाटक, गाउँखानेकथासँगै उखानको जन्म भएको मानिन्छ । लोकसाहित्य अन्तर्गत पर्ने उखान लोकोक्तिका रूपमा रहेको छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बोलिने नेपाली तथा अन्य प्राय: सबै भाषिकामा व्यापक रूपमा उखानको प्रयोग गरिन्छ ।

प्रस्तुत शोधपत्र यही पृष्ठभूमिमा रहेर प्युठान जिल्ला अन्तर्गत उदयपुर क्षेत्र ( उदयपुरकोट, तिराम, मर्कावाङ्, स्वर्गद्वारी-खाल तथा नयाँगाउँ गा.वि.स.) लाई विशेष आधार मानी उक्त क्षेत्रमा प्रचलित उखानहरूको अध्ययन गरिएको छ । प्युठान जिल्ला लोकसंस्कृति र रीतिरिवाजका दृष्टिले नेपालका अन्य जिल्ला जस्तै सम्पन्न रहेको पाइन्छ । यहाँको लोकजीवनमा उखानको प्रयोग व्यापक रूपमा सबै तह र तप्काका जनसमुदायले गर्ने गर्दछन् । ग्रामीण परिवेशमा आधारित प्युठानी जीवन भोगाइका क्रममा सर्वसाधारण मानिसहरूले कथनको क्रममा प्रस्तुत गरेका रोचक, सारगर्भित, यथार्थ र वास्तविक उद्गारलाई यहाँ समेट्ने प्रयास गरिएको छ ।

'प्युठान जिल्लामा प्रचलित उखानहरूको अध्ययन विषयक' प्रस्तुत शोधपत्रमा उखानको सैद्धान्तिक परिचय, विशेषता तथा वर्गीकरणसँगै प्युठान जिल्लामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

प्युठान जिल्ला लोकसंस्कृति र साहित्यको दृष्टिकोणले धनी र सम्पन्न रहेको छ । यहाँ मौलिक संस्कारका रूपमा रहेका विधाहरूमध्ये एउटा प्रमुख विधाको रूपमा उखान रहेको छ । लोकसाहित्यका विभिन्न विधाहरू मध्ये उखानमा केन्द्रित रहेर प्युठान जिल्लामा प्रचलित उखानको अध्ययन वर्गीकरण र विश्लेषण गर्नु प्रस्तुत शोधपत्रको मूलभूत समस्या हो । यही मूलभूत समस्याभित्र रही निम्न समस्याहरू समाधान गर्ने प्रयास गरिएको छ :

१. उखान भनेको के हो ? यसको सैद्धान्तिक स्वरूप कस्तो हुन्छ ?
२. प्युठान जिल्लामा के-कस्ता उखानहरू प्रचलित छन् ?
३. प्युठान जिल्लामा प्रचलित उखानलाई के कति आधारमा वर्गीकरण गर्न सकिन्छ ?
४. प्युठान जिल्लामा प्रचलित उखानले लोकजीवनमा के कस्तो सम्बन्ध राखेको छ ? यिनको कसरी विश्लेषण गर्न सकिन्छ ?

## १.३ शोधपत्रको उद्देश्य

कुनै पनि लेखरचनाहरू तथा मानिसले गर्ने कार्यका उद्देश्य रहन्छन् । ‘प्युठान जिल्लामा प्रचलित उखानको अध्ययन’ शीर्षक प्रस्तुत शोधपत्र लेखनका उद्देश्यहरू निम्नानुसार छन् :

१. उखानको सैद्धान्तिक स्वरूप प्रस्ट पार्ने,
२. प्युठान जिल्लामा प्रचलित जनबोलीमा सीमित रही विभिन्न ठाउँमा छरिएर रहेका उखानहरूको सङ्कलन गर्नु,
३. प्युठान जिल्लामा प्रचलित उखानहरूको वर्गीकरण गर्नु,
४. प्युठान जिल्लामा प्रचलित उखान र त्यससँगको लोकजीवनको सम्बन्धबारे विवेचना गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

लोकसाहित्यको महत्त्वपूर्ण विधाका रूपमा उखान रहेको छ । नेपाली लोक जनजीवनमा लोकसाहित्यका अन्य विधाहरूसँगै उखानले जनबोलीमा जन्म लिए पनि मोतीराम भट्टको उदयसँगै क्रमशः उखानले सफल विधाका रूपमा फष्टाउने मौका पाएको देखिन्छ । अनुभव-अनुभूतिका गहनतम् अभिव्यक्तिलाई सारपूर्ण रूपमा समेट्ने काम उखानले गर्दछ । लामो कथन वा विषयवस्तुलाई सरल, सहज एवम् स्वाभाविक रूपमा छोटो

उद्गारका रूपमा व्यक्तगर्ने काम उखानले गर्दछ । नेपाली विद्वान्हरूले विभिन्न ग्रन्थ, कृतिहरू विभिन्न क्षेत्र र जिल्लालाई आधार मानेर अध्ययन अनुसन्धान गरे पनि प्युठान जिल्लाभित्र सीमित रही हालसम्म कसैले अध्ययन गरेको पाइएको छैन । नेपाली भाषा नेपालको राष्ट्रभाषा भएको तथा साहित्य एक ठाउँको निजी सम्पत्ति नहुने हुँदा विभिन्न विद्वान्का कृतिहरूमा प्युठान जिल्लामा प्रचलनमा रहेका उखानहरूको पनि अध्ययन भएको पाइन्छ ।

नेपाली भाषामा उखानको पूर्वाधार केलाउने क्रममा उखानलाई खोज र सङ्कलन गर्ने पहिला व्यक्ति मोतीराम भट्ट हुन् । उनको 'उखानको बखान र जान्ने कथाको संग्रह' भन्ने पुस्तक प्रकाशित भएको छ । भाषासेवी पुष्कर शमशेरको 'नेपाली उखान र टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्यांश, वाक्यपद्धति इत्यादि कोष' खण्ड १ र २ पुस्तक वि.सं. १९०८ मा दार्जिलिङको गोर्खा प्रेसबाट प्रकाशित भएको छ । उक्त पुस्तकमा आठसय उखान सङ्कलित छन् । सत्यमोहन जोशीको, 'हाम्रो लोकसंस्कृति' वि.सं. २०१४ मा प्रकाशित ग्रन्थमा नेपाली उखानको विशेषता र महत्त्वमाथि प्रकाश पारिएको छ । उक्त ग्रन्थमा करिब एकसय पचास जति नेपाली उखानको नमूना प्रस्तुत गरिएको छ । हर्षनाथ शर्मा भट्टराईको वि.सं. २०२३ मा 'नेपाली उखान टुक्का' प्रकाशित भएको छ, जसमा पाँचसय उखानहरू सङ्कलित रहेका छन् । वि.सं. २०२८ मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित 'कर्णाली लोकसंस्कृति' खण्ड ५ मा प्रदीप रिमालले कर्णालीमा प्रचलित उखानको सङ्कलन गरेका छन् । बालकृष्ण सुवेदीको 'राप्ती अञ्चलमा प्रसिद्ध केही उखान टुक्काहरू' शीर्षकको लेख २०२५ सालमा प्रकाशित हाम्रो संस्कृति नामक पत्रिकाको वर्ष ३ अङ्क २ मा छापिएको छ । जसमा उनले जम्मा चौरासीवटा उखानहरू सङ्कलित गरेका छन् । त्यसैगरी विश्वविद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूले शोधपत्रका रूपमा विभिन्न जिल्ला तथा क्षेत्रलाई आधार मानी उखानको अध्ययन र विश्लेषण गरेका छन् ।

नेपाली उखानको अध्ययन र अनुसन्धान गर्ने क्रममा वि.सं. २०३९ मा प्रकाशित कृष्णप्रसाद पराजुलीको 'नेपाली उखान र गाउँखाने कथा' एक उदाहरणीय र उल्लेखनीय कृति हो । उखानको अध्ययन, प्रचलन, विशेषता, वर्गीकरण र विवेचना गरिएको उक्त कृतिमा उखानहरूलाई वर्णानुक्रममा सङ्कलित गरी अर्थ र उदाहरण दिएका छन् । त्यसैगरी उखानको बारेमा अध्ययन तथा विश्लेषण गर्ने अर्का साहित्यकार शिवप्रसाद पौड्याल हुन् । उनको 'नेपाली उखानको विषयात्मक अध्ययन' (वि.सं. २०६०) महत्त्वपूर्ण कृति हो । यसमा उखानको वर्गीकरण गर्दै विषयात्मक अध्ययन र विश्लेषण गर्ने कार्य पौड्यालले गरेका छन् । नेपाली भाषा र लोकसाहित्यको अध्ययनको क्रममा पूर्वदेखि पश्चिमसम्म छरिएर रहेका लोकसुसेली, लोकगाथा, लोकोक्तिहरूको सङ्कलन रहेको, लोकसाहित्यको विवेचना गरिएको

धर्मराज थापा र हंसपुरे सुवेदीको 'नेपाली लोकसाहित्यको विवेचना' (२०४१) प्रकाशित भएको छ । अहिले आएर लोकसाहित्यको विवेचना गर्ने काम तिव्र रूपमा अघि बढेको पाइन्छ ।

राष्ट्रिय स्तरमा लोकसाहित्य अन्तर्गत उखानका बारेमा प्रशस्त विवेचना, विश्लेषण, अध्ययन गरिए पनि प्युठान जिल्लालाई केन्द्रबिन्दु मानी कसैले पनि अध्ययन गरेको पाइएको छैन । प्युठानी लोकजीवनले अत्यधिक मात्रामा उखानहरूको प्रयोग गर्ने गरे पनि उखानले लोकजीवनमा पार्ने प्रभाव बारे कतै विवेचना भएको छैन । यसै विषयवस्तुलाई मध्यनजर राख्दै प्युठान जिल्लामा प्रचलित उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको प्रस्तुत शोध कार्य पहिलो प्रयास हो ।

## १.५ शोधपत्रको महत्त्व र औचित्य

लोकसंस्कार, लोकव्यवहार, चालचलन र जनबोलीमा सीमित रही चलन चल्तीमा रहेका साहित्य, कला, संस्कृति आदिको खोजी नीति तथा अध्ययन अनुसन्धान गर्ने कार्य महत्त्वपूर्ण  कार्य हो । कला र साहित्यको प्रत्यक्ष सम्बन्ध मानव जीवन र मानवसमाजसँग रहेको हुन्छ । यिनै लोकजीवनका मौखिक तथा मौलिक प्रतिभा, कला र साहित्यलाई विषयवस्तु बनाई भाषा र संस्कृतिको विकासका लागि गरिने अनुसन्धानमूलक खोजीनीति तथा विश्लेषणको एउटा सानो तर महत्त्वपूर्ण प्रयास नै शोधपत्र हो । यही विषय परिवेशमा साहित्य तथा लोकजीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने लोकसाहित्यको बारेमा प्युठान जिल्लालाई आधारभूमि मानी अध्ययन गरेको पाइएको छैन । यही कुरालाई दृष्टिगत गरी 'प्युठान जिल्लामा प्रचलित उखानको अध्ययन' विषयक शोधपत्र तयार गरिएको छ । जसमा अध्ययन अनुसन्धानमा परेका तथा नपरेका विभिन्न समूह, वर्ग र पेशाका व्यक्तिहरू तथा ग्रामीण परिवेशका जनबोलीमा सीमित रहेका उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रमा समस्या कथनमा दिइएका समस्याहरूलाई समाधान गरिएको छ । प्युठान जिल्ला र विशेष गरी उदयपुर क्षेत्रलाई आधारभूमि बनाई त्यहाँ प्रचलित उखानहरूको सङ्लन गरिएको छ । उखानको सैद्धान्तिक परिचय प्रस्तुत गर्दै प्युठान जिल्लामा प्रचलित उखानको वर्गीकरण र विश्लेषण प्रस्तुत शोधपत्रमा गरिएको छ ।

'प्युठान जिल्लामा प्रचलित उखानको अध्ययन' विषयक प्रस्तुत शोधपत्रमा उद्देश्यमा आधारित भई उद्देश्यमा उल्लेख गरिएका उद्देश्यहरू यथासक्य पूरा गरिएको छ । उदपयुर क्षेत्रमा प्रचलित उखानहरूको सङ्कलित सूचीलाई विस्तृत रूपमा सैद्धान्तिक नीति र अनुशासनमा रही उद्देश्यकथनमा आएका उद्देश्यलाई प्रस्तुत शोधपत्रले पूरा गरेको छ ।

लोकसंस्कृति र लोकजीवनमा रमेका प्युठानीहरू आफ्ना अनुभव, भोगाइ, कल्पना र सत्यतालाई छोटो र सशक्त उद्गारका रूपमा उखानको प्रयोग गर्ने गर्छन् । परम्परादेखि मौलिक र मौखिक रूपमा कहिँदै आएका र प्युठान जिल्ला विशेषगरी उदयपुर क्षेत्रका उखानहरूलाई प्रस्तुत शोधपत्रमा समेटिएको छ । उखानको सैद्धान्तिक आधारलाई केलाउँदै प्रस्तुत शोधपत्रमा प्युठान जिल्लामा प्रचलित उखानहरूको सङ्कलन गरी तिनलाई संरक्षण गर्ने काम गरिएको छ ।

जनजिब्रोमा मात्र सीमित रही प्युठान जिल्लाभरि छरिएर रहेका उखानहरूलाई एकै ठाउँमा सङ्कलन गरी व्यवस्थित रूपमा अध्ययन गरी तयार पारिएको 'प्युठान जिल्लामा प्रचलित उखानको अध्ययन' विषयक प्रस्तुत शोधपत्र औचित्यपूर्ण रहेको छ । प्रस्तुत शोधपत्रबाट प्युठान जिल्लामा प्रचलनमा रहेका उखानहरूको विषयमा जानकारी लिन चाहने जिज्ञासुहरू एवम् लोकसाहित्यप्रति रुची राखी अध्ययन गर्न चाहनेहरूलाई महत्त्वपूर्ण सहयोग पुग्नेछ । प्रस्तुत शोधपत्रले प्राज्ञिक चिन्तनमा महत्त्वपूर्ण योगदान दिनेछ भने आशा गर्न सकिन्छ । त्यसैले प्रस्तुत शोधकार्य महत्त्वपूर्ण र औचित्यपूर्ण रहेको पुष्टि हुन्छ ।

## १.६ शोधपत्रको सीमाङ्कन

'प्युठान जिल्लामा प्रचलित उखानको अध्ययन' विषयक प्रस्तुत शोधपत्रमा प्युठान जिल्लाभित्र प्रचलित उखानको अध्ययनलाई केन्द्रबिन्दु मानिएको छ । मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत र राप्ती अञ्चलको एक पूर्वी पहाडी जिल्लाभित्र बसोबास गर्ने लोकजीवनमा चलेका उखानहरूको अध्ययन यहाँ गरिएको छ । भौगोलिक तथा सामाजिक रूपमा विभिन्न जात, जाति, भाषा, धर्म तथा संस्कृति, चालचलन रीतिरिवाजमा विश्वास गर्ने प्युठानी समाजमा मौखिक उद्गारका रूपमा रहेका उखानहरूको सङ्कलन गरी सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ ।

राजनैतिक तथा प्रशासनिक रूपमा दुई निर्वाचन क्षेत्र एघार इलाका र उनान्पचास गा.वि.स.मा विभाजन गरिएको प्युठान जिल्ला अन्तर्गत यस अध्ययनले मूलतः उदयपुर क्षेत्रलाई अध्ययनको केन्द्रबिन्दु मानेको छ । उदयपुर क्षेत्र अन्तर्गत उदयपुरकोट, तिराम, मर्कावाङ, स्वर्गद्वारी खाल, कोचीवाङ् तथा नयाँगाउँ गरी ६ वटा गा.वि.स. पर्छन् । प्युठान जिल्लाभित्र विशेष गरी उदयपुर क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजाति, भाषा-भाषी र धर्म संस्कारमा आधारित भई चलनमा रहेका, स्तरीय नेपाली भाषामा चलेका तथा स्थानीय स्तरका भाषिका र लवजमा प्रचलनमा रहेका उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । यसरी 'प्युठान जिल्लामा प्रचलित उखानको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्रको अध्ययन क्षेत्र प्युठान जिल्ला र विशेष गरी उदयपुर क्षेत्र हो ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

'प्युठान जिल्लामा प्रचलित उखानको अध्ययन' विषयक प्रस्तुत शोधपत्रमा सङ्कलित उखानहरूको सङ्कलन र विश्लेषणको क्रममा क्षेत्रीय अध्ययन कार्य र पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ ।

राजनैतिक तथा प्रशासनिक दृष्टिकोणले प्युठान जिल्लालाई दुई निर्वाचन क्षेत्र एघार इलाका र उनान्पचास गा.वि.स.मा विभाजन गरिएको छ । सामग्री सङ्कलनको क्रममा प्युठान जिल्लाका विशेष गरी उदयपुरकोट क्षेत्र अन्तर्गतका विभिन्न ठाउँहरूको स्थलगत भ्रमण गरी किसान-मजदुर, नेता, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, राजनैतिक व्यक्तित्त्वहरू, सर्वसाधारण, नरनारी, बूढाबूढी, युवायुवती, धामी पूजारीहरूको प्रत्यक्ष तथा अप्रत्यक्ष सम्पर्कबाट सामग्री सङ्कलन गरिएको छ । विभिन्न मेलापर्व, सांस्कृतिक कार्यक्रमहरू, सभा, सेमिनार, राजनैतिक दलका कार्यक्रमहरूमा सहभागी भई थप सामग्रीहरू सङ्कलन गरिएको छ । त्यसैगरी प्युठान जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकाहरू: 'प्युठान समाचार', 'माण्डवी', 'सुमन', 'लिस्ने आवाज', 'पानस' तथा विभिन्न विद्यालयका मुखपत्रहरू, साहित्यिक पत्रिकाहरू तथा 'रेडियो प्युठान', 'रेडियो माण्डवी', 'रेडियो लिस्ने आवाज', 'जलजला एफ.एम.' बाट प्रकाशित र प्रसारित विभिन्न कार्यक्रमहरूबाट पनि उखानहरू सङ्कलन गरिएका छन् । क्षेत्रीय अध्ययनको क्रममा मौखिक अन्तर्वार्ता, प्रश्नोत्तर छलफल, शोधपुछ आदिबाट पनि सामग्रीहरू सङ्कलन गरिएका छन् ।

पुस्तकालयीय अध्ययन विधिका आधारमा लोकसाहित्य तथा यससँग सम्बन्धित सैद्धान्तिक आधारहरू प्रस्तुत गरी शोधपत्र तयार पारिएको छ । यस क्रममा विभिन्न विद्वान्हरूका प्रशस्त ग्रन्थहरूको मद्दत लिइएको छ । जुन सन्दर्भग्रन्थ सूचीमा दिइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

'प्युठान जिल्लामा प्रचलित उखानको अध्ययन' शीर्षक शोधपत्रलाई शोधका नियम र अनुशासनमा रही व्यवस्थित एवम् सुगठित पार्नको लागि पाँच परिच्छेदमा विभाजन गरी आवश्यकता अनुकूल शीर्षक तथा उपशीर्षक दिई निम्नानुसारको रूपरेखामा संगठित गरिएको छ :

पहिलो परिच्छेद : शोध परिचय
दोस्रो परिच्छेद : उखानको सैद्धान्तिक परिचय
तेस्रो परिच्छेद : प्युठान जिल्लामा सङ्कलित उखानहरू
चौथो परिच्छेद : प्युठान जिल्लामा प्रचलित उखानको वर्गीकरण एवम् विश्लेषण
पाँचौ परिच्छेद : उपसंहार

# दोस्रो परिच्छेद
# उखानको सैद्धान्तिक परिचय

## २.१ उखानको परिचय र परिभाषा

उखान कुनै पनि जाति तथा समुदायको सशक्त र महत्त्वपूर्ण उद्गार हो । लोकव्यवहारमा अनुभवका चुट्किला र गहकिला उक्ति, सामाजिक नीति निर्देशन शिक्षा दृष्टान्त, उपमा आदिका रूपमा उखानहरू सूत्रबद्ध भएर प्रयोग हुन्छन् । यस्ता उक्तिहरू सर्वप्रथम  भाषामा कथ्यका माध्यमबाट घुस्न पुग्छन् । नेपाली जनजिब्रोमा आधारित रहेर मौलाएको महत्त्वपूर्ण विधा उखान हो, जसले आलङ्कारिक तथा व्यङ्ग्यात्मक रूपमा अभिधेयार्थ र लक्ष्यार्थ भावलाई समेटेको हुन्छ । नेपाली भाषामा उखान शब्द संस्कृत भाषाको 'उपाख्यान' शब्दबाट जन्मिएको हो ।' 'उपाख्यान' एक किसिमको कथा हो भने उखान एउटा न एउटा लोक अनुभवलाई बोक्ने तथा लोक विश्वासलाई सूत्रबद्ध रूपमा पोख्ने खिरिलो उद्गारका रूपमा प्रचलित छ । (पराजुली, २०६५ : २१) नेपाली भाषा तथा भाषिकामा उखानलाई आहान, आन, किस्सा, लोकोक्ति आदि नामले पनि चिनिन्छ ।

विश्वका प्रायः सबै भाषा र भाषिकाहरूमा उखानको विशिष्ट स्थान रहेको छ । उखानलाई विभिन्न भाषामा भिन्न-भिन्न नामले चिनिन्छ । अङग्रेजीमा प्रोभर्व, हिन्दीमा कहावत, लोकोक्ति, बङ्गालीमा प्रवाद लोकोक्ति, संस्कृतमा सुभाषित, लोकोक्ति, गुजरातीमा उखाणु, गढवालीमा उक्खाण, पखान जस्ता शब्दले उखानलाई पुकारिन्छ ।

कथनलाई ओजस्वी बनाउन, बोलिचाली तथा लेखन भाषामा उखानको प्रचुर प्रयोग भएको हुन्छ । जीवन भोगाइका क्रममा आइपर्ने हरेक कठिनाइ, बाधा, अड्चन, सुख-दुःख हाँसोठट्टाका अनुभवका आधारमा उखान सिर्जिएका हुन्छन् र जनबोलीमा आधारित भई एक कान दुई कान हुँदै लोक जीवनमा छरिएका हुन्छन् । उखान मानव जीवनका सबैपक्षहरूलाई सूत्रबद्ध रूपमा व्याख्या गर्ने लोकजीवनको सशक्त उद्गार हो । लोकसाहित्यको फाँटमा मूल्यवान सम्पत्तिका रूपमा उखान रहेको छ । हाम्रो जीवन परम्परामा स्वीकार गरिने धार्मिक, नैतिक एवम् विविध सामाजिक क्रियाकलापहरू छन्, यिनै क्रियाकलापहरू मानिसमा आ-आफ्नै बुद्धि, विवेक सोचाइ तथा धारणा अनुसार विभिन्न अनुभूतिहरूको सिर्जना भएको हुन्छ र सारपूर्ण रूपमा ती अभिव्यक्तिहरू छोटो छरितो र चसक्क हृदयमा बिभ्ने खालका हुन्छन् ।

उखान लोकजीवनका अनुभूतिको खँदिलो प्रकाशन हो, सानो टुक्रा उखानको पनि परिपक्व अनुभवको निचोड दिँदै लोकव्यवहारमा गहकिला कुराको बोध गराउँछ ।' (पराजुली, २०६५ : २१)

उखानका अध्येता कृष्णप्रसाद पराजुलीले निम्न बुँदाहरूमा उखानको परिचय दिएका छन् :

१) लोकअभिव्यक्तिका फाँटमा हरेक उखानले लघुकथन वा संक्षिप्त उक्तिको रूप लिएको हुन्छ । उखानको सिङ्गो ढुकुटी चाहिँ लोकसाहित्यको एक विधाका रूपमा स्वीकृत छ ।

२) उखान प्रत्येक जाति वा समाजका भाषिक समुदायमा मार्मिक तथा परिपुष्ट साझा अनुभवद्वारा विकसित हुन्छन् र तिनमा दृष्टान्तमूलक एवम् सूत्रात्मक अभिव्यक्ति पाइन्छन् ।

३) उखानहरू मूलतः कथ्य भाषाबाट विकसित भएता पनि लेख्य भाषामा पनि क्रमश : तिनको यथेष्ट प्रवेश र प्रयोग हुँदै गएको पाइन्छ ।

४) हरेक उखान कसिलो र छरितो रूपमा आएको गद्य, उद्गार, गद्यकथन वा गद्य उक्ति हो । उखान पद्य नभए तापनि यसमा सूत्रात्मक गद्यकथनमा पाउन सकिने लयात्मक झङ्कार वा सङ्गीतमय ध्वनि तथा शब्दविन्यास र तुकबन्दीसमेत पाइन्छ । यसमा अनुप्रासको छटा पनि रहन्छ ।

५) उखानको अस्तित्त्व प्रयोगमा हुन्छ । प्रयोगले नै अभिव्यक्तिका क्रममा उखानलाई चटनी जस्तो बनाउँछ । यसमा विभिन्न सादृष्य-मूलक विम्बद्वारा प्रस्तुत कथन मार्मिक र टड्कारो पार्ने प्रयास पनि हुन्छ । (पराजुली, २०६५ :२१)

उखानहरू मूलतः पूर्खाहरूले छाडेको गहनतम् र मूल्यवान् साझा सम्पत्ति हुन् । आचार, विचार, मानव स्वभाव, ऐतिहासिक नैतिक सुक्ति, धार्मिक परम्परा ज्ञान विज्ञानका अमूल्य निधिका रूपमा उखानलाई स्वीकार्न सकिन्छ । लोकसाहित्यको विशिष्ट स्तम्भका रूपमा उखान प्रयोग भएका छन् । उखानमा मानव जीवनका सुख दुःख, हर्ष, विषाद, प्रेम, घृणा, उन्नति, अवनति सफलता असफलता, रीतिथिति आदिको सफल चित्रण भएको हुन्छ ।

उखानका परिभाषा बारे पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले आ-आफ्ना उद्गारहरू प्रस्तुत गरेका छन् । 'उखान झुटो बोल्दैनन्' भन्ने खालका परिभाषाहरू पनि विभिन्न भाषामा प्रचलित देखिन्छन् । सत्यका कारणले नै उखान चिरकालसम्म जीवित रहन्छन् र

ज्ञानका संक्षेपीकरणका रूपमा ती उखान सामूहिक सम्पत्ति हुन् भन्ने कुराको निष्कर्ष ती परिभाषामा पाइन्छ । (पराजुली २०६५: २१) उखानका सम्बन्धमा पाश्चात्य, भारतीय र नेपाली विद्वान्हरूले दिएका केही परिभाषाहरू निम्न प्रकार छन् :

उखानका सम्बन्धमा पाश्चात्य जगत्का विद्वान्हरूका परिभाषाहरू :

१. तत्त्वज्ञानको भग्नावशेषबाट खोजेर फेला पारेका र जोगाएर राखिएको अमूल्य टुक्रा उखान हो । - अरस्तु

२. उखान व्यवहारिक जीवनमा मार्गदर्शक उक्ति हो । - फीस्ते

३. जनताबाट हमेसा प्रयोग भइरहने संक्षिप्त उक्ति नै उखान हो । - जोन्सन

४. उखान त्यस्तो अनमोल मणि हो, जो देख्दा सानो भए पनि अनन्तरूपी औँलामा हमेशा चम्किरहेको हुन्छ । - टेनिसन

५. उखान भनेको अज्ञात व्यक्तिको रचना हो । - ट्रेन्च (पौड्याल, २०६० : ६)

उखानका सम्बन्धमा भारतीय विद्वान्हरूका परिभाषा यस प्रकार छन् :

१.. उखान जीवनका सामान्य सुख-दुःख, रीति-नीति, आचार-विचार, मिथ्या आडम्बर, व्यङ्ग्य-विनोद आदि कुरामा सम्बद्ध चमत्कारिक, सामाजिक उक्ति हुन् ।
- श्री विक्रमादित्य मिश्र (कहावतकोश)

२. उखानले मानवीय ज्ञान र अनुभवलाई गाढा रूपमा तथा सहज ढङ्गमा धारण गरेको हुन्छ । - कुन्दनलाल उप्रेती

३. उखान लोकअनुभवका वृद्धिवैभवका सुन्दर अभिव्यक्रि हुन् ।
- सरोजनी रोहतगी

४. उखानमा वर्णित विषयवस्तु लोकसमुदायको समवेत अभिज्ञता र प्रत्यक्ष ज्ञानमा आधारित हुन्छ । - सुनीति कुमार (राजस्थानी कहावते) (पौड्याल, २०६०,७-८)

उखानलाई नेपाली विद्वान्हरूले सूत्रात्मक रूपमा यसरी परिभाषित गरेको पाइन्छ :

१. उखान भाषाको ज्यान हो, जातिका अनुभवको सार हो ।-पारसमणि प्रधान

२. स्थानान्तरले गर्दा उखानको रूप फरक पर्न जान्छ अथवा एक ठाउँमा खुब प्रचलित भएको उखान वा वाक्यांश अर्को ठाउँमा सुनिदै नसुनिन पनि सक्छ ।
- पुष्कर शमशेर

३. उखान प्रत्येक जाति वा समाजका भाषिक समुदायमा मार्मिक तथा परिपृष्ट साझा अनुभवद्वारा विकसित हुन्छन् र तिनमा दृष्टान्तमूलक एवम् सूत्रात्मक अभिव्यक्ति पाइन्छ । - कृष्णप्रसाद पराजुली (पराजुली २०६५:२१)

४. उखान वास्तवमा हाम्रा पुर्खाहरूले घामपानी र हुरीसँग संघर्ष गर्दै आर्जन गरेका निधि हुन् । - बालकृष्ण पोखेल (राष्ट्रभाषा : १२०)

५. लोकोक्ति भनेको पदलालित्यले हिसी परेका, लाक्षणिक भावपूर्ण भएका उक्ति नै लोकोक्ति हुन् । एक किसिमले उखान भनेको एक हृदयकोष हो, जसको प्रयोग ठाउँ र बेला हेरी हुन्छ । - सत्यमोहन जोशी (पौड्याल, २०६०: ९)

६. लोकोक्ति भनाइलाई रोचक र घतिलो बनाई प्रामाणिक किसिमले पुष्ट्याइँ गर्ने एक प्रकारको आधारशिला पनि हो । यसले वाक्य विन्यासलाई ओजपूर्ण र गतिशील, मिठो र रमाइलो बनाउँछ - धर्मराज थापा र हंसपुरे सुवेदी

यसरी उखानका विषयमा पाश्चात्य, भारतीय तथा नेपाली विद्वान्हरूले आफ्नै शैली तथा तरीकाबाट पारिभाषा दिएका छन् । सबै विद्वान्हरूको परिभाषा उत्तिकै तर्कपूर्ण र परिभाषित भए पनि उखानको समग्र पक्षलाई ओगट्न सकेको पाइदैन । उपर्युक्त परिभाषाहरूको आधारमा के भन्न सकिन्छ भने उखानहरू लोकअनुभवबाट खारिएर प्रष्फुटित भएका सूत्रात्मक कथन वा टुक्राहरू हुन्, तिनमा व्यवहार ज्ञान, नीति तथा सकारात्मक सन्देश प्राप्त गर्न सकिन्छ । ती सन्देशहरू मार्गनिर्देशनको रूपमा अभिव्यक्त गरिएको हुन्छ । उखानले दुई चार शब्दमै धेरै कुरा बताउँछ । समाजको वास्तविक प्रतिबिम्ब उतार्ने उखानले समाजको ऐनाको रूपमा काम गरेको हुन्छ ।

## २.२. उखानको अन्य विषयसँगको सम्बन्ध

लोकसाहित्य अन्तर्गतको महत्त्वपूर्ण विधा उखान हो, जसले सूत्रात्मक रूपमा विषयवस्तु वा कथनलाई प्रस्तुत गर्ने कार्य गर्दछ । लामो कथा, कथानक, घटना, इतिहास तथा पुराणका विषयवस्तुहरूलाई छोटो छरितो रूपमा नीति, उपदेश तथा व्यङ्ग्य अर्थ प्रदान गर्ने कार्य उखानले गर्दछ । नेपाली लोकसाहित्य अन्तर्गत उखान, टुक्का, गाउँखाने कथा, लोकगीत, लोकनाटक लोककथा जस्ता विशिष्ट विधाहरू पर्दछन् । हाम्रो समाजले परम्परागत र धार्मिक मान्यतालाई अनुसरण गरी काम काजहरू गर्ने भएकाले ऐतिहासिक, पौराणिक तथा लौकिक, इतिहास, पुराण, धर्म र संस्कृतिलाई आत्मसात गर्ने काम लोकसाहित्यले गर्दछ । लोकसाहित्य अन्तर्गत पर्ने विधाहरू मध्ये उखानको टुक्का तथा गाउँखाने कथासँग निकटताको सम्बन्ध पाउन सकिन्छ ।

### २.२.१ उखान र टुक्काको सम्बन्ध

लोकसाहित्यको विधागत चिनारीमा उखान र टुक्कालाई एकै साथ भन्ने प्रचलन रहेको पाइन्छ । सामान्य बोलचालमा उखान र टुक्कालाई एउटै वर्गमा राखेर बोल्ने गरिन्छ । झट्ट हेर्दा उखान र टुक्का एकै होलान् जस्तो लाग्छ तापनि यी दुवैमा सूक्ष्म रूपमा केलाएर हेर्दा भिन्नता रहेको पाइन्छ । प्रयोगको मर्मस्थल पहिल्याएर यिनका संरचनागत र अर्थगत वैशिष्ठ्यलाई विश्लेषणका आँखाले नियाल्दै जाँदा यी दुईका बीच टड्कारो भेद देखा पर्दछ । नेपाली विद्वान् पुष्कर शमशेरले उखान र टुक्का छुट्याउने आफ्नो आधार प्रस्तुत गरेका छन् ।

पुष्कर शमशेरका अनुसार कथन एक टुक्का मात्र छ अर्थात् पदावलीले एउटा मात्रै काम भएको बुझाउँछ भने टुक्का दुई टुक्रा पर्‍यो भने एउटा काम हुँदा अर्को काम भयो भने उखान हुन्छ । (पौड्याल, २०६० : ३३)

उखान र टुक्का एक अर्कामा समानता हुँदाहुदै पनि यिनमा अत्यधिक मात्रामा भिन्नता पनि देखिन आउँछ । टुक्का एक अपूर्ण वाक्यको रूपमा प्रयोग भएको छ । मानव जीवनमा आइपर्ने हर्ष, विषाद, दुःख, सुख, प्रेम, घृणा, धर्म, अर्थ, सामाजिक एवम् आर्थिक, सांस्कृतिक सबै पक्षको कुशल अभिव्यञ्जना उखानमा भएको हुन्छ । अर्थगत हिसाबले उखान र टुक्का दुवैको अर्थ व्यापकता रहेकाले लेख्य र कथ्य भाषामा प्रचुर मात्रामा प्रयोग हुन आएका छन् । रूपात्मकता, अर्थविधान र प्रयोजनका दृष्टिकोणले दुवैमा भिन्नता देखिन्छ । अभिधागत र व्यञ्जनागत रूप धारण गरेर सूत्रात्मक रूपमा उखान टुक्काको प्रयोग भएको हुन्छ ।

प्रायः प्रत्येक उखानले कुनै खास लोक सत्यलाई बहन गरेको हुन्छ र आफ्नो आख्यान सीमामा नखुम्चिई व्यञ्जनाबोध्य तात्पर्यसमेत ग्रहण गरेको पाइन्छ । उखानमा व्यञ्जना शक्तिको प्रधानता रहेको हुन्छ । दृष्टान्तबाट अभिप्रेरित उखानले भाषिक अभिव्यक्तिमा नयाँ चमत्कार थपेको हुन्छ । टुक्का विशेष गरी लक्ष्यार्थ प्रधान रहेको हुन्छ । उखानमा जस्तै दृष्टान्त धर्मिता आएपनि टुक्का आख्यानात्मक तत्त्व नभई भाषालाई गतिशिल र रोचक बनाउने विलक्षण अर्थ निहित रहन्छ । पदावली र सानो वाक्यांश लाक्षणिक रूपमा प्रयोग भई टुक्काले सारगर्भित अर्थ दिन्छ ।

टुक्कालाई संस्कृतमा वाग्धारा, वाग्पद्धति, अंग्रेजीमा इडिएम, उर्दुमा मुहावरा भनिन्छ । नेपाली भाषामा तुक्का पनि भन्ने गरेको पाइन्छ । नेपाली टुक्कामा कृष्णप्रसाद पराजुलीले एक पक्षीय र दुई पक्षीय टुक्का भनी विभाजन गरेका छन् । एक पक्षीय टुक्का 'गाइजात्रे' तर 'लक्ष्यार्थ' हास्यास्पद अर्थलाई बहन गरेको छ । दुई पक्षीय वा अनेक पक्षीय

टुक्कामका आखाँ चिम्लनु, तोरीको फुल देख्नु आदिले लक्ष्यार्थलाई प्रतीत (सङ्केत) गरेका छन् । क्रियामुक्त र क्रियायुक्त दुवै प्रकारका टुक्का नेपालीमा प्रयोग भएका छन् ।

उखान र टुक्कामा पाइने समानता र भिन्नतालाई क्रमश : प्रस्तुत गरिन्छ :

### २.२.१.१ उखान र टुक्कामा पाइने समानता

नेपाली समाजमा उखान र टुक्कालाई एकै ठाउँमा राखेर उखान र टुक्कामा भिन्नता नदेखाई समान रूपमा हेर्ने गरेको देखिन्छ । नेपाली भाषा र साहित्यलाई खँदिलो तुल्याउने र सिंगार्ने काममा उखान टुक्काहरू निकै प्रभावशाली हुन्छन् । झर्रो नेपाली भाषाको विकाश गर्ने क्षेत्रमा पनि यी उखान टुक्काले महत्त्वपूर्ण सघाउ पुऱ्याउँछन् किनभने उखान टुक्काको इतिहास पनि नेपाली भाषाको जत्तिकै पुरानो छ । यी उखान टुक्कालाई शिक्षितदेखि अशिक्षितसम्म सबैले प्रयोग गर्ने गर्छन् । उखान र टुक्कालाई एकै ठाउँमा राखी समानता देखाउने विद्वान्हरू प्रदीप रिमाल विजय चालिसे, देवीप्रसाद वनवासी आदि हुन् । (पौड्याल, २०६० : ३५) । बुँदागत रूपमा उखान र टुक्कामा पाइने समानता यस प्रकार छन् :

१ उखान र टुक्का दुवै लोकसाहित्य अन्तर्गत पर्दछन् ।

२.: शिक्षित अशिक्षित दुवैले यिनको प्रयोग गर्न सक्छन् ।

३. भाषाको उत्पत्ति सँगै दुवै विधाको जन्म भएको पाइन्छ ।

४. भनाइलाई रोचक, प्रभावकारी तथा संकेतार्थक उद्‌गारका रूपमा प्रयोग गरिन्छ ।

### २.२.१.२ उखान र टुक्कामा पाइने असमानता

कतिपय विद्वान्हरूले उखान र टुक्कालाई एउटै रूपमा अर्थ्याउने काम गरे पनि धेरै विद्वान्हरूको मत र विधागत अध्ययन गर्दा यी दुईमा ठूलो भिन्नता रहेको पाइन्छ । उखान र टुक्काको पारस्परिक अन्तरलाई कृष्णप्रसाद पराजुलीले निम्न बुँदामा प्रस्तुत गरेका छन् । ( पराजुली २०६५ : २५-२६)

१. उखानमा व्यञ्जना अर्थको प्राधान्य हुन्छ भने टुक्का मूलत : लक्ष्यार्थमा आधारित हुन्छ ।

२. उखान प्रायः वाक्यरूप हुन्छन् टुक्काचाहिँ पदावली वा वाक्यांशमात्र हुन्छन् । उखानमा कतै कतै अघिपछि पर्ने बाहेक शब्दपरिवर्तनको कम सम्भावना रहन्छ । टुक्कामा चाहिँ अन्य रूपायन हुदैन र पर्याय शब्द राख्दा पनि मिल्दैन तर यसका बहुविध क्रिया भने व्याकरणका नियम अनुसारै फेरिन्छन्, जस्तो 'आँखा लाग्नु' टुक्काबाट आँखा लाग्छ, आँखा लाग्यो , आँखा लाग्ला, आँखा लागेर आदि रूप बन्छन् ।

३. उखान नीति साहित्य अन्तर्गत आउँछ । टुक्का भने नीतिपरक नभएर लक्षणात्मक हुन्छ । अर्थका दृष्टिले पनि उखान स्वत : पूर्ण हुन्छ टुक्का चाहिँ अपूर्ण हुन्छ ।

४. उखान कुराकानीका प्रसङ्गमा आउने दृष्टान्तमूलक कथन हो भने टुक्का अनुक्रम मिलेको कार्यव्यापार मात्र हो । उखानको प्रचलन भिन्न अस्तित्त्वका रूपमा भएको देखिन्छ, टुक्का भने साधारण अर्थभन्दा बेग्लै र विलक्षण अर्थमा रुढ हुन्छ र वाक्यमा मिलेपछि नै यसको विशिष्ट अर्थ हुन्छ ।

५. सबै उखानको प्रयोग लोकोक्ति अलङ्कारका रूपमा हुन्छ तर टुक्काको प्रयोग शब्दशक्तिका निम्ति हुन्छ ।

६. उखान गद्यात्मक र पद्यात्मक दुवै हुन्छन् टुक्का गद्यात्मक मात्र हुन्छन् । उखान लघुआकार र टुक्का लघुत्तर आकारको हुन्छ ।

७. उखानमा लोकजीवनका समान अनुभव वा दृष्टिकोण पाइन्छन् । कतै कतै त यस्ता उखान भाषान्तरण र रूपान्तरण मात्रै पो हुन् कि भन्ने झल्को पनि लाग्छ । टुक्काका सम्बन्धमा भने यस किसिमको समानता नपाइने हुनाले यस्तै हुन्छ भन्ने ठोकुवा गर्न सकिन्न । विभिन्न विद्वान्हरूको उखान तथा टुक्कासम्बन्धी धारणा, परिभाषा तथा अभिव्यक्तिलाई हेर्दा बुँदागत आधारमा उखान टुक्कामा पाइने भिन्नतालाई निम्न तालिका अनुसार प्रस्तुत गर्न सकिन्छ :

| | उखान | | टुक्का |
|---|---|---|---|
| १. | लघु आकारको हुन्छ । | १. | लघुत्तर आकारको हुन्छ । |
| २. | यो पूर्ण उक्ति हो, लोकोक्ति अन्तर्गत पर्दछ । | २. | पूर्ण उक्ति होइन, शब्दशक्ति अन्तर्गत पर्दछ । |
| ३. | यसमा व्यङ्ग्यार्थको प्रधानता रहन्छ । | ३. | यसमा लक्ष्यार्थको प्रधानता रहन्छ । |
| ४. | दृष्टान्तमूलक र कथ्य प्रधान हुन्छ । | ४ | दृष्टान्तमूलक र कथ्यप्रधान हुदैन । |
| ५. | यो नीतिपरक हुन्छ । | ५. | यो नीतिपरक हुदैन । |
| ६. | प्रसङ्ग अनुसार स्वतन्त्र प्रयोग हुन सक्छ । | ६. | वाक्यभित्र मात्रै प्रयोग हुन सक्छ । |
| ७. | उखानले आफ्नो स्वतन्त्र अर्थ दिन्छ र | ७. | वाक्यमा प्रयोग भएपछि मात्र अर्थिन पुग्दछ । |
| ८. | वाक्यबाट उखान झिक्दा केही फरक पर्दैन | ८. | वाक्यबाट टुक्का झिक्दा वाक्यको बनोट नै भत्किन्छ । |
| ९. | उखान गद्य-पद्य दुवै हुन्छन् । | ९. | टुक्का गद्यमा मात्र सीमित रहन्छ । |
| १०. | संरचना वाक्यस्तरीय हुन्छ । | १०. | संरचना पद समूहमा सीमित रहन्छ । |
| ११. | उखान ज्ञान र अनुभवमा आधारित हुन्छ । | ११. | यो अभिव्यक्तिको प्रकारमा आधारित हुन्छ । |

नेपाली भाषामा गहनाको गुणहरू बोकेर आउने उखानटुक्काहरूमा सामान्यतया भिन्नता भए पनि सत्यतामा यी दुवै बराबर छन् । भाषा र साहित्यलाई माथि उकास्न उखान टुक्काले निकै ठूलो भूमिका निर्वाह गरेका छन् । नेपाली भाषा र साहित्य उखान टुक्काले निकै धनी छ ।

### २.२.२. उखान र गाउँखाने कथाको सम्बन्ध

उखान जस्तै गाउँखाने कथा पनि लोकोक्तिका रूपमा प्रचलित लोकसाहित्यको श्रव्य विधा अन्तर्गतको एक उपविधा हो । गाउँखाने कथाका रूप पनि उखान जस्तै छोटा छरिता वाक्यात्मक रूपका उक्ति हुन् । मानिसहरू दैनिक काम सकेर फुर्सदको बेला बसिवियाँलो गर्दा दुईचार जना एकै ठाउँमा भेला भएर हाँसो ठट्टाका कुरै कुराले अड्का थाप्ने र फुकाउने चलन मानव समाजकै आदिम स्वभाव हो । यो परम्परा नेपाली समाजमा गाउँखाने कथाका नामले जीवित रहेको छ । दैनिक व्यवहार तथा बसाउठीमा मानिस बुद्धि परीक्षाका निम्ति आफ्नो कथन घुमाएर प्रश्नको रूपमा सोध्ने गर्दछ । त्यसबेला ऊ अरूले सहजै बुझ्न नसक्ने भाषाको प्रयोग गर्न थाल्छ । र वातावरणलाई रोचक तुल्याउँछ । वस्तुतः यही कथनले गाउँखाने कथाको रूप धारण गर्दछ । (पराजुली २०६५ : १७४)

नेपाली लोकसाहित्यका सङ्कलक सत्यमोहन जोशीले गाउँखाने कथाका बारेमा भनेका छन्; 'गाउँ खाने कथामा गाउँघरे मानिसको हृदयको उद्‌गारमा तिखारिएको वुद्धिको देन पनि देखा पर्दछ, जुन मामुली भए पनि अर्थपूर्ण हुन्छ र समस्यापूर्तिका रूपमा प्रश्न बनेर सबको सामु खडा हुन्छ । (जोशी, २०१४ : २६)

विद्वान्‌हरूको गाउँखाने कथासम्बन्धी उपर्युक्त धारणाबाट के थाहा पाउन सकिन्छ भने गाउँखाने कथा ग्रामीण परिवेश र नेपाली लोकजीवनमा दुःख पीडा बिर्साउने साहित्यिक अभिव्यक्ति हो । सामान्य तर बौद्धिकतापूर्ण तरिकाले प्रश्न सोध्ने छोटो र सरल जवाफको अपेक्षा गाउँखाने कथामा हुन्छ । सही उत्तर दिन नसक्दा गाउँ नै बुझाउनु पर्ने रमाइलो पक्ष पनि गाउँखाने कथामा रहेको छ ।

### २.२.२.१ उखान र गाउँखाने कथामा पाइने समानता

विभिन्न विद्वान्‌हरूको उखान तथा गाउँखाने कथासम्बन्धी परिचय, परिभाषा र धारणालाई आधार मान्दा यी दुई विधाका बीचमा केही समानता रहेको पाइन्छ । जसलाई बुँदागत रूपमा प्रस्तुत गरिन्छ :

१. उखान र गाउँखाने कथा दुवै लोकसाहित्य अन्तर्गतका उपविधा हुन् ।
२. यी दुवै मौखिक रूपमा सरल, सहज र रोचक ढङ्गमा प्रस्तुत गरिन्छ ।

३. यी दुवै लोकोक्ति अन्तर्गत पर्दछन् ।

४. यी दुवैले उद्गार वा कथनलाई रोचक बनाउने गर्दछन् ।

५. उखान र गाउँखाने कथा दुवै लघु आकारका लयात्मक तथा गद्यात्मक हुन्छन् ।

६. एउटै भनाइ वा कथन उखान वा गाउँखाने कथा दुवै बन्न सक्छ । जस्तै : 'हात्ती छिऱ्यो पुच्छर अड्क्यो', 'आमा भन्दा छोरी बोक्सिनी' उखानको रूपमा प्रयोग हुँदा यिनको अर्थ क्रमशः धेरै काम सकिए पनि सानो कामले अड्काउनु र माउ भन्दा चल्ला बाठा भन्ने बुझिन्छ । त्यसैगरी गाउँखाने कथाको रूपमा हेर्दा क्रमशः सियो र धागो तथा खुर्सानी भन्ने अर्थ लाग्छ । यसरी उपर्युक्त बुँदालाई आधार मान्दा यी दुईमा समानता पाउन सकिन्छ ।

## २.२.२.२. उखान र गाउँखाने कथामा भिन्नता

उखान र गाउँखाने कथामा केही समानता पाइए पनि गहन रूपमा अध्ययन गर्दा दुवैमा ठूलो भिन्नता पाउन सकिन्छ । उखान खिरिलो उद्गारका रूपमा प्रयोग हुन्छ भने गाउँखानेकथा प्रश्नोत्तरात्मक ढाँचामा सोध्ने गरिन्छ ।

उखान र गाउँखाने कथाको बीचमा देखिने अन्तरलाई कृष्णप्रसाद पराजुलीले बुँदागत रूपमा यसरी देखाएका छन् :

१. उखान र गाउँखाने कथा दुवै लोकोक्ति हुन् तर रूप, विषय र प्रस्तुतीका दृष्टिमा दुवै भिन्न छन् ।

२. उखानको संरचना विधि, निषेध प्रश्न, प्रश्नोत्तर आदि किसिमबाट हुन्छ तर गाउँ खाने कथाको संरचना त्यसरी नै भए पनि यसको परिणति भने प्रश्नोत्तरात्मक नै हुन्छ ।

३. उखान सूत्रबद्ध हुन्छ । यसको भाव घनीभूत हुन्छ । गाउँखाने कथा चाहिँ बुद्धि तिखारिएका फाँटमा विकसित हुन्छ र यसमा अभिष्ट अर्थ प्रकट हुने कुरालई गोप्य राख्ने चेष्टा गरिन्छ ।

४. उखानको प्रयोग कथ्य र लेख्य दुवै क्षेत्रमा नै हुन्छ । तर गाउँखाने कथाको प्रयोग मूलत : कथ्य क्षेत्रमा नै हुन्छ ।

५. उखान प्रायः व्यञ्जनात्मक हुन्छन् । गाउँखाने कथा सङ्केतमूलक वा प्रतीकात्मक कथन र उत्तरका प्रक्रिया मै टुङ्गिन्छ ।

६. उखान अन्तर्भूत हुन्छ तर गाउँखाने कथा अड्का हाल्ने वा जान्ने कथाका रूपमै अलग रहन्छ ।

यसरी उखान र गाउँखाने कथाका बीचमा रहेको फरकले गर्दा यी दुई एउटै नभई फरक विधा भएको कुरा प्रमाणित हुन्छ ।

## २.३. उखानका विशेषता

उखानहरूमा व्यवहारिक जीवनको यथार्थ दृष्टान्त पाइन्छ । उखान विनाको भाषा अपूर्ण हुन्छ । हरेक समाज र भाषिक समुदायमा प्रशस्त मात्रामा पाइने उखानहरूले त्यहाँको भाषाको संरचनात्मक अवस्थालाई अवगत गराउँछन् । नैतिक आदर्श, सामाजिक मर्यादा, ऐतिहासिक झलक तथा आर्थिक अवस्थाको साङ्केतिक भाव दिने उखानको भाषिक महत्त्व पनि त्यतिकै छ । उखानमा श्रोताको मनलाई विशेष प्रभाव पार्ने शक्ति रहेको हुन्छ । उखानमा अभिधामूलक अर्थ भन्दा लाक्षणिक वा दृष्टान्तमूलक अर्थको प्रधानता रहन्छ । भाषिक रूपमा प्रयोग हुन आउने उखानले वास्तविक सत्यलाई पुष्टि गर्दछन् । भाषालाई नयाँ मिठासपूर्ण बनाउनु उखानको मूलभूत विशेषता हो ।

उखान भाषिक अभिव्यक्तिको रूपमा प्रयोग हुने शक्तिमय कथन हुन् । उखानको उक्ति वैचित्र्य लाक्षणिक र व्यञ्जनात्मक अर्थ चमत्कारले भाषालाई प्रभावकारी बनाउँदै र भाषा रसिलो, भरिलो र मिठो बन्छ । गाग्रोमा सागर भर्न सक्ने ज्ञानको भण्डार उखानमा निहित रहन्छ । जीवन जगत्का सत्य तथ्य घटना र अनुभूति आदि विषयलाई उखानले सूत्रात्मक रूपमा प्रस्तुत गरेको हुन्छ । सामाजिक, साहित्यिक र भाषा शास्त्रीय दृष्टिकोणले पनि उखानको विशेषता छ र त्यसको अध्ययनको महत्त्व रहन्छ । (पराजुली, २०६५ : ३१)

उखान छोटो, छरितो र कसिलो गद्य कथन हो, यसमा सूत्रात्मक गद्य उद्गारमा पाइने लयात्मक, तुकबन्दी युक्त शब्दविन्यास एवम् अनुप्रासको संयोजन पाइन्छ । ठीक ठाउँ र उचित प्रसङ्गमा उखानहरूको प्रयोगले भाषा ओजपूर्ण बन्न जान्छ । भावनात्मक तीक्ष्णता व्यङ्ग्यात्मक शैली, प्रतीकात्मक दृष्टान्त र तुकबन्दीयुक्त र मार्मिक उखानहरू अत्यन्तै अभिरुचिका साथ लोकजीवन एवम् साहित्यिक रचनामा प्रयोग गरिन्छ । लोकअभिव्यक्तिका रूपमा दृष्टान्तमूलक कथनलाई जीवन्त रूप दिनु उखानको विशेषता हो ।

यसरी उखानले एकातिर भाषिक अभिव्यक्तिलाई स्तरीयता, जीवन्तता, सरसता तथा अर्थगाम्भीर्य बनाइदिन्छ साथै भाषालाई रोचक र प्रभावकारी बनाउँछ । उखानका विशेषतालाई विभिन्न विद्वान्हरूले आ-आफ्नो किसिमले प्रस्तुत गर्दै आएका छन् । यहाँ पाश्चात्य, भारतीय र नेपाली विद्वान्ले उखानका विशेषताको बारेमा राखेका विचारलाई क्रमशः प्रस्तुत गरिन्छ ।

विभिन्न विद्वान्हरूले उखानको महत्त्व र विशेषता माथि प्रकाश पार्दै आ-आफ्नो विचार र दृष्टिकोण प्रस्तुत गरेका छन् । उखानको क्षेत्रमा उल्लेख्य कार्य गरेका पश्चिमी विद्वान्हरू हावेल र हेस्टिङ्गले सर्वप्रथम उखानको विशेषताहरू उल्लेख गरेका छन् । ( पौड्याल, २०६०: १२)

हावेलका अनुसार उखानका तीनवटा विशेषता बताएका छन् :

१. संक्षिप्तता

२. सारगर्भितता

३. सप्रमाणता

त्यसैगरी हेस्टिङ्गले उखानका चारवटा विशेषता उल्लेख गरेका छन् :

१. संक्षिप्तता

२. लोकप्रियता

३. सारगर्भितता

४. सप्रमाणता

भारतीय विद्वान् डा. कृष्णदेव उपाध्यायले उखानका तीन मुख्य विशेषता बताएका छन् :

१. समास शैली

२. अनुभीत

३. निरीक्षण तथा सरलता

डा. श्याम परमारका अनुसार उखानका पाँचवटा विशेषता रहेका छन् :

१. लाघवत्त्व

२. अनुभूति र निरीक्षण

३. सरल भाषा

४. प्रभावोत्पादक शैली

५. लोकरञ्जन

डा. कुन्दनलाल उप्रेतीका मतमा उखानका मुख्य दश वटा विशेषता रहेका छन् । ती हुन् :

१. ज्ञान र अनुभव

२. सार्वभौमिक र सार्वकालिक

३. अज्ञात रचयिता

४.	रसको अक्षय भण्डार

५.	लाघवत्व

६.	सप्राणता र जिउँदोपन

७.	सरलता

८.	विदग्धता भङ्गिमा

९.	सारगर्भिता

१०.	लोकप्रियता । (पराजुली: २०६५ : ३२)

उखानका बारेमा नेपाली विद्वान्हरूले पनि आ-आफ्नै तरिकाले उखानको विशेषता प्रस्तुत गरेका छन् । कृष्णप्रसाद पराजुलीले उखानका ६ वटा विशेषता प्रस्तुत गरेका छन् :

१. सारगर्भितता

२. संक्षिप्तता

३. सरलता

४. रूपविधता

५. जीवन्तता

६. लोकप्रियता

मुकुन्द आचार्यले उखानका चारवटा विशेषताहरू प्रस्तुत गरेका छन् : (आचार्य, २०५४: १४-२१)

१. संक्षिप्तता

२. सारगर्भितता

३. सप्रमाणता

४. लोकप्रियता

शिवप्रसाद पौड्यालले उखानका सातवटा विशेषता प्रस्तुत गरेका छन् : (पौड्याल : २०५७ : ९)

१. सरलता र सरसता

२. सारगर्भितता

३. लोकप्रियता

४. संक्षिप्तता

५. ज्ञान र अनुभव

६. सजीवता

७. सार्वभौमिकता र सार्वकालिकता

यसरी उखानको विशेषताका बारेमा पाश्चात्य, भारतीय तथा नेपाली विद्वान्हरूको विशेषताका आधारमा नेपाली उखानको अध्ययन गर्दै जाँदा निम्न विशेषताहरू पाउन सकिन्छ :

१. सारगर्भितता

२. संक्षिप्तता

३. सरलता

४. रूप विविधता

५. सजीवता

६. लोकप्रियता

७. सार्वकालिकता र सार्वजनिकता

प्रस्तुत उखानहरूको बारेमा चौथो परिच्छेद अन्तर्गत ४.२ मा चर्चा गरिएको छ ।

## २.४. उखानको वर्गीकरण

उखानको माध्यमबाट कुनै पनि राष्ट्र र त्यहाँको भाषिक समुदायमा विद्यमान लोकजीवनको रीतिस्थिति, रहन-सहन, चालचलन, धार्मिक, सांस्कृतिक एवम् सामाजिक पक्षको जानकारी पाइन्छ । उखानले समाज र प्रकृतिका विविध विषयलाई आत्मसात् गर्दै आएको हुन्छ । भाषाको संरचनात्मक अध्ययन गर्न उखानबाट सजिलो हुन्छ । विविध विषयहरूसँग सम्बन्धित र भिन्न भिन्न संरचनात्मक स्वरूपलाई उखानले ग्रहण गरेको छ । उखानले ग्रहण गरेको स्वरूप र संरचनाको आधारमा विद्वान्हरूले आ-आफ्नै ढङ्गले उखानको वर्गीकरण गरेको पाइन्छ । उखानको वर्गीकरण सम्बन्धमा पाश्चात्य विद्वान् जोन क्रिश्चियनले उखानलाई निम्न ६ भागमा वर्गीकरण गरेका छन् :

१. मानिसका कमजोरी, त्रुटी तथा अवगुणसँग सम्बन्धित

२. सांसारिक ज्ञान विषयक

३. सामाजिक र नैतिक

४. जातिका विशेषतासँग सम्बद्ध

५. कृषि र कानुनसम्बन्धी

६. पशु तथा सामान्य जीवजन्तुसित सम्बन्धित (पौड्याल, २०६० : ९०)

उखानको वर्गीकरण सम्बन्धमा भारतीय विद्वान् डा. कृष्णदेव उपाध्यायले उखानलाई पाँच भागमा वर्गीकरण गरेका छन् :

१. स्थानसम्बन्धी

२. जातिसम्बन्धी

३. प्रकृति तथा कृषिसम्बन्धी

४. पशुपक्षीसम्बन्धी

५. प्रकीर्ण (पराजुली, २०६५ :४१)

त्यसैगरी अर्का भारतीय विद्वान् डा. कुन्दनलाल उप्रेतीले उखानलाई आठ भागमा वर्गीकरण गरेका छन् :

१. सामाजिक तथा नैतिक

२. ज्ञान दर्शन तथा साहित्यसम्बन्धी

३. शिक्षासम्बन्धी

४. कृषि तथा ऋतुसम्बन्धी

५. स्थानसम्बन्धी

६. लोक विश्वाससम्बन्धी

७. जीवजन्तु तथा पशुपक्षीसम्बन्धी

८. प्रकृण (उप्रेती, ई.सं. १९७९: २००)

डा. शङ्करलाल यादवले उखानलाई ६ भामा वर्गीकरण गरेका छन् :

१. जातिपरक

२. देश वा स्थानपरक

३. इतिहासपरक

४. कृषि परक

५. नीति गर्भित

६. व्यङ्गयात्मक (पौड्याल, २०६० : ९१)

नेपाली विद्वान्हरूले पनि नेपाली उखानको खोज अनुसन्धान गरी उखानको विविध पक्षलाई दृष्टिगत गरी वर्गीकरण गर्ने गरेको पाइन्छ । कृष्णप्रसाद पराजुलीले रूपात्मक र विषयात्मक गरी दुई किसिमले वर्गीकरण गर्दै रूपात्मक अन्तर्गत

१. शब्दशक्ति

२. संरचना तथा विषयात्मक आधारमा पाँच किसिमले निम्नानुसार वर्गीकरण गरेका छन् :

१. सामाजिक र नीति चेतनासम्बन्धी

२. ज्ञान विज्ञानसम्बन्धी

३. कृषिव्यवसायसम्बन्धी

४. लोकविश्वाससम्बन्धी

५. विविध विषयसम्बन्धी (पराजुली, २०६५ : ४३)

अर्का नेपाली विद्वान् कृष्णप्रसाद आचार्यले उखानलाई पाँच भागमा वर्गीकरण गरेका छन् :

१. सामाजिक तथा नीति चेतनामूलक

२. ज्ञान विज्ञानमूलक

३. कृषि व्यवसायमूलक

४. लोक विश्वासमूलक

५. विविध विषयमूलक

शम्भुप्रसाद कोइरालाले उखानलाई सात भागमा वर्गीकरण गरेका छन् : (कोइराला, २०५५ : १३७)

१.व्यङ्ग्यात्मक

२. उपदेशात्मक

३. स्थानपरक

४. जातिपरक

५. सांस्कृतिक

६. प्रकृति तथा कृषिपरक

७. पशुपक्षीपरक

विद्वान्हरूका उपर्युक्त वर्गीकरणका आधारलाई हेर्दा उखान मूल रूपमा रूपात्मक र विषयात्मक गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । रूपात्मक आधारमा हेर्दा रूप पक्ष उखानको मूल स्तम्भ हो । रूप उखानका लागि आवश्यक तत्त्व हो । उखानको अन्तिम परिणति विषय भएकाले जनसाधरणले भाषा सम्प्रेषण गर्दा रूपकै सहायताबाट विषय वस्तु भावक समक्ष प्रस्तुत गरेको हुन्छ । रूप पक्षलाई शब्दशक्ति र संरचना गरी दुई भागमा विभाजन गरिएको छ । शब्दशक्ति अन्तर्गत उखानले अभिधार्थ र लक्ष्यार्थ बुझाउने गर्छन् । संरचना भन्नाले उखानको आकार प्रकार र त्यसको निर्माण प्रक्रियालाई बुझिन्छ । संरचनात्मक दृष्टिले उखानहरू अनुप्रासमूलक गीतिमूलक, प्रश्नमूलक, प्रश्नोत्तरात्म तथा तुकबन्दीयुक्त हुन्छन् ।

उखानले कुनै न कुनै विषयवस्तुलाई समातेर अघि बढेको हुन्छ । अनुभूति तथा विचारलाई संक्षिप्त प्रभावकारी र अभिव्यञ्जनात्मक रूपले श्रोता समक्ष पुऱ्याउने निकै राम्रो भूमिका उखानले खेलेको हुन्छ । माथि प्रस्तुत गरिएका विभिन्न विद्वान्हरूको विषयगत वर्गीकरणलाई अध्ययन गर्दा विषयात्मक आधारमा उखानलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ :

१. लोक विश्वास तथा जीवन दर्शनसम्बन्धी उखान

२. कृषि व्यवसायसम्बन्धी उखान
३. सामाजिक जीवनसम्बन्धी उखान
४. नीति तथा शिक्षासम्बन्धी उखान
५. जातिसम्बन्धी उखान
६. पशुपक्षी र जीवजन्तुसम्बन्धी उखान
७. आर्थिक पक्षसम्बन्धी उखान
८. धर्म संस्कृतिसम्बन्धी उखान
९. प्रकृति विषयसम्बन्धी उखान
१०. स्थान विशेषसम्बन्धी उखान
११. हास्यव्यङ्ग्यसम्बन्धी उखान

उपर्युक्त वर्गीकृत उखानको परिचय र विश्लेषण चौथो परिच्छेदको विश्लेषण खण्ड ४.४ मा प्रस्तुत गरिएको छ ।

## २.५ नेपाली उखानको अध्ययन परम्परा

उखान कुनै पनि जातिका भाषिक समुदायको सशक्त उद्‌गार र अभिव्यक्तिको प्राण हो । यसले कथनलाई स्वाभाविक रूपमा तिख्खर पार्छ र जीवन दिने काम गर्दछ । उखानको विषयमा अध्ययन गर्दै जाँदा यिनको उत्पत्ति र विकास यही ठाउँ र व्यक्तिबाट भयो भनेर किटान गर्न सकिदैन । उखानको बारेमा प्रायः सर्वमान्य सिद्धान्त के छ भने यसको रचनाकार ज्ञात हुन सक्दैन । लोक जीवनसँग सम्बन्धित रहेकाले पनि यो लोकोक्तिको विषय हुन आउँछ । सारगर्भितता, सजीवता, उपयोगिता तथा प्रेरणादायकता हुनु यसको आफ्नो पहिचान हो । भाषाले मानव अनुभूतिको सञ्चार ग्रहण गर्न थालेपछि उखानको प्रचलन हुन थालेको अनुभव हुन्छ । (पराजुली, २०६५ : २६) जीवन भोगाइका क्रममा आइपर्ने उकाली, ओराली, सुख-दुःख, हाँसो, विरह वेदना जस्ता तितामिठा अनुभवलाई सङ्गाल्ने क्रममा उखानको जन्म भएको हो । वेद, उपनिषद, गीता, रामायण, महाभारत जस्ता पौराणिक ग्रन्थहरूमा प्रयोग भएका गहनतम सूक्ति नै यथार्थमा उखान हुन् ।

भाषाको जन्मकालदेखि नै उखानको जन्म भएको हुनुपर्छ । अहिलेसम्म भाषाको विकास सँगै उखानको पनि विकास हुँदै आएको छ । व्यक्ति, समाज, भाषा र भाषिक समुदायको कार्य व्यापारको सन्दर्भमा वा मानिस, पशुपक्षी, धर्म, संस्कृति, इतिहास, आर्थिक र राजनैतिक जस्ता विविध क्रियाकलापसँग घुलमिल गर्दै जाँदा उखानको सिर्जना भएको हो, जुन आज अमर वाणी वा उद्‌गारको रूपमा लोक जन मानसमा मुखरित हुँदै आएको छ ।

भाषाको जन्म सँगै उखानको  जन्म भए पनि मोतीराम भट्टको आगमनसँगै उखानको अध्ययन गर्ने कार्यको सुरुवात भएको हो ।

नेपालको पूर्वदेखि पश्चिम तथा उत्तरदेखि दक्षिण सम्मका सम्पूर्ण भाषिक सम्प्रदायले प्रशस्त मात्रामा उखानको प्रयोग गरेको पाइन्छ । नेपाली भाषामा थाहा भए सम्म सब भन्दा पहिले उखानमा ध्यान दिने व्यक्ति नेपाली साहित्यको बहुमुखी विकासमा सक्रिय रहने कवि मोतीराम भट्ट हुन् । (पराजुली, २०६५ : १५) 'उनको उखानको बखान र जान्ने कथाको संग्रह' भन्ने पुस्तक प्रकाशित छ ।

मोतीराम भट्टपछि उखानको अध्ययन र लेखन परम्परालाई गङ्गाप्रसाद प्रधान र उनको 'नेपाली उखानको पोस्तक' उखानसंग्रह (इ.१९०८) दार्जिलिङबाट, महावीरसिंह गर्तौलाको 'उखान बखानको प्रवाह' (१९१७ इ.) काशीबाट अगाडि बढाएको पाइन्छ । 'उखान बखानको प्रवाह' मा ६५० उखानको सङ्कलनका साथै हिन्दीका उखान पनि समावेश भएका छन् ।

उखानको अध्ययनको क्रमलाई अगाडि बढाउने क्रममा भाषासेवी पुष्कर शमशेरले ठूलो योगदान दिएका छन् । उनको 'नेपाली उखान र टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्यांश वाक्यपद्धति इत्यादीको कोश' खण्ड एक र दुई (१९९८) सालमा प्रकाशित गरी यस क्षेत्रमा उल्लेख्य कार्य गरेका छन् । भारतको दार्जिलिङबाट इ. १९५६ मा अमरमणि प्रधान र पारसमणि प्रधानको 'नेपाली चल्ती उखान' प्रकाशित भयो । उक्त कृतिमा वर्णानुक्रममा ६ सय उखान राखिएको छ । त्यसैगरी लोक सङ्कलक सत्यमोहन जोशीको प्रयासबाट २०१४ सालमा 'हाम्रो लोक संस्कृति' नामक पुस्तकमा नेपाली उखानको  महत्त्वमाथि प्रकाश पारिएको छ । काठमाडौबाट २०२३ सालमा हर्षनाथ शर्मा भट्टराईको नेपाली उखान टुक्कामा करिब पाँचसय उखान अर्थसहित राखिएको छ । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट २०२८ सालमा प्रकाशित 'कर्णाली लोक संस्कृति' खण्ड ५ मा प्रदीप रिमालले कर्णाली अञ्चलका उखानहरूको सङ्कलन गरेका छन् । यस्तै विजय चालिसेको 'डोटेली लोक संस्कृति र लोकसाहित्य' (२०३९) मा ३९ उखान टुक्कालाई अर्थसहित प्रस्तुत गरिएको छ ।

धर्मराज थापा र हंसपुरे सुवेदीको २०४१ सालमा प्रकाशित 'लोकसाहित्यको विवेचना' मा नेपाली उखान र टुक्का शीर्षकमा नेपाली उखानको चर्चा गरिएको छ । त्यसैगरी २०४२ सालमा रामचन्द्र ढुङ्गानाको 'उखानको बखान', २०४१ सालमा हीराबहादुर खड्काको 'उखान संग्रह र चुट्किला' प्रकाशित भएका छन् । लीला सिंह कर्माले 'हाम्रो लोकसाहित्य' (२०४५) पुस्तकमा 'लयात्मक उखान टुक्का एक दृष्टि' शीर्षकमा उखानको चर्चा गर्दै एक सय जति उखानहरू प्रस्तुत गरेका छन् । (पराजुली, २०६५ : १५-१७)

उखानको क्षेत्रमा खोजी तथा अनुसन्धान गर्ने क्रममा कृष्णप्रसाद पराजुलीको 'नेपाली उखान र गाउँखाने कथा' (२०३९) र शिवप्रसाद पौड्यालको 'नेपाली उखानको विषयात्मक अध्ययन' (२०६०) अत्यन्तै महत्त्वपूर्ण कृतिहरू हुन् । नेपाली उखानको बारेमा विभिन्न पत्रपत्रिका तथा पुस्तकहरूमा लेखरचना प्रकाशित भएका भेटिन्छन् । यस क्रममा शङ्करप्रसाद श्रेष्ठको 'हाम्रो उखान टुक्का' (रूपरेखा, पूर्णाङ्क ८, २०१८), बालकृष्ण सुवेदीको रोल्पा गजुलमा सङ्कलित 'राप्ती अञ्चलका प्रसिद्ध केही उखान टुक्का' (हाम्रो संस्कृति, वर्ष ३, अङ्क २, २०२५), देवीचन्द्र श्रेष्ठको 'कर्णाली प्रदेशका केही आहान' (मधुपर्क, वर्ष २, अङ्क ६, २०२६) प्रकाशित भएका छन् । यसरी विभिन्न पत्रपत्रिकाहरूमा पनि उखानको बारेमा अध्ययन अनुसन्धान तथा जानकारी दिने गरिएको पाइन्छ ।

नेपाली उखानको अध्ययनको क्रम मोतीराम भट्टबाट सुरु भई अहिले सम्म अघि बढिरहेको पाइन्छ । त्रिभुवन विश्वविद्यालय तथा अन्य विश्वविद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूले शोधकार्यको क्रममा पनि उखानको बारेमा गहिरो अध्ययन गरेका छन् । नेपाली भाषा तथा साहित्य अन्तर्गतका विभिन्न विधाहरूमा उखानको यथोचित प्रयोग गरेको पाइन्छ । विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका नेपाली पाठ्यपुस्तकहरूमा उखानसम्बन्धी जानकारी तथा अभ्यासहरू राखिएको छ । नेपाली भाषाका खास गरी कथा, उपन्यास, नाटक, निबन्ध, यात्रा संस्मरण, हास्यव्यङ्ग्य जस्ता विधाका कतिपय पुस्तकमा पनि नेपाली लेखक र साहित्यकारहरूले उखानको प्रयोग गरेको पाइन्छ । यसरी नेपाली उखानको अध्ययन वा लेखनको परम्परा मोतीराम भट्टबाट सुरुवात भई लोकसाहित्यको एउटा महत्त्वपूर्ण विधाका रूपमा अगाडि बढिरहेको पाइन्छ ।

# तेस्रो परिच्छेद

## प्युठान जिल्लामा सङ्कलित उखानहरू

### C

१. अइँपछि अन्त चैतमास जन्त ।

२. अगार खानेले अँगार नै हग्छ ।

३. अँध्याराको काम र खोलाको गीत ।

४. अघि आउने भरिया रोजी बिसाउने, पछि आउने भरिया छोडी बिसाउने ।

५. अघिको रोजी पछिको छोडी ।

६. अघिपछि स्यार सम्भार, चोर आउने बेला विसंहार ।

७. अघि भात पछि जात ।

८. अघिसम्झे सदा सुखी पछि सम्झे सदा दुखी ।

९. अघि हेर्नु चारहात पछि हेर्नु बाह्र हात ।

१०. अक्षतापाति धामीलाई व्यथा हामीलाई ।

११. अगस्तीको पेट कैल्यै भर्न सकिन्न ।

१२. अङ्गालाको माया भङ्गालाको पानी ।

१३. अङ्ग्रेजको छललाई नेपालीको बल ।

१४. अगुल्टो पनि नझोसी बल्दैन ।

१५. अघाएको बाहुन र भोकाएको क्षेत्री काम लाग्दैन ।

१६. अठार राँगाको एउटा भैंसी ।

१७. अति गर्नु अतिसार नगर्नु ।

१८. अनाडिको हातमा पाशा दाउँ पर्छ खाशा ।

१९. अनिकालको तोरी सहकालको जौं ।

२०. अनुहार न दनुवार पोइ खोज्ने भैछ ।

२१. अन्धाको निम्ति दुनियाँ अँध्यारो ।

२२. अन्धालाई कुन दिन कुन रात ।

२३. अन्धाले दाम्लो बाट्ने बाच्छाले खाइरहने ।

२४. अन्धो आँखामा के को गाजल लाउनु ।

२५. लाटो, डुँडो बजाउने, बहिरो सुन्ने ।

२६. अन्न पानीको जिउ, खान खोज्छ घिऊ ।

२७. अन्याएको धन कैल्यै मेरो नभन ।

२८. अपुतको पुतले चैतमास काँक्रा माग्ने ।

२९. अपुताली खान पल्केको बाहुन ।

३०. अभागीको पुर्पुरोमा हात ।

३१. अरूकी लक्ष्मी भए पनि साँढेकी त जोई ।

३२. अरूको पाए तीनमाना चुक पनि खाने ।

३३. अरूको लाख आमाको काख ।

३४. अरूलाई अऱ्याउनु भन्दा आफै गर्नु वेश ।

३५. अरूलाई दोष दिनुभन्दा आफैलाई ऐनामा हेर्नु ।

३६. अरूले अरूलाई जिस्काउँछ लाटाले बाबुलाई ।

३७. अरूले देखेको दमै कामीले सुनेको ।

३८. अर्काको आश दिनहुँ उपवाश ।

३९. अर्काको घर जाने छोरीको जातलाई को पढाइरहोस् ।

४०. अर्काको नासो गलाको पाशो ।

४१. अर्काको नासो छोई पासो ।

४२. अर्काको बाच्छो चाटि मुखभरि रौं ।

४३. अर्काको बुद्धिले राजा हुनुभन्दा आफ्नो बुद्धिले जोगी बन्नु वेश ।

४४. अर्का घरको खीरभन्दा आफ्नै घरको ढिंडो राम्रो (मीठो) ।

४५. अर्कालाई दोष दिनु भन्दा पहिले आफ्नो थुतुनो हेर्नु ।

४६. अर्ति भन्ने कुरा घर्तिको पनि लिनुपर्छ ।

४७. अर्ति र ओखती मीठो हुँदैन ।

४८. अर्ती सुन्नु बूढाको ।

४९. अल्छीको बाटोमा काँडाको बार ।

५०. अल्छी, निद्रा र हाइ कालका भाइ ।

५१. अल्छीले जति जैसीले जान्दैन ।

५२. अल्छी तिघ्रो स्वादे जिब्रो ।

५३. अल्छीलाई बल्छी जलारीलाई जाल ।

५४. अल्छीलाई बल्छी सिपालुलाई जाल ।

५५. अल्लमल्ल गोत्र आमा एक बाउ सत्र ।

५६. अल्नो पनि खान्न ढिको पनि फोर्दिन ।

५७. असल मगरको थेप्चो नाक ।

५८. असल र कमसल सुन आगाले चिन्छ ।

५९. असली धामी देउतै समान हुन्छ ।

६०. असहायको सहाय दैव ।

६१. असीको आम्दानी छैन, चौरासीको खर्च ।

६२. असोजको केटो मंसीरकी केटी ।

६३.	असोजको पैंचो असोजमै तिरौंला ।

६४.	असारमास मानो खाएर मुरी फलाउने ।

६५.	अहिले यस्तै भयो अर्को पाली राम्रो गरौंला ।

६६.	अहिल्यै दारी पालेको अहिल्यै खोइरो आएको ।

६७.	अंशको झगडा वंश रहेसम्म ।

६८.	अंशको बात वंशले जान्छ ।

## cf

१.	आँखाको नानी पातालको पानी ।

२.	आँखाले मार्नु, वातले मार्नु, त्यतिले नपुगे लातले मार्नु ।

३.	आँटिछोरालाई बाघले खाँदैन ।

४.	आँधी आउने कैले कैले रुख ढाल्न खरखर ।

५.	आँ गर्दा अलङ्कार बुझ्नु ।

६.	आइतबार व्यथा लाग्यो सोमबार च्याट्टै ।

७.	आइमाईको चाकमा बुद्धि ।

८.	आइमाईको थुतुनो र लोग्नेमान्छेको मुतुनोले काम बिगार्छ ।

९.	आइमाईको बल पहाड गोरुको बल मधेस ।

१०.	आइमाईको रुद्रघण्टी हुँदैन ।

११.	आइमाईको सत्रु आइमाई नै हुन्छ ।

१२.	आई बुहारी आयो काम गई बुहारी गयो काम ।

१३.	आएको मौका पर्खंदैन बगेको खोला फर्कंदैन ।

१४.	आए बाउको गए साउको ।

१५.	आकाशको फल आँखातरी मर ।

१६.	आगाको डाह आगैले मार्छ ।

१७.	आगाको बिउ र झगडाको निउँ धेरै चाहिँदैन ।

१८.	आगाले पोलेको आगैले निको पार्छ ।

१९.	आगो झोस्ने घर पोल्ने र खेत जोत्ने नभई हुँदैन ।

२०.	आगो ताप्नु अघिबाट घाम ताप्नु पछिबाट ।

२१.	आगो ताप्नु मुढाको कुरा सुन्नु बूढाको ।

२२.	आगो नभई धुँवा उठ्दैन ।

२३.	आगो र काल कैल्ये अघाउँदैनन् ।

२४.	आगो बल्छ दनदन बूढी गर्छिन् गन्गन् ।

२५. आगो राजा र भाइ जन्मजातका शत्रु ।
२६. आगो, लागि सकेपछि इनार खन्न मचामच ।
२७. आगोले काँचो भन्दैन लिङ्गले भान्जी जान्दैन ।
२८. आङ्को जुम्रोले भन्दा सरेको जुम्रोले ज्यादा टोक्छ ।
२९. आज मोरे भोलि दुई दिन ।
३०. आज मोऱ्यो भोलि औषधी ।
३१. आठ आनाको लेनदेन, रुपियाँको खानपिन ।
३२. आड नपाई कुकुर पनि भुक्दैन ।
३३. आधि गाग्रो छचल्किन्छ भोरि गाग्रो छचल्किन्न ।
३४. आफू उठी नेपाल जाने, छोरो पाई राखेस् भन्ने ।
३५. आफू उठी पर्देश जाने मैले कसरी छोरो पाउने ।
३६. आफू छ सिल्ली धाग लाउँछ दिल्ली ।
३७. आफू नमोरी स्वर्ग देखिन्न ।
३८. आफू भलो त जगत् भलो ।
३९. आफू मरे डुमै राजा ।
४०. आफूले खाने बिरालोलाइ दोष ।
४१. आफूसँग भएको सिन्दुर ठाडो लाउँकी तेर्सो ?
४२. आफै धोती खोल्नु आफ्नै इज्जत उडाउनु ।
४३. आफै रोयो आफै मन बुझायो ।
४४. आफ्ना घरमा कुकुर पनि बाघ बन्छ ।
४५. आफ्नी आमाले दिएको खोले खीरभन्दा मीठो ।
४६. आफ्नी आमाले दिएको सिस्नु भात, सौतेनी आमाले दिएको दूधभात ।
४७. आफ्नी छोरी नखर्माउली तन्नेरीलाई दोष ।
४८. आफ्नै ठाउँमा बस्नू आफ्नै ताउलोमा खानू ।
४९. आफ्नो कर्म उस्तै कसलाई दोष लाउनु ।
५०. आफ्नो काम बनाउन कोरीको पनि पाऊ मल्नुपर्छ ।
५१. आफ्नो खसीलाई मन लागेको ठाउँमा बाँध्न पाइन्छ ।
५२. आफ्नो घरमा सबै मालिक बन्छन् ।
५३. आफ्नो त मागीमागी छोरीको बिहे, तँलाई कहाँबाट दिऊँ ।
५४. आफ्नो मुखमा आफै आगो झोस्नु ।
५५. आफ्नो थिएन अर्काले दिएन ।
५६. आमाको अगाडि मामाको सवाई ।
५७. आमाको कुरा मामासित ।

५८. आमाको दूध चुसेर पुगेन, बुबाको गोडा चुस्ने ।

५९. आमाको दूध चुसेर नभएको बाउको घुँडा चुसेर हुँदैन ।

६०. आमाको हात छोरीको पेट ।

६१. आमा गुनाकी छोरी ।

६२. आमा छउन्जेल माइती बाबु छउन्जेल घर ।

६३. आमा तिरको न काका तिरको ।

६४. आमा तिरको मामा न बाउतिरको काका ।

६५. आमा-बाउको मन छोराछोरीमाथि छोराछोरीमो मन ढुङ्गामुडा माथि ।

६६. आयुको छोरालाई वायुले खाँदैन ।

६७. आयो गयो माया मोह आएन गएन को हो को हो ।

६८. आयो लाहुरे बुट पालिस कसेर गयो लाहुर खरानी घसेर ।

६९. आरु फुल्दा घर पैयूँ फुल्दा माइत ।

७०. आरु फुल्यो वर्षा लाग्यो पैयूँ फुल्यो हिउँद लाग्यो ।

७१. आलु खाएर पेडाको धाग ।

७२. आस गर्नु भर नपर्नु ।

## 0

१. इदम् भ्रष्टम् उदम् भ्रष्टम् ।

२. इन्द्रका मुखुञ्जेल स्वर्गका कुरा ।

३. इन्द्रको अगाडि स्वर्गको बयान ।

४. इमान भनेको लाख हो ।

५. इमान भनेको लाख हो धन भनेको खाक हो ।

६. इमान र जमान नभएको मान्छे काम लाग्दैन ।

७. इलमीले भोको बस्नु पर्दैन ।

८. इलमीको भागमा माछा र मासु अल्छीको आँखामा खाने बेला आँसु ।

९. इन्द्रले खेलेको स्वर्गद्वारी वन ।

१०. इमानीको इमान समाउने वैमानीको के समाउने ?

११. ईख नभएको मान्छे र विख नभएको सर्प काम लाग्दैन ।

१२. ईखले बिख खानु बिखले मरिजानु ।

१३. ईश्वर दाहिना भए कस्को के लाग्छ र ?

१४. ईश्वरले जन्माए उनैले पाल्छन् ।

१५. ईश्वरले दिए धुरीबाट वर्षन्छ ।

१६. ईश्वरले दिए बालुवा निचोरे पनि तेल आउँछ ।

p

१. उखू खारी चिनी मन खारी मुनी ।

२. उइ माछा उइ सिद्रा ।

३. उखानको बखान बेइमानीको के ठेगान ?

४. उचालेको गास र लागेको मैना सकिन कति बेर ?

५. उठी सुख न बसी सुख ।

६. उठेर बोले हावाले लैजान्छ बसेर बोले कसैले सुन्दैन ।

७. उठ् जोगी फट्कार छाला जाँ जाला भातै खाला ।

८. उडाउन र गुडाउन सजिलो हुन्छ ।

९. उडेको सातु पितृको नाउँ मरेको गाई बाहुनको नाउँ ।

१०. उत्ताउली गाई बाघले खाई ।

११. उत्ताउलो कुकुर संसाजै भुक्छ ।

१२. उदयपुरकोटका राजा, भित्रीकोटकी रानी ।

१३. उदयपुरे कार्कीसँग केको फूर्ति लाउनु ।

१४. उद्योगी पुरुष सकँदै सकँदै जान्छ निरुधोगी घकँदै घकँदै जान्छ ।

१५. उद्यमीले जोगी हुनु पर्दैन ।

१६. उधारो दियो शत्रु तुल्यायो ।

१७. उनिउँ फूल्दो न ढुङ्गो टुसाउँदो ।

१८. उनी जमाना गए यिनी जमाना आए म्वाई खाने मुखमा भुत्ला पलाए ।

१९. उभाको खाना खानु उभाको भारी नबोक्नू ।

२०. उमेरमा कोदारोटी खाइन वैंशमा लोग्ने साथमा पाइन ।

२१. उमेरमा फ्याउरो पनि घोर्ले बन्छ ।

२२. उमेरमा स्याल पनि मृग बन्छ ।

२३. उम्केको माछो ठूलो देखिन्छ ।

२४. उम्केको माछो तीन धार्नी मरेकी छोरी जम्दार्नी ।

२५. उम्लेको गोरुको फुक्लेको सिङ ।

२६. उल्लूको सङ्गतले उल्लू होइन्छ ।

२७. उर्लेको खहरे कति रहन्छ र ?

२८. उर्लेको खहरे मातिएको वैश ।

२९. उसै त बुहारी छोरो विदेश गएको ।

३०. उसै त बुहारी भटमास खाएकी ।

३१. उसै त मसुरी हिङ झानेको ।

३२. उहाँ भन्ने कन्ने दशवटा गन्ने ।

३३. उहिँ तरुल खन्नू उहिँ बूढी गाड्नु ।

३४. उहिलेका कुरा खुइले ।

३५. ऊ जमाना कस्तो कस्तो यो जमाना यस्तो ।

## P

१. एउटा आगो भए अर्को पानी बन्नुपर्छ ।

२. एउटा कुखुराको फुल फुट्यो फुट्यो ।

३. एउटा पोइका दुईटी स्वास्नी लौंटी तानातान ।

४. एक कान दुई कान मैदान ।

५. एक कानले सुन्नू अर्को कानले उडाउनू ।

६. एक घर बिष्ट दश घर कामी, तिमी जस्तै भयौ हामी ।

७. एक चन्द्रले दिने उज्यालो हजार ताराले दिन सक्दैनन् ।

८. एक चोटी सबैको भाग्य खुल्छ ।

९. एक जना दिक्क, दुईजना ठिक्क तीनजना तानातान चार जना हानाहान ।

१०. एक झुट लुाउन सय झुट बोल्नु पर्छ ।

११. एक खास्टो त्यही पनि पोरको ।

१२. एक त खुर्सानी त्यसमाथि जिरे ।

१३. एक त बाँदर कस्तो त्यसमाथि लिस्नो हालेको ।

१४. एक दामको उपति छैन दश दामको खति ।

१५. एक दामको ल्वाङ् छैन दशदामको स्वाङ् ।

१६. एक दिनको पाउना मीठोमीठो खा, दुई दिनको पाउना जसो तसो खा, तीन दिनको पाउना जता सुकै जा ।

१७. एक दिनको निन्द्राले सात दिन पिर्छ ।

१८. एक पटकको झुटा सधैंको झुटा ।

१९. एक पन्थ दुई काम ।

२०. एक पैसाको उपति छैन दश पैसाको खति ।

२१. एक पैसाको लेनदने कुरा गर्छन् तीन दिन ।

२२. एक पैसापनि धनै हो, घारी पनि वनै हो ।

२३. एक बारको चोला जे हुन्छ होला ।

२४. एक बोक्सिनी चल्दा सात धर्ती हल्लन्छ ।

२५. एक भए दुःख दुई भए सुख ।

२६. एक माघले जाडो जाँदैन ।
२७. एकले थुकी सुकी हजारले थुकी नदी ।
२८. एकले बिराउने सन्तान पिराउने ।
२९. एक हाडमा दुई कुकुर ।
३०. एक हातमा आँशु एक हातमा गाँस ।
३१. एक हातमा टुप्पी अर्को हातमा चुल्ठी ।
३२. एक हातले ताली बज्दैन ।
३३. एक हातले दिनु अर्को हातले लिनु ।
३४. एक हाते चिचिण्डोको तिनहाते वियाँ ।
३५. एक हिउँदले जाडो जाँदैन ।
३६. एकातिर आँधि अर्कोतिर भ्कोलुङ्गो ।
३७. एकातिरको गास अर्कोतिरको बास ।
३८. एकादशी सबैकोपेट बासी भात पसी ।
३९. एक्लो वृहस्पती भ्कुटा ।
४०. एकलो मोरो खोली भोच्यो (भोरो) ।
४१. एक्कै ताउलाको भात कतै काँचो कतै पाको ।
४२. एक्कै लात एक्कै बात ।
४३. एक्लै आउँ पोइसित, निस्तै खाएँ दूधसित ।
४४. एता त उता हातमा जुता ।

## cf], cf}

१. ओइरो नहाली पैरो चल्दैन ।
२. ओखती र उपदेश मीठो हुँदैन ।
३. ओखलमा परिसकेपछि मुसलसँग डराएर के काम ।
४. ओखलमा हात हाल्नेलाई के के डर ?
५. ओछ्यान लगा ओछ्यान लगा दौरा नफुकाल्ने ।
६. ओठ चाहेर तिर्खा मेहिन्न ।
७. ओठ निचोर्दा दूध आउने ।
८. ओठमा लाउने चिल्लो छैन योनीमा लाउने जाइफल ।
९. ओत, पोत र कोच भए स्वास्नी कति कति ।
१०. ओरालो लागेको घाम र पखाला लागेका बूढाबूढी को, के आश ।
११. आरोलो लागेको मृगलाई बाच्छाले खेद्छ ।
१२. ओल्लो छाट न पल्लो तीर ।

१३. ओस उघाएर गाग्रो भरिँदैन ।

१४. ओसिलो मगर पोसिलो हुन्छ ।

१५. औँलो टेके पैताला टेक्न पाइन्थ्यछ ।

१६. औलाको बास कुलको उदास ।

१७. औलोमा परेपछि डिंगो पनि चेत्छ ।

१८. औलो र पिलोबाट बच्नुपर्छ ।

१९. औसर आउँछ, पर्खँदैन ।

## S

१. कङ्गालीको के को जात ।

२. कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा ।

३. कतै नपाएस् मेरै खैरा आएस् ।

४. कन्याइँ भन्दा चिल्याई ठूलो ।

५. कमिनी हुँदा गुन्यू हुन्न गुन्यूँ हुँदा कमिनी हुन्न ।

६. कपाल काट्न सिक्नु कमारोको टाउकोमा ।

७. कमिलालाई मुतको पैरो ।

८. कम्मरको धन र नजरकी स्वास्नी मात्र विस्वास गर्नु ।

९. कर्कलाको पानी र बूढाको जवानी ।

१०. कर्कलालाई बन्चरो चाइन्न ।

११. कसाईको कामै मासु काट्ने ।

१२. कसैको काम कसैको नाम ।

१३. कसैलाई पाइन कान्छी बुहारीलाई ।

१४. कसैलाई माछा र मासु, कसैको खाने बेला आँशु ।

१५. कसको मनमा को पस्न सक्छ र ?

१६. कस्ता कस्ता कहाँ गए मुसानानी दरबारमा ।

१७. कस्ता कस्ता के रे मुसा चल्ला देरे ।

१८. कस्तुरी भन्ने जानेपछि सुँघिरनु पर्दैन ।

१९. कहाँको राजाराम कहाँको गने भिखारी ।

२०. कहाँ जान्छ्यौ नानी ? माडीखोला ।

२१. कहिँ नपाए मेरै खैरा आए ।

२२. कहिलेको घाम कहिलेको पानी ।

२३. कहिले सासूको पालो कहिले बुहारीको पालो ।

२४. काइदा जाने फाइदा हुन्छ ।

२५. काउछोको माला झगडिया स्वास्नी ।

२६. काग कराउँदैछ पिना सुक्दै छ ।

२७. कागको वथानमा बकुल्लो ।

२८. काग बढी बाठो भएर 'गु' खान्छ ।

२९. कागभन्दा कोइली चङ्ख ।

३०. काग र कोइली छुट्टाउने बोली ।

३१. कागले आफ्नै नाम काटी कराउँछ ।

३२. कागले कान लग्यो भन्दैमा उसका पछि दगुर्नु हुन्न ।

३३. काजी मरेर काज अड्कँदैन ।

३४. काटेको घाउमा नुनचुक ।

३५. काठका खुट्टा सासको धन ।

३६. काठको घोडालाई रेशमी कपडा ।

३७. काठको मानु, ढुङ्गाको छानु केटी नपाए दाङ जानु ।

३८. काठ तार्छे मसिनो कुरा तार्छे खस्रो ।

३९. काठोमा पल्केको लोग्नेमान्छे र नाठोमा पल्केकी आइमाई ।

४०. कात्तिकका कुकुर भदौका स्वास्नीमान्छे ।

४१. कत्तिकका कुकुर माघका बिराला ।

४२. कानदेउ कुरा नदेउ ।

४३. कानाको देशमा चोर पस्यो खोरण्डोलाई गुहार ।

४४. कानाको देशमा आँखा चिम्लनु लङ्गडाको देशमा खुट्टा खोच्याउनु ।

४५. कानो गोरुलाई औंशी न पूर्णे ।

४६. कान्छीको पाद प्यारो जेठीको मुस्कान सारो ।

४७. काफल पाक्यो चरीले डाक्यो ।

४८. कामकुरो एकातिर कुम्लो बोकी बिजुवार तिर ।

४९. काम गर्न दुखले जोगी भयो जोगी भएको भोलिपल्ट भोकले मऱ्यो ।

५०. काम छउन्जले भाडो काम सकिएपछि ठाँडो ।

५१. काम नभएकी बुहारी नक्कल झक्कल मात्र ।

५२. काम पाइनस् बुहारी पाडा ढिङ् कनाइदे ।

५३. काम भन्दा कुरा ठूलो हिंड्ने बेला खुट्टा लुलो ।

५४. काम साँचे आफूलाई खाना साँचे अरूलाई ।

५५. कामीको एक चोट सुनारको सय चोट ।

५६. कामको पालो कात्तिकमा ।

५७. कामीको बिहेमा चौबिस थोकको खाँचो ।

५८. कामी-दमाईको बोली वर्षदिन टोली ।

५९. कामी बाझेको जस्तो कति बाझेको ?

६०. कामीर्ला जाडो भयो भनेर आधाराती घाम लाग्दैन ।

६१. कामीले लाने हो कि होइन कमिनीको सरखर ।

६२. कामीसँग हानाहान नगर्नू सार्कीसँग तानातान नगर्नू ।

६३. काल आएपछि कोठामै लडेर मरिन्छ ।

६४. काललाई टारेर टर्दैन ।

६५. कालले मर्छ जिब्रोलाई दोष ।

६६. काला अक्षर भैंसी बराबर ।

६७. काला गए गोरा आउँछन् ।

६८. कालो पोते नपाउनेलाई तिल्लरीको धोको ।

६९. कालो भगवान्‌को सालो काली भगवान्‌की साली ।

७०. कि आँटले खान्छ, कि ढाँटले खान्छ ।

७१. कि गल्ती थुतुनोले गर्छ कि गल्ती मुतुनोले गर्छ ।

७२. किन चाउरिस् मरिच ? आफ्नै पिरले ।

७३. कि पढेर जानिन्छ कि परेर जानिन्छ ।

७४. कि रानी होलिस्, कि राँडी होलिस् ।

७५. किराले हिरा बिगार्छ ।

७६. कि स्वर्गको राज कि चपरीमुनिको बास ।

७७. कुकार्य गरे नर्क गइन्छ ।

७८. कुकुर कुटी बुहारी तर्साउनु ।

७९. कुकुरको काम पनि छैन फुर्सद पनि छैन ।

८०. कुकुरको मुख चोखो दमैको थुक चोखो ।

८१. कुकुरको लुतो वानरले सल्कायो वनै कनाउँछ ।

८२. कुकुर खुसी भए पुच्छर हल्लाउँछ ।

८३. कुकुरलाई घिउ पच्दैन ।

८४. कुकुर तुहे पनि के ल्याए पनि के ?

८५. कुकुर भुक्दैछ हात्ती लम्कदैछ ।

८६. कुकुरलाई बढी माया गर्दा मुख चाट्न थाल्छ ।

८७. कुकुरलाई मासु पैंचो ।

८८. कुखुराले माटो खोर्स्यो आफ्नै टाउकोमा धुलो ।

८९. कुन त खेती फटेङ्ग्याको चारो ।

९०. कुन्ता निधार त्यही पनि भुत्ला उम्रिएको ।

९१.  कुप्री बूढीलाई बसी सुख न उठी सुख ।

९२.  कुबेरको घरमा धनको दर्द ।

९३.  कुम्लो बोकी बसैं परेवा काटी दशैं ।

९४.  कुरा काट्न थाले गुन्यू फुस्केको थाहा नपाउने आइमाको जात ।

९५.  कुरा गर्छ नानाभाती कुखुरा चोरको नाति ।

९६.  कुरा गरे धेरै हुन्छ बसे बेरै हुन्छ ।

९७.  कुरा जान्ने मालिक काम जान्ने नोकर्नी

९८.  कुराले कुरा काट्छ ।

९९.  कुलकी छोरी मुलकी पानी ।

१००.  कुलो भागी समुन्द्र छोरी भागी माइती ।

१०१.  कुलो र कुरो जता पनि जान्छ ।

१०२.  कुवाको भ्यागुतालाई कुवै स्वर्ग ।

१०३.  कूचाले बढार्नुपर्ने कसिङ्गर हावाले उडायो ।

१०४.  के खोज्छस् काना ? आँखो ।

१०५.  केटी कस्ती छ ? हेर्ने नपर्ने, केटो कस्तो छ ? बोल्नै नपर्ने ।

१०६.  केटी होइन केटीको आमालाई हेर्नु ।

१०७.  कोइ न कोइ हत्केलो पोइ ।

१०८.  कोइलीको जस्तो कण्ठ ।

१०९.  कोइली भन्दा काग चङ्ख कागभन्दा खत्री चङ्ख ।

११०.  को मर्नु को बाँच्नु, भाग्यको खेल ।

१११.  कोलमा जाउँ न खुदो खाऊँ ।

## V

१.  खट्टेपनि खाँदिन बाखा पनि हेर्दिन ।

२.  खतिको बेला मति आउँदैन ।

३.  खति नभई मति आउँदैन ,

४.  खन्दा खन्दा माटोको मड्किलो पनि सकिन्छ ।

५.  खरानी घस्दैमा जोगी भइन्न ।

६.  खरानी भएपछि उड्न के बेर ।

७.  खसको झेल, मगरको खेल र बाहुनको पेट कसैले नभेट ।

८.  खस खसाइलो, बाहुन झुसिलो, मगर रसिलो ।

९.  खसीको टाउको देखाई कुकुरको मासु बेच्ने ।

१०. खसीसँग फर्सी साट्नु ।

११. खत्रीका सामु स्वर्गद्वारीको वयान ।

१२. खाई अघाई चाटी मोटाई ।

१३. खाई न पाई छालाटोपी लाई ।

१४. खाउँ त खोले छैन जाउँ त माइती छैन ।

१५. खाउँला भन्ने आश गरुँला भन्ने त्रास ।

१६. खाए आटो छ गए बाटो छ ।

१७. खाएको विष लाग्छ नखाएको विख लाग्दैन ।

१८. खाए खा नखाए घिच ।

१९. खाए जाँड मच्चाए भाड ।

२०. खाए पनि नखाए पनि बाघको मुख रातै ।

२१. खान पाए भन्दैमा क्वाप्प नखानू बोल्न पाएँ भन्दैमा प्याच्च नबोल्नू ।

२२. खाए पनि सुख छैन नखाए पनि सुख छैन ।

२३. खानु न पिउनु पुर्पुरोमा चिनु ।

२४. खानु साग मिलाउनु राग ।

२५. खाने बेला घिन र सुत्ने बेला रिन नसम्झनू ।

२६. खाने बेला कोदापिठो सकिनेबेला धान ।

२७. खानेबेला वल्लो गाउँ सुत्ने बेला पल्लो गाउँ ।

२८. खाने मुखलाई जुङ्गाले छेक्दैन ।

२९. खानेलाई चारो कमाउनेलाई गारो ।

३०. खान्न खान्न लोकाचार खानलागे मानाचार ।

३१. खीर ख्वाएर हिलोले चुठाउनु ।

३२. खुकुरीको चोट अचानाले थाहा पाउँछ ।

३३. खुकुरी भए दाप कति कति ।

३४. खुकुरीभन्दा कर्द लाग्ने, बाबुभन्दा छोरो जान्ने ।

३५. खुकुरीले बिर्से पनि अचानाले सम्जिन्छ ।

३६. खुट्टा न सुट्टा चार किलोका जुत्ता ।

३७. खुट्टा भए जुत्ता कति कति ।

३८. खुवाएको मान्छे आफ्नो हुँदैन ।

३९. खुर्सानीको बुटालाई लिश्नु ।

४०. खुर्सानी बिना भतेर अड्किन्न ।

४१. खेती बिग्रयो कुनाकानी मान्छे बिग्रयो जानाजानी ।

४२. खेप जान्छ, खेलो जाँदैन ।

४३.	खोकीको विउ रुघा झगडाको बिउ जुवा ।

४४.	खोला तर्छु पनि भन्ने खुट्टा पनि कमाउने ।

४५.	खोले खाई कुकुरलाई भात ।

४६.	खौरेर मसिनो र दिएर आफ्नो हुँदैन ।

४७.	खौलामा परेपछि डिंगो पनि चेत्छ ।

४८.	ख्याल ख्यालमा बूढीमाथि चढ्यो स्याल ।

४९.	ख्याल ख्यालमै पल्क्यो स्याल ।

## u

१.	गङ्गाजलले सूर्यलाई अर्घ ।

२.	गधालाई गधाकै भारी बोकालाई बोकाकै भारी ।

३.	गधालाई धोएर गाई बन्दैन ।

४.	गनगने सासूकी फतफते बुहारी ।

५.	गफीको कुरा र लोभीको पुरा ।

६.	गरिबीकी स्वास्नी सबैको भाउजू ।

७.	गरिबको धन उसैको आफ्नो मन ।

८.	गरिबो धन छैन धनीको मन छैन ।

९.	गरिबको भान्सा खुर्सानीको सिङ्गार ।

१०.	गरिबलाई दिम्ला नभन्नू राँडीलाई लाम्ला नभन्नू ।

११.	गर्जने मेघ वर्षदैन ।

१२.	गर्ने बेला हातखुट्टा लुला खाने बेला ठूला डल्ला ।

१३.	गर्भको कुरा र दैवको लिला कसलाई के था ।

१४.	गहुँ पिस्दा घुन पनि पिसिन्छ ।

१५.	गाई आए बाँघनी दूध आए तान्नी ।

१६.	गाईका थुनमा न वाच्छाका मुखमा ।

१७.	गाई कुटी बुहारी तर्साउनु ।

१८.	गाईको थुनमा दूध सङ्गालेर सङ्गालिँदैन ।

१९.	गाईको दूध निल्नु न ओकेल्नु ।

२०.	गाई दिनेलाई गोबर दिनू ।

२१.	गाई दुहुन आफ्नो सिक्नु घर छाउन अर्काको ।

२२.	गाइ बेचेको साइनो ।

२३.	गाई भए गोरस भाइ भए भरोस ।

२४.	गाईमारी गधा पोस्नु ।

२५. गाईमारी जुत्ता दान ।

२६. गाई र गङ्गा दुवै माता ।

२७. गाउँको बाटो भेटेपछि अन्धो पनि घर पुग्छ ।

२८. गाउँको मोरो गाउँलेले नै फाल्छ ।

२९. गाउँभरी तरुनी आफू रित्तै ।

३०. गाउन र रुन कल्लाइ आउन्न र ?

३१. गाउनेको छाँट सुसेलीबाट थाहा हुन्छ ।

३२. गाग्रीमा पानी छैन तिहुनमा झोल ।

३३. गास पुग्दो खानु काल पुग्दो मर्नु ।

३४. गीत गाउन नजान्नेलाई बजाउनेको हतार ।

३५. गुको किरा गुमै रम्छ ।

३६. गुन्द्रुक पकाउनु पर्दैन सालीलाई फकाउनु पर्दैन ।

३७. गुरू हुन सजिलो चेलो हुन गारो ।

३८. गुहुलाई कोट्याए आफ्नै मुखमा छिटा ।

३९. गेडा न गुडी केलाउँछे बूढी ।

४०. गेडो खसे टिप्न सकिन्छ कुरा खसे टिप्न सकिन्न ।

४१. गैराको घरमा पैराको डर ।

४२. गोजिमा दाम छैन दिल्लीका कुरा ।

४३. गोठ पनि बस्दिन कुराउनी पनि खाँदिन ।

४४. गोठालाले बेचेर गाई बेचिँदैन ।

४५. गोबर कोट्याए किरा ।

४६. गोबरको किरालाई गोबर नै स्वर्ग ।

४७. गोरुको पुच्छर बटार्दा बटार्दै दिन गए ।

४८. गोरु बूढो भए भिर खोज्छ मान्छे बूढो भए निउँ खोज्छ ।

४९. गोरुलाई सिङको भारी हुँदैन ।

५०. गौमुखीबाट वैकुण्ठ स्वर्गद्वारीबाट स्वर्ग ।

५१. गंगा र बाहुन सधैं चोखो ।

## 3

१. घन घोटी बन्चरो हलो काटी मुङ्रो ।

२. घर उज्यालो त मन उज्यालो ।

३. घर उज्यालो त वन उज्यालो ।

४. घरका खसी दालसरी ।

५.	घरको बाघ वनको स्याल ।

६.	घर खानु कुलको पानी खानु मूलको ।

७.	घर खाने बुहारी माइत खाने छोरी ।

८.	घर छ झुप्रो मान्छेको थुप्रो ।

९.	घर बिगारे राँड तिहुन बिगारे भाँड ।

१०.	घर भरि देवर पोइको रहर ।

११.	घरभित्र मुसा नाच्ने बाहिर-बाहिर स्वाङ् ।

१२.	घरमा आगो लगाएपछि खरानीको के दर्द ।

१३.	घरमा बसी नाठा हाक्ने ।

१४.	घर सप्रन्छ बुहारीले खेत सप्रन्छ पानीले ।

१५.	घर साँढे वन बिरालो ।

१६.	घाँटीमा अड्केको रौं निल्नु न उकेल्नु ।

१७.	घाँटी हेरी हाड निल्नु ।

१८.	घाइते बाघ र ल्याइते स्वास्नी उस्तै हुन् ।

१९.	घाम बस्यो डााडामा चामल बस्यो भााडामा ।

२०.	घामपानीले भिजाएको र इष्टमित्रले छलेको ।

२१.	घिउ के मा पोखियो ? भागैमा ।

२२.	घिउ न तेल पका बूढा सेल ।

२३.	घिन लाग्दा मानिसका डरलाग्दा कुरा ।

२४.	घुस नखाने हाकिम र गु नखाने सुँगुर कमै पाइन्छन् ।

२५.	घोँचो तिखार्नु कुरा निखार्नु ।

२६.	घोकन्ती विद्या धावन्ती खेती ।

२७.	घोडाको पछाडि नबस्नू हाकिमको अगाडि नबस्नू ।

२८.	घोडाको लात घोडाले नै सहनु पर्छ ।

२९.	घोडा चढ्नु घुम ओढ्नु ।

३०.	घोडा चढ्ने लड्छ पढ्ने मान्छे फेल हुन्छ ।

३१.	घोडा चम्केको र हात्ती लम्केको ।

३२.	घैंटो पनि भरिन साइत पनि परिन ।

३३.	घैंटो भरिएपछि पानी पोखिन्छ ।

## r

१.	चकचके बाँदरको चाक्मा डाम ।

२.	चकचकले गाल पार्छ घुस्घुसेले ताल पार्छ ।

३. चतुरेका हजार दाउँ ।

४. चन्द्रमा दाहिना भए कस्को के लाग्छ ?

५. चपाउने काम दाँतको, स्वाद लिने काम जिब्राको ।

६. चामल पैसा धामीलाई व्यथा हामीलाई ।

७. चमेराको गोठालो लाटो कोसेरो ।

८. चार विधा चौध चतुऱ्याई ।

९. चर्को भए पनि घामै जाती, बोक्सी भए पनि आमै जाती ।

१०. चाइने बेला भाँडो नचाहिँदा ठाँडो ।

११. चाकमा लाउने लौंटी छैन, काने टोपीको रहर ।

१२. चाकरी गर्नु ठूलाको ।

१३. चाल्नोमा दुहेर दूध अडिन्न ।

१४. चारखुट्टे धन गन्दै नगन ।

१५. चाहिँदैन मखमली चोली गुन्यू भए पुग्छ ।

१६. चिची पनि पापा पनि ।

१७. चितुवा कराउनु बाखो हराउनु ।

१८. चिन्नु न जान्नु घचेटी माग्नू ।

१९. चिन्नु न जान्नू ढुङ्गाले हान्नु ।

२०. चिलाउने र कनाउने दुवै उस्तै ।

२१. चिप्ला मुखको कपटी पेट ।

२२. चोक्टा खान गएकी बूढी झोलमा डुबी मरी ।

२३. चोरलाई चौतारो साधुलाई सूली ।

२४. चोरले कुम्लो लग्यो बोक्नै सजिलो ।

## 5

१. छन् गेडा सबै मेरा छैनन् गेडा सबै टेढा ।

२. छन् गेडी बन्छन् जोडी, छैनन् गेडी नाता तोडी ।

३. छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी ।

४. छाता ओढ्न घाममा हिरा फोर्नू काममा ।

५. छासछुसे देउतालाई फासफुसे पूजा ।

६. छुचुन्द्राको टाउकोमा बेथेको साग ।

७. छेपारालाई जाडो भयो भन्दैमा घाम लाग्दैन ।

८. छेरुवा कुकुरलाई बेथेको साग ।

९. छोटो मानिसको छोटै बुद्धि ।

१०. छोराको कमाई खानू कुना पसी, पोइको कमाइ खानू माझ बसी ।

११. छोराछोरी घरभरि, बूढाबूढी डाँडापारी ।

१२. छोरा पाउने कैले-कैले, भोटो सिउने ऐले ।

१३. छोराल दमिनी ल्याए पनि बुहारी भन्नै पर्छ ।

१४. छोरी छ काखमा खोज्दै हिँड्ने पाखामा ।

१५. छोरी पायो ज्याइँलाई, छोरो पायो बुहारीलाई ।

१६. छोरी पाल्नेले बुहारी पाल्दैन, भैंसी पाल्नेले गाई पाल्दैन ।

१७. छोरी पिटी बुहारी तर्साउनु ।

१८. छोरी भन्छे माइती-माइती माइती भन्थे किन आइती ।

१९. छोरीलाई भनेर बुहारीलाई सुनाउनु ।

२०. छोरो पाउन कहाँ छ कहाँ, पहिले नै कन्नानी बाट्ने ।

२१. छोरो पाउने कैले कैले कम्मर दुख्ने ऐले ।

२२. छोरो पाउने कोइ कोइ अबिर लाउँने मेरो पोइ ।

२३. छोरो भन्दा नाति प्यारो, साउँभन्दा ब्याज प्यारो ।

२४. छोरो हुनु हुपको छोरी हुनु रूपको ।

## h

१. जता खोली उतै माछा ।

२. जति आम्दानी उति खर्च ।

३. जति उफ्रे पनि कुवाको भ्यागुतो कुवो मै ।

४. जति जोगी आए पनि कानै चिरेका ।

५. जति फल्यो त्यति निहुरियो ।

६. जति लामो डोरी बाटेनी गाँठो एउटै ।

७. जति सुँगुर मोटाउँछ उति मुजी छोटाउँछ ।

८. जत्रो दौरा उत्रै खल्ती ।

९. जननी रुन्छिन् जन्मभरी स्वास्नी रुन्छे छिनभर ।

१०. जन्त जानुभन्दा अन्त जानु निको ।

११. जन्मभूमिको बास भाग्यले दिए गर्लास् ।

१२. जन्म घर छाडी कर्मघर लाग्नु ।

१३. जन्मदाको हर्ष मर्दाको शोक ।

१४. जन्म दिनेले कर्म दिनुपर्छ ।

१५.	जब पऱ्यो राति तब बूढी ताती ।
१६.	जबसम्म सास तबसम्म आश ।
१७.	जसका गाई उसको वन, जसका छोरा उसको धन ।
१८.	जसका बारीमा खुर्सानी छैन, उसको जिब्रो ठाडो ।
१९.	जसको भात खाई उसको गीत गाई ।
२०.	जसको जौं खानु उसको गुणगान गाउनू ।
२१.	जसको मन सुद्ध उही बुद्ध ।
२२.	जसको शक्ति उसको भक्ति ।
२३.	जसलाई तिर्खा लाउँछ उही खोला धाउँछ ।
२४.	जसले खान्छ चिसो घिउ उसको सुक्छ जिउ ।
२५.	जसले गर्छ बिहेको रहर उसले जान्छ गोठको बहर ।
२६.	जसले पनि बलेकै आगो ताप्छन् ।
२७.	जसले मह काढ्छ उसले हात चाट्छ ।
२८.	जसले हान्यो उसले जान्यो ।
२९.	जससँग एक कौडी छैन उसको नाम धनपति ।
३०.	जस्ता जस्ता बाहुन बाजे उस्तै उस्तै स्वाहा ।
३१.	जस्तालाई तस्तै ढिंडालाई निस्तै ।
३२.	जस्तो आहार उस्तै व्यवहार ।
३३.	जस्तो खान्छ उस्तै हग्छ ।
३४.	जस्तो देश उस्तै भेष ।
३५.	जस्तो पर्छ त्यस्तै टर्छ ।
३६.	जस्तो पानी खायो, उस्तै बानी भयो ।
३७.	जस्तो रोप्यो उस्तै फल्छ ।
३८.	जस्तो लुगा उस्तै मान मर्यादा ।
३९.	जसलाई गर्छन् हेला उसकै पर्छन् फेला ।
४०.	जहाँ काफल पाक्यो त्यहीँ चरी नाच्यो ।
४१.	जहाँ कामी भेटियो त्यही आरन थाप्यो ।
४२.	जहाँ केरा त्यही बाहुनको डेरा ।
४३.	जहाँ गारो उहीँ सारो ।
४४.	जहाँ गुलियो त्यहाँ बाहुन भुलियो ।
४५.	जहाँ घाउ त्यही घोच्ने ।
४६.	जहाँ चोरको हात त्यहीँ गोजीको मुख ।
४७.	जहाँ जङ्गल त्यही मङ्गल ।

४८. जहाँ दही त्यहाँ बाहुनको सहि ।

४९. जहाँ दारु त्यहाँ थारु ।

५०. जहाँ पाप त्यहीँ फलिफाप ।

५१. जहाँ पुगौँला त्यहीँ आगो फुकौँला ।

५२. जहाँ फूल फुल्छ त्यही माहुरी डुल्छ ।

५३. जहाँ राम उहीँ अयोध्या ।

५४. जहाँ स्त्री उही श्री ।

५५. जहिले आँप पाक्छ तहिले झँटारो हानौला ।

५६. जाँगर न साँगर खाने बेला आँ गर ।

५७. जाँड खाएको मगर, भोकाएको बाहुन र भाङ् खाएको जोगीलाई नछुनू ।

५८. जात फाल्नु गहतको झोलमा ।

५९. जाने बोल नजाने जीउको मोल ।

६०. जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पा बिँड ।

६१. जिउँदाको जन्ती मर्दाको मलामी ।

६२. जिउँदो छउन्जेल पोइ, मरेपछि कोइन कोई ।

६३. जिउँदो बाघको अघि नपर्ने, मरेका बाघको जुँगा उखेल्ने ।

६४. जीउको सार घाँटी कुराको सार खाँटी ।

६५. जीउ सुखी कर्म दुखी ।

६६. जो होचो उसको मुखमा घोँचो ।

६७. जुङ्गा चल्यो कुरा बुझ्यो ।

६८. जुन औँलामा विष लागेको छ, त्यही औँला झर्छ ।

६९. जुन गाईको पुच्छर छैन त्यसको नाम चौरीगाई ।

७०. जुन थालमा खायो उसैमा थुक्ने ।

७१. जुन पोइ होला जस्तो उही जेठाजु परेको ।

७२. जुन रुखको फल खानू, उसैको जरो खन्नू ।

७३. जुन रुखको बोक्रो उतैतिर टाँसिन्छ ।

७४. जूठो खानु मीठोका लागि ।

७५. जैसीका छोरी राँड, वैद्यका छोरी गलगाण्ड ।

७६. जैसीले भन्दा अल्छीले जान्ने ।

७७. जोगीको घरमा सन्यासी पाउना ।

७८. जो चोर उसैको ठूलो स्वर ।

७९. जोसँग छैन एक फाँक सुर्ती, उही लाउँछ लाखको फूर्ति ।

८०. ज्योतिषको काइदा जति शनि बिग्रयो उति फाइदा ।

## em

१.	झगडाको विउ ठूलो चाहिँदैन ।
२.	झगडाको बिउ रोप्नु पर्दैन ।
३.	झडा र आगाको मुस्लो बढ्न बेर लाग्दैन ।
४.	झगडालु स्वास्नी काउछाको माला ।
५.	झगडा नभए दुईटी स्वास्नी ल्याउनु, रिन नभए सुती बस्नु ।
६.	झड्केलो छोरो मुटुको किलो ।
७.	झार जिलाउनु कुरा मिलाउनु ।
८.	झिँगाको सरापले डिँगा मर्दैन ।
९.	झिँजाले मुढो पोल्छ, लहराले पहरो तान्छ ।
१०.	झुटको आयु, साँचो न भेटिँदा सम्म ।
११.	झुटलाई साँचो पार्नु, सुँगुरलाई हात्ती बनाउनु हो ।
१२.	झोल झोल भन्दैमा सबै खुल्यो पोल ।

## 6

१.	टपरीमा सिता भए हजार कौवा झुल्छन् ।
२.	टल्कने जति सबै सुन होइनन् ।
३.	टाउको दुख्छ नाइटोमा ओखती ।
४.	टाढाको आरनभन्दा उदिन जाति ।
५.	टाढाको कामीभन्दा नजिकको उ दिन ढुङ्गो जाति ।
६.	टाढा बसेका दाजुभाइ भन्दा नजिकको छिमेकी जाति ।
७.	टाढा भयो कि माया बढ्यो ।
८.	टाढामाको साइनु देब्रे न दहिनु ।
९.	टीकाको साइत म जान्छु माइत ।
१०.	टीका न टाला त्यसै ससुराली जाला ।
११.	टुपीभन्दा माथि थात छैन, बाहुनभन्दा माथि जात छैन ।
१२.	टुपी समाएर गालामा चट्कन ।
१३.	टुहुराको सहाय दैव ।
१४.	टेकमाथि टेक लिनु ।
१५.	टेक्ने हाँगो समाउने डालो ।
१६.	टोपीको इज्जत गर्दा फेटा हराउनु ।

१७. टोपीको व्यापार खास्टाको खर्च ।

१८. टोपी न सोपी केले कपाल छोपी ।

१९. टौवा जस्तो लोग्नेको पुड्की स्वास्नी ।

## 7

१. ठक्कर नखाई बुद्धि आउँदैन ।

२. ठट्टा गर्दा लट्टा पर्छ ।

३. ठाउँ न ठहर बूढीको रहर ।

४. ठाउँ हेरी खुट्टा राख्नुपर्छ ।

५. ठाडा खोलाको भल लोग्ने स्वास्नीको बल ।

६. ठाडी गाउँबाट आए जस्तो, उभिरहने ।

७. ठालुहरूको जालमा गरिबहरू खालमा ।

८. ठूला देवताका अगाडि साना देवता नै नैवेद सरी ।

९. ठूलो चरी पाशो पारी सानोचरी उदेकले मरी ।

१०. ठूलो भन्नु समुन्द्री नदी झन ठूलो माया जाल ।

११. ठूलो माछाले सानो माछा खान्छ ।

१२. ठूलो रुखको ओत लागे एक झर पानी टर्छ ।

## 8

१. डढेको मकै देउताको नाममा ।

२. डढेको मुखलाई खुदो हालेको पुवा ।

३. डर उसले मान्छ, जसले विराएको हुन्छ ।

४. डरबाट भक्ति र करबाट शक्ति आउँदैन ।

५. डाक्यो न बोलायो, लिँडे पुच्छर डोलायो ।

६. डालो ढल्यो, पीठो उड्यो ।

७. डाहा गर्ने मानिसको सधैं पेट खाली ।

८. ढुङ्गा सडकमा हिँडोस् न गाडा पानीमा हिँडोस् ।

९. डुब्न लागेकोलाई सिनको सहारा ।

१०. डोको बोक्दैछ, सुपारी टोक्दैछ ।

११. डोको न नाम्लो, जा बूडी पानीले ।

## 9

१.	ढङ्ग न ढाल ढिंडाको काल ।

२.	ढङ्ग न सङ्ग सब भताभुङ्ग ।

३.	ढङ्ग मरु कसो गरूँ ।

४.	ढाँटको किरिया उल्लुले पत्याउँछ ।

५.	ढाँटको निम्तो खाई पत्याउनु ।

६.	ढाँटेको कुरा र फाटेको लुगा जति लुकाए पनि लुक्दैन ।

७.	ढाँटले खानी राजा, अल्छीले खानी खाजा ।

८.	ढिङ रस न मुख रस ।

९.	ढिलो होस् छोरै होस् ।

१०.	ढुङ्गाको भर माटो, माटाको भर ढुङ्गो ।

११.	ढुङ्गाको देउता गुन्द्रीको कुस, लोभी बाहुनलाई दक्षिणाको घुस ।

१२.	ढुङ्गामुढाले बाटो बिगार्छन्, बूढाखाडाले कुरा बिगार्छन् ।

१३.	ढुङ्गो खोज्दा देउता मिल्नु ।

१४.	ढुङ्ग्रामा नुन छैन, तिहुनमा झोल ।

१५.	ढोका छोडी झ्यालबाट पस्नू हुँदैन ।

## t

१.	तँ आट् म पुऱ्याइदिउँला ।

२.	तँ बाहुन म बाहुन घरका पैसा कतै नजाउन ।

३.	तँलाई केही गर्दिन तेरा पेटका किरा मार्छु ।

४.	तँलाई खाने बाघले मलाई पनि खान्छ ।

५.	तरुल खानेले माटो पनि खानै पर्छ ।

६.	तरवारले मार्छ एकपटक, गुनले मार्छ सय पल्ट ।

७.	तरवारले हानेको पुरिन्छ, वचनले हानेको पुरिंदैन ।

८.	तरुनी बेस्से सातवटा पोइ, मर्न लागि बेस्से कोइ न कोइ ।

९.	ताक परे तिवारी नत्र गोतामे ।

१०.	ताकेको मुड्की भन्दा हानेको मुड्की वेश ।

११.	तातै खाउँ जली मरु ।

१२.	ताप्के तात्न काँछ काँछ, बिँड तात्ताको हतपत ।

१३.	तारा नझर्दै बिहान हुँदैन ।

१४.	तालिम पुगे बाँदर पनि नाच्छ ।

१५.	तिग्रा चल्दैन मझेरीमा फल्दैन ।

१६. तित्राको मुखै बैरी ।
१७. तिर्नु न तार्नु रिन मात्रै काढ्नु ।
१८. तिहारपछिको कोल के काम ।
१९. तीजको कुरा गरे पनि खाए जस्तो हुन्छ ।
२०. तीजमा नलाएको गहना कहिले लाउनु ।
२१. तीजमा नलाएको गुन्यु कहिले लाउनु ।
२२. तीताको बोटै नछोडउँ, मिठाको जरै नछोडुँ ।
२३. तीर्थ जानु काँशी भात नखानु बासी ।
२४. तीर्थ जानु काँशी स्वास्नी ल्याउनु जाँची ।
२५. तीन आनाको मान्छे छैन, सय आनाको कुरा ।
२६. तीन पैशाकी कमारीलाई छ पैसाको गुन्यू ।
२७. तीन सुकाको खुकुरी नौ सुकाको बिँड ।
२८. तीन हाते मानिसको नौ हाते जुङ्गा ।
२९. तेल पनि दिनु घसी पनि दिनु ।
३०. तेसै त बुहारी झन् भट्मास खाएकी ।
३१. तोलाको वचन खोलामा ।

## y

१. थान न बास ठाउँ न थलो ।
२. थपी थपी दूध र भात ।
३. थारी स्वास्नीलाई सुत्केरीको वह ।
४. थारु खाई पक्का बाहुन नुहाई पक्का ।
५. थाल खानु न भात खानु ।
६. थुकेको थुक कसैले चाहँदैन ।
७. थुतुनो र मुतुवो जोगाउनु पर्छ ।
८. थोपा थोपा सँगालेर सागर बन्दछ ।
९. थोप्ला थोप्ला सँग्लीएर गाग्रो भरिन्छ ।
१०. थोरै खानू मिठो खानू ।
११. थोरै भए सरासर धेरै भए हेराहेर ।
१२. थात्रो घरमा मुसाको रजाइँ ।
१३. थोत्री बूढीलाई भुटेको मकै ।

## b

१. दउरा न सौराको खल्ती ।

२. दमाई कामकिो बोली वर्ष दिन टोली ।

३. दमाईको थुक चोखो, बाघको मुख चोखो ।

४. दमाईको बिहेमा सयजना जन्ती ।

५. दमाईकै दौराको तुना छिनेको ।

६. दश घर माइती हल्ला खल्ला, एउटा चोलो बल्ल ।

७. दाँत नहुनेको आँत हुन्छ ।

८. दाँत फुक्लेको बूढालाई घिउ हालेको खट्टे (खट्टे) ।

९. दाँतले चपाउने जिब्राले स्वाद लिने ।

१०. दाइको लाहुर भालुवाङसम्म ।

११. दाजुसँग खाने भाउजूसँग उठ्ने ।

१२. दालभात तरकारी मालभरि सरकारी ।

१३. दाहिने हातले खाए नि उही मुख देब्रे हातले खाए नि उही मुख ।

१४. दिउँ आफू नाङ्गो नदिउँ इष्ट बाङ्गो ।

१५. दिउँस तेल दिँदा नखाने राति उठी कोल चाहने ।

१६. दिएर आफ्नो र खौरेर मसिनो कहिल्यै हुँदैन ।

१७. दिन कमिनी कपाल कोर रात कमिनी घोँचा चोर ।

१८. दिन खाएको तर दाह्री जुङ्ग नआएको ।

१९. दिनभरी बाहुन, रातभरी डाउन ।

२०. दिनभरी रामायण पढ्यो सीता कस्की जोई ?

२१. दुई घरको पाहुना भोकै ।

२२. दुई जोईएको पोइ कुना बसी रोई ।

२३. दुईटा डुङ्गामा खुट्टा हालेर पार लाइँदैन ।

२४. दुःख परे नआत्तिनु सुख परे नमात्तिनू ।

२५. दुःख पाइस मङ्गले आफ्नै ढङ्गले ।

२६. दुःख र दर्दले घिउको अर्नी खान्छ मर्दले ।

२७. दुलहीको रातो सुत्केरीको तातो ।

२८. दुलाहा मरोस कि दुलई मरोस् मेरो दक्षिणा खल्ती परोस् ।

२९. दुलाहालाई टपरी छैन दमाईलाई थाल ।

३०. दूध उम्ले अगेनामा छोरी उम्ले खौलामा/खोलामा ।

३१. दूधको दूध पानीको पानी ।

३२. दूध दिने गाइको लात सहनुपर्छ ।

३३. देउता पुज्दैनन् कुरा बुझ्दैनन् ।

३४. देउता र पित्र सबै मुखभित्र ।

३५. देखेको पाइन्न लेखेको पाइन्छ ।

३६. देख्दा सानी कुराकी खानी ।

३७. देख्नमा राम्रो खानमा चाम्रो ।

३८. देख्नमा हिरो पढ्नमा जिरो ।

३९. देख्नेका आँखा फुटे सुन्नेको सही ।

४०. देशका निम्ति बूढा लडाईका निम्ति सूरा ।

४१. देश खाएर शेश पल्टेको ।

४२. देश गुनाको भेष तन गुनाको मन ।

४३. दैवको लाठी दुनियाँ माथि ।

४४. दैवले आँटे कसको के लाग्छ त ?

४५. दैवले नजानेको धामीले जान्छ ।

४६. दैवेल नदिएपछि कस्को के लाग्छ र ?

## W

१. धनको मुखै कालो ।

२. धन देख्दा महादेवको तीन नेत्र ।

३. धन धनै रह्यो मन मनै रह्यो ।

४. धन भए धर्म हुन्छ ।

५. धन भए भाँतिभाँति, छोरा भए नाति पनाति ।

६. धनीको धन प्यारो गरिबको जिउ प्यारो ।

७. धर्मको धन साँचो, पापको धन काँचो ।

८. धर्मको धन साँचो, पापको मन काँचो ।

९. धर्म गर्न जाँदा पाप आइलाग्छ ।

१०. धर्म गर्ने पाप जान्दैन,खेती गर्ने भोकै मर्दैन ।

११. धाक भन्दा धक्कू ठूलो हिंड्ने बेला खुट्टा लुलो ।

१२. धानका जात र बाहुनका थर धेरै हुन्छन् ।

१३. धान खाने मुसो चोट पाउने भ्यागुतो ।

१४. धान पाके निहुरिन्छ, कोदो पाके ठाडो हुन्छ ।

१५. धार्नी न विशौनी दुई हातले उचाली ।

१६. धीरताको फल मीठो हुन्छ ।

१७. धेरै खाए गुण पनि चिसो ।

१८. धेरे खाएमा अमृत पनि विष बन्छ ।

१९. धेरै लुगा धेरै जाडो थोरै लुगा थोरै जाडो ।

२०. धोतीको जुम्रो तालुमा, पहिलो बिहेको पालुमा ।

२१. धोबीको कुकुर घरको न घाटको ।

२२. धोबीको गदाले जति पनि बोक्छ ।

२३. धोबीलाई हतार हुँदैमा राति घाम लाग्दैन ।

## g

१. नकच्चरा पाहुनाका निस्ता निस्ता गाँस ।

२. नकटीको झुम्के बुलाकी ।

३. नकटीलाई लाज लाग्दैन ।

४. नखाउँ भने दिनभरिको शिकार खाउँ भने कान्छा बाबुको अनुहार ।

५. नखाऊ बूढा तमाखु कैला हुन्छन् जुङ्गा ।

६. नङले चिमोटे हुनेलाई बन्चरोलाउनु पर्दैन ।

७. नजीकको तीर्थ हेला ।

८. नदी तऱ्यो लौरो बिर्स्यो ।

९. नदुखेको कपाल डोरी बाटेर के दुखाउनु ।

१०. नपत्याउने खोलाले बगाउँछ ।

११. नपाउञ्जेल कस्तो-कस्तो पाए पछि सस्तो ।

१२. नपाउनेले केरा पायो बोक्रैसित खायो ।

१३. न बिराउनु न डराउनु ।

१४. नमच्चिने पीङ्को सय झड्का ।

१५. नयाँ जोगीले धेरै खरानी घस्छ ।

१६. नयाँ लुगा नयाँ जाडो ।

१७. नरमले हुने काम गरमले हुँदैन ।

१८. न रह्यो बाँस न बज्यो बाँसुरी ।

१९. नरोई आफ्नो आमाले पनि दूध खुवाउँदिनन् ।

२०. नहुनु भन्दा कालो मामा नै जाति ।

२१. नाक काटिएकी नकच्चरी, दश घर चाहार्छे ।

२२. नाङ्लो ठट्याएर हात्ती तर्साउनु ।

२३. नाच्न नजान्ने आँगन टेढो ।

२४. नानी देख्दा माया आची देख्दा घिन ।

२५. नानीमा लाएको बानी कसैगरी नजाने ।

२६. नामर्दकी स्वास्नी हुनुभन्दा, नोकर्नी हुनु वेश ।

२७. नामर्दको धन मर्दले खान्छ ।

२८. निर्धनको लागि धन ठूलो ।

२९. नेवार इष्ट र बाहुन दुष्ट कहिल्यै हुँदैन ।

३०. नेवारको रोपाइँ सातुको अर्नी ।

३१. नेवार गरिब भए पुरानो बही पल्टाउँछ ।

३२. नेवार बिग्रयो भोजले ठकुरी बिग्रयो मोजले ।

३३. नौ दिनमा नौलो बिस दिनमा बिर्स्यो ।

३४. नौलो स्वास्नी नयाँ घर, नयाँ लुगा नौलै थर ।

## k

१. पक्का खाना, राम्रो दक्षिणा ।

२. पखालाले नै काम पुऱ्याइदिन्छ भने छेराउटी किन चाहियो ।

३. पछि आउने माझमा सुत्ने ।

४. पछि आउनेलाई ठूलो भाग दिने ।

५. पढ्न त पढेको तर गुनेको छैन ।

६. पञ्चे बाजाको अगाडि सारङ्गीको ऱ्याङ् ऱ्याङ् ।

७. पढ्नु गुन्नु इज्जत र धन जोड्नु ।

८. पर्छ त छोरालाई पर्छ, बेलामा घोडा पनि चढ्छ ।

९. पर्देशी बटुवासँग मितेरी नातो ।

१०. पर्सेको बोको कति दिन रहने ।

११. पल्केको मिल्के घरिघरि झिल्के ।

१२. पहरासँग कुहिनाको के जोर ।

१३. पहाडलाई कुहिनाको के जोर ।

१४. पहाडलाई कुहिनाको धक्कू ।

१५. पहिलो दिनको पाहुना मिठो मिठो खा, दोस्रो दिनको पाहुना जसोतसो खा, तेस्रो दिनको पाहुना जतासुकै जा ।

१६. पाउनाको निउँ मलाई दे घिउ ।

१७. पाउनालाई आइदिए भयो केटाकेटीलाई रोइ दिए भयो ।

१८. पाउनाले आउन जान्दैन, पिलोले हुन जान्दैन ।

१९. पाए मकै नपाए भोकै ।

२०. पाडो खानेले बाच्छो राख्दैन ।

२१. पाडो पाए पनि सन्तान पाडी पाए पनि सन्तान ।

२२. पाडो लाटो भएर दूध खान्छ, कौवा बाठो भएर गुहु खान्छ ।

२३. पानी खाएपछि जाति सोध्नु ।

२४. पानीमा टेकेर पाइला नपार्ने ।

२५. पानीमा बसी गोहीसँग रिसिबी ।

२६. पानी माथिको ओभानो बन्नू ।

२७. पापको घैंटो भरिएपछि पोखिन्छ ।

२८. पापीको मनमा शान्ति कहिल्यै हुँदैन ।

२९. पितृलाई तर्पण, बाहुनलाई अर्पण र स्वास्नीलाई दर्पण दिनु ।

३०. पियुषको घाडा भित्रीकोटमा ।

३१. पुस फासफुस ।

३२. पुरानो माया पुस्तौसम्म रहन्छ ।

३३. पुर्खाको पुवप पाप पुस्तौंलाई फलिफाप ।

३४. पूजा न आजा पटुक भरि खाजा ।

३५. पेटबाट सिकेर कोही आउँदैन ।

३६. पोइ कलकत्ता घरमा स्वास्नी वेपत्ता ।

३७. पोइ देख्दा रहर लाग्छ बानी देख्दा डर लाग्छ ।

३८. पोइ पर्‍यो तेरो, ताक पर्‍यो मेरो ।

३९. पोथी बासेको अलच्छिन हुन्छ ।

४०. पोहोरको कमाइ अहिलको रमाइ ।

४१. पोहोर मरिन् सासू अहिले आयो आँशु ।

४२. प्युठानको तिहार दाङको दशैं ।

४३. प्युठानी ज्वाइँको मुखै रसिलो ।

४४. प्युठानी ज्वाइँको मुखै रसिलो ।

४५. प्युठानी मूला जत्रा भन्यो तत्रा ।

४६. प्रेमले जात कुजात जान्दैन नीदले राडी पाखी माग्दैन ।

## km

१. फड्किने उपियाँ मिचिने जुम्रो ।

२. फत्फताउने मालिकको वडवडाउने नोकर ।

३. फत्ते गर्ने  हनुमान पगरी गुथ्ने ढेंडु ।

४. फल खुवाउनु बोट नचिनाउनु ।

५. फल पाकेपछि नझरी छाड्दैन ।

६. फल हेरे बोट चिनिन्छ ।

७. फलामलाई तिखार्नु पर्छ, काँडालाई पर्दैन ।

८. फलामलाई फलामले काट्छ ।

९. फिस्टाले बाँस नुगाउनु ।

१०. फुकेको तमाखु, डुँडको भात, बाटामा हिंड्ने तरुनीको के आश ?

११. फुल पार्ने एउटा बच्चा कोरल्ने अर्को ।

१२. फुलमा पनि काँडा हुन्छ, घृणामा पनि माया हुन्छ ।

१३. फूलको बासना वरिपरि, मानिसको बासना डाँडापारि ।

१४. फूल राम्रो हाँगैमा मानिस राम्रो कामैमा ।

## a

१. बजाउन जाने पो बज्छ मुरली ।

२. वडाको रिस पैतालामुनि, छोटाको रीस टाउको माथि ।

३. बत्ती पनि निभ्यो लाटीका कुरा पनि सकिए ।

४. बत्तीमुनिको अँध्यायो समाउनेलाई घाटा ।

५. बद्री गएँ केदार गएँ कनकनको भाका सिकी आएँ ।

६. बनकी चरी बनमै रमाउँछे ।

७. बनको चरो बनैको ढुङ्गो ।

८. बनको बाघले खाओस् नखाओस् मनको बाघले खान्छ ।

९. बन जाईयोस् न बाघले खाओस् ।

१०. बन साङ्लाले घर साङ्लालाई खान्छ ।

११. बरु पाँच रूपैयाँ तिर्नु मुद्दा मामिला नगर्नू ।

१२. बरु मर्नु टाङ्मुनि कसैको नपर्नू ।

१३. बर्कत छैन आफूसित, रिस गर्छ ठूलासित ।

१४. बर्कत न बुता जोरी खोज्छ लुता ।

१५. बर्त बस्नू एकादशी, तीर्थ जानु काँशी ।

१६. वर्त बस्ने हामी फल खाने तिमी ।

१७. बर्मा गए कर्मसँगै नेपाल गए कपालसँगै ।

१८. बलियाको त मुत्नी पनि हतियार बन्छ ।

१९. बल्याबाङ्गा बाघलाई बूढाखाडा माघलाई ।
२०. बसेर बोलुँ त सुन्ने कोही छैन, उठेर बोलु त हावाले लैजान्छ ।
२१. बस्नेको माटो हिंड्नेको बाटो ।
२२. बहिरोलाई पुराण अन्धोलाई ऐना ।
२३. बहिरोसँग कानेखुशी, लङ्गडोसँग बुर्कुशी ।
२४. बहुला कुकुरलाई फूलबारी डेरा ।
२५. बाँचेको पितृको मान छैन, मरेका पितृलाई दान ।
२६. बाँच्ने छोरालाई ओखती न मूलो ।
२७. बाँदरको घाँटीमा मोतीको माला ।
२८. बाँदरको घाउ कैले थाक्न नपाउ ।
२९. बाँदरको पुच्छर लौरो न हतियार ।
३०. बाँदरको मुख देख्दा माया लाग्छ बेहोरा देख्दा रिस ।
३१. बाँदरको मुख नखाए पनि रातै खाए पनि रातै ।
३२. बाँदरलाई लिस्नु, छोरालाई सिस्लु ।
३३. बउन्न ठक्कर त्रिपन्न हण्डर ।
३४. बाउले पुल्पुल्याएको छोरो सधैं बाबुसाहेब ।
३५. बाखाको ज्यान गयो खान स्वाद आएन ।
३६. बाखाको पुच्छर खाएको जस्तो, कति आतिएको ?
३७. बाखीको पुच्छर काटे बोकेलाई स्वाद ।
३८. बाघ कराएको बाखो हराएको ।
३९. बाघको छालामा स्यालको रजाइँ ।
४०. बाघको बच्चा बाघै बन्छ ।
४१. बाघ बूढो भए फटेङ्ग्रो टिप्छ, मान्छे बूढो भए निहु खोज्छ ।
४२. बाघ बूढो र स्याल तन्नेरी ।
४३. बाघले गाईबाखाको गोठाला जानु, कुकुरले मासुको पहरा दिनु ।
४४. बाघले गीता सुनेर गाई मार्न छोड्दैन ।
४५. बाघले हात्ती लत्तार्‍यो, स्याललाई दशैं ।
४६. बाटो छोडी कुबाटो नलाग्नू ।
४७. बाटो न घाटो दगुर्छ लाटो ।
४८. बाटोमा हराएको खाटमा खोजेर पाइँदैन ।
४९. बात गर्न जाने लात खानु पर्दैन ।
५०. बात नबढाउनू, बरु चुप लाग्नु ।
५१. बादल नभई पानी पर्दैन ।

५२. बानीले रानी हुन पाइन्छ ।

५३. बाबु आमाको मन छोराछोरीमाथि, छोराछोरीको मन ढुङ्गामुढामाथि ।

५४. बाबुआमा मरे घिउ र भात,जोत्ने गोरु मरे पुर्पुरोमा हात ।

५५. बारी काटी घडेरी खेत काटी कुलो ।

५६. बारी न बिरुवा नौ मुरी तोरी ।

५७. बारी बिग्रियो कुनाकानी मान्छे बिग्रियो जानाजानी ।

५८. बाह्रवर्ष जागिर खायो एउटा बन्दुक नपड्काएर ।

५९. बाह्रवर्षको पाप धुरीबाट कुर्लन्छ ।

६०. बाह्रवर्षमा खोली पनि फर्कन्छ ।

६१. बाह्रवर्षमा पोइ आको मै राँडीलाई ज्वरो आको ।

६२. बालखकी आमा बूढाकी स्वास्नी ।

६३. बालखमा खुवायो दूध र भात, ठूलो भएपछि उसैको लात ।

६४. बाल ब्रह्मचारी केटी देखे आँखा मारी ।

६५. बाहुन चरी देउता सरी ।

६६. बाहुनलाई खाई जाडो क्षत्रीलाई नुहाई जाडो ।

६७. बाहुनले च्याउ खाओस् न चाल पाओस् ।

६८. बिख नभएको सर्प र ईख नभएको मान्छे काम लाग्दैन ।

६९. बिखले मानिस मर्छ, ईखले मानिस सप्रन्छ ।

७०. बिग्रेको मान्छेको भत्केको घर ।

७१. बिच्छीको मन्त्र नजान्नेले सर्पको दुलामा हात हाल्ने ।

७२. बिजुली चम्कियो खेती सप्रियो ।

७३. बिंड तातेर के गर्नु ताप्के ताते पो हुन्छ ।

७४. बिरालो ब्याए के भो तुहिए के भो ।

७५. बिसको उन्नाइस नहुनू ।

७६. बिहा गर्नु ढिलो, खेत जोत्नू चाँडो ।

७७. बिहा गर्ने हतपतले केटी हेर्न बिर्स्यो ।

७८. बिहा नगरेको भए पनि जन्त त गाछुँ ।

७९. बुहारी शरमकी, छोरी करमकी चाहिन्छ ।

८०. बूढेसकालको जीउ खान खोज्छ घिउ ।

८१. बूढो आयो लुरुक्क, बूढी उठी जुरुक्क ।

८२. बूढो गोरु बेची चैतलाई काम्लो ।

८३. बेइमानीको घर छैन, बेस्सेको भर छैन ।

८४. बेइमानीको मुख कालो सज्जनको मुख उज्यालो ।

८५. बेथाको विउ रुघा, झगडाको निहु जुवा ।

८६. बैगुनीलाई गुनले मानुपर्छ ।

८७. बैगुनीलाई गुनले मार्नु मकै रोटी खेर ।

८८. बैंसमा स्याल पनि मृग बन्छ ।

८९. बोकाको कुन दारी कुन जुङ्गा ।

९०. बोकाले दाइँ हुने भए गोरु किन चाहिन्थ्यो ।

९१. बोको बढेपछि आफ्नै मुखमा मुत्छ ।

९२. बोक्सीको आँखो ठूलो चोरको डाँको ठूलो ।

९३. बोट अनुसारको छायाँ नाता अनुसारको मायाँ ।

९४. बोली फुस्क्यो कि कुरा खुस्क्यो ।

९५. बोलीभन्दा गोली मिठो ।

९६. बोली र गोलीले फर्कन जान्दैनन् ।

९७. बोलेर टाठो र दगुरेर छिटो भइन्न ।

९८. बोल्नेको पीठो बिक्छ नबोल्नेको चामल बिक्दैन ।

## e

१. भए खाउँला नभए जाउँला ।

२. भकारीमा नाम्लो लाएर हुन्न ।

३. भताभुङ्ग देशको लथालिङ्ग चाला ।

४. भत्केका घरलाई टालेको झ्याल ।

५. भन्नेलाई सजिलो सहनेलाई गाह्रो ।

६. भन्नेहरूको मुख थुन्न सकिन्न ।

७. भल आएर माछा जाल बुन्न सासा ।

८. भलो गरे ईश्वरले, बिगार गरे आफैले ।

९. भाग पाउनु कता कता पुरा खान सरखर ।

१०. भाङ् खाएको जोगी, भोकाएको बाहुन र जाँड खाएको मगरलाई नछुनू ।

११. भाँचिए साधनको हलो मरे बाहुनका गोरु ।

१२. भाग्यमा छ भन्दैमा चाल्नोमा दूध अडिन्न ।

१३. भाग्यमानी आउँछ पाउनी बेला अभागी आउँछ रिसाउनी बेला ।

१४. भाग्यमानीको खप्पर ठूलो अभागीको लक्कर ठूलो ।

१५. भाग्यमानीको भैँसी बर्षौदे अभागीको स्वास्नी वर्षौदे ।

१६. भाग्यमा भए धुरीबाट बर्सन्छ ।

१७. भात नखाए चुठ्न पर्दैन ।

१८. भातलाई पानी छैन तिहुनलाई झोल ।

१९. भान्सा चाख्दै हिंड्नेको भर नपर्नू ।

२०. भान्सेको बिग्रे एक छाक, किसानको बिग्रे एक साल ।

२१. भालुको रिस खनियो माथि ।

२२. भित्ताका पनि कान हुन्छन् ।

२३. भित्र खोक्रो बाहिर बोक्रो ।

२४. भीख पनि माग्नु छ शेखी पनि झार्नुछ ।

२५. भीरको बारीमा मल हाल्नू, बूढो पोइ पोस्नू बराबर ।

२६. भीरबाट खस्ने गाईलाई रामराम भन्न सकिन्छ, काँध थाप्न सकिन्न ।

२७. भेडा भेडासित बाखा बाखासित ।

२८. भैयो मुखिया पाइयो चोट ।

२९. भैंसी बेचिसेकपछि सिङ र पुच्छरको कुरा ।

३०. भोक न भोकारी सोक न सुर्ता ।

३१. भोकमा पाइन मकैका ठेला, वैशमा पाइन पोइ साथमा ।

३२. भोकले मिठो खोज्दैन, निन्द्राले ओच्छ्यानत रोज्दैन ।

३३. भोकाएर बाघले घाँस कैल्यै खाँदैन ।

३४. भोकै बसेर धर्म र डोको बोकेर धन हुँदैन ।

३५. भोको भन्छ, डाँडावारी खाउँ अघाएको भन्छ डाँडापारि खाउँ ।

३६. भोज भतेरमा अघि र लडाइँमा पछि लुक्नु ।

३७. भ्यागुताको लागि कुवै स्वर्ग ।

३८. भ्यागुतो जति उफ्रे पनि काल्ना मुनि नै ।

३९. भ्यागुतोले जति उफ्रे पनि कुवै भित्र ।

४०. भ्यागुतोले जति उफ्रे पनि नदी/समुन्द्र धमिलिन्न ।

४१. भ्यागुताले संसार कुवा नै हो भन्छ ।

## d

१. मकैका फुला पड्कँदैमा हाँडी फुट्दैन ।

२. म ताक्छु मूढो बन्चरो ताक्छ घुँडो ।

३. मन आफ्नो चिन्नू मान्छे पराइ चिन्नू ।

४. मनको अंकुशी ज्ञान तनको अंकुशी ध्यान ।

५. मनको लड्डु खाएर भोक हराउँदैन ।

६. मन चङ्गा त लोटामा गङ्गा ।

७. मन डढे पलाउँदैन वन डढे पलाउँछ ।

८. मन नपरेकी बुहारी पाहुनासित सुत् ।
९. मन नपरेको मानिसको सासै गनाउँछ ।
१०. मन परेकी स्वास्नीको पादै पनि सुगन्धित ।
११. मन काटेपछि र दूध फाटेपछि मिल्दैन ।
१२. मनले चिन्नू मुखले नचिनाउनू ।
१३. म परे मीतका भर, मीतले परे कनिकका भर ।
१४. म राजा भएको भए खुदै खुदो खाने थें ।
१५. मरेको देशीले जिउँदो नेपाली ठग्छ ।
१६. मरे सासूको छोरो बाँचे मेरो पोइ ।
१७. मर्दले आँटै गर्दैन आँट गरे नपुऱ्याई छोड्दैन ।
१८. मर्दले आँटे वर्ष दिन नारीले आँटे एकै छिन् ।
१९. मर्नुभन्दा बहुलाउनु निको ।
२०. मर्नेबेला धमिराको पनि प्वाँख उम्रन्छ ।
२१. मर्ने बेला बुद्धि उल्टो हुन्छ ।
२२. मर्नेबेला हरियो काँक्रो ।
२३. माखो मार्ने हुति छैन के गर्ला कमाई ?
२४. मागीमागी सन्तानको बिहे ।
२५. माग्नेलाई दिन्छु नभन्नू राँडीलाई लान्छु नभन्नू ।
२६. माछाका बच्चालाई पौड्न को सिकाओस् ?
२७. माझीको सल्लाहले दश गाउँ डुब्यो ।
२८. माटाको भाँडालाई काठको मुङ्रो ।
२९. मातेका बोकालाई कुन बाखी कुन पाठी ।
३०. मान्छेका जातले गुन सम्झदैन, कुखुराको जातले नुन सहँदैन ।
३१. मान्छे खेद्नू अँघिबाट, डिँगा खेद्नु पछिबाट ।
३२. मान्छे राम्रो गुनले तिहुन राम्रो नुनले ।
३३. मामाको बारीमा साग छ, भान्ज निस्तै ?
३४. मारे पाप पाले पुण्य ।
३५. माल पाएर के गर्नु चाल पाए पो हुन्छ ।
३६. मावलीको घर सुखको लहर ।
३७. मावली जानू झुत्रो झाम्रो, ससुराली जानु ठाँटिएर राम्रो ।
३८. मुख नबोल्नेको चाक बोल्न थाल्छ ।
३९. मुखमा रामराम बगलीमा छुरा ।
४०. मुखमा लाउने माड छैन मुजीमा लाउने जाइफल ।

४१. मुती पनि सके दैलो पनि देखें ।

४२. मुसाकी छोरी मुसालाई ।

४३. मूर्खलाई अर्ति विष बराबर ।

४४. मूर्खलाई कुँदेलो माछाको काल ।

४५. मूर्खलाई सय कोर्रा बुद्धिमानलाई एक कोर्रा ।

४६. मूलको पानी खानू, कुलकी छोरी बिहे गर्नू ।

४७. मेरो गोरुको बाह्रै टक्का ।

४८. मैतालु चेलीको गाँवैभरी चर्चा ।

४९. मौकामा हिरा फोड्नू, बेमौकामा कौडी नछोड्नू ।

## o

१. यता गाई उता गङ्गा ।

२. यता न उता हातमा जुत्ता ।

३. यतिका बेर कुरा गऱ्यो तल्लारे बूढी जिउँदै ।

४. यमराजले प्राण हर्छन् वैद्यले पेट भर्छन् ।

५. यो बूढी मर्नेछे फाल्न मलाई कर छ ।

६. यो संसारको रित एउटा बिग्रे अर्काको गीत ।

७. यौटा कानले सुन्नू अर्को कानले उडाउनू ।

८. यौटा थाप्लोमा दुईटा नाम्लो ।

## /

१. रगत खान नपाएको बाघ सम्साझै बाटो ढुक्छ ।

२. रण्डीहरूको प्रेम पैशा होउन्जेल ।

३. रत्नको कदर रत्नैले गर्छ ।

४. रस लिन कि त भमराले जान्छ कि मर्दले जान्छ ।

५. रसाएको ताप्केमा बसाएको भात ।

६. राँडीका दिन बित्छन्, टुहुराका दिन फिर्छन् ।

७. राँडीलाई ढोग दियो मै जस्ती भएस् ।

८. राँडीलाई लैजाम्ला नभन्नू गरिबलाई दिम्ला नभन्नू ।

९. राजाको काम कहिले जाला घाम ।

१०. राजाको काम छाडी कामीको ट्याउली ।

११. राजाको बाटोमा हिंड्न के को डर ?

१२. राजा खान्छ निसाफले साहु खान्छ हिसाबले ।

१३. राजा देखे डर हराउने, आमा देखे भोक हराउने ।

१४.	राजा मरेर राज्य हराओस् न काजी मरेर कजाइँ हराओस् ।
१५.	रातभन्दा सपना लामो ।
१६.	रातभरि करायो दक्षिणा हरायो ।
१७.	रात लामा भए पनि भोली त उज्यालो हुन्छ ।
१८.	रातो राम्रो गुलियो मिठो ।
१९.	रामनाम लिने अगति पर्दैन, कोदालो खन्ने भोकै मर्दैन ।
२०.	राम्रो देख्यो भाङ्ग्रो लायो, मिठो पायो जुठो खायो ।
२१.	रित्तो गाग्री छचल्किन्छ ।
२२.	रिन तिरेर सकिन्छ, गुन तिरेर सकिन्न ।
२३.	रिन लागे नडराउनू,, दिन लागे डराउनू ।
२४.	रिसले आफूलाई खान्छ, बुद्धिले अर्कालाई खान्छ ।
२५.	रुख अनुसारको छायाँ नाता अनुसारको माया ।
२६.	रुख चढी फेँद काट्ने ।
२७.	रुखमा फल पाकेपछि एक दिन झर्छ ।
२८.	रूद्रघण्टी नहुनेले कुरा अड्कल/रोक्न सक्दैन ।
२९.	रूप रुन्छ सीप खान्छ ।
३०.	रूपैयाँले रूपैयाँ तान्छ ।
३१.	रोगको लक्षण काँसो, बेस्सेको लक्षण हाँसो ।
३२.	रोगीको भित्र ओखती प्रदेशका मित्र विद्या ।
३३.	रोटी चिल्ला मिठा कुरा खस्रा मिठा ।

## n

१.	लङ्कामा सुन छ, कान मेरो बुच्चै ।
२.	लङ्गडाले चोर पक्रन्छ, कानासँग गुहार माग्छ ।
३.	लहरो तान्दा पहरो थर्किन्छ ।
४.	लागेको बानी जाँदै नजानी ।
५.	लाज मानेर काज चल्दैन ।
६.	लाटाको देशमा गाँडा तन्नेरी ।
७.	लाटाले लय हाल्यो, बहिराले सुन्यो ।
८.	लाटो खान्छ एक बल्ड्याङ बाठो खान्छ तीन बल्ड्याङ ।
९.	लाटोले बाठोलाई बाटो देखाउँछ ।
१०.	लाम पोखरीको मेला जन्ती न दाइजो ।
११.	लिखितम्का अगाडि बकितम्को केही लाग्दैन ।
१२.	लेखेको पाइन्छ देखेको पाइन्न ।

१३. लेख्न जान्दैन कलम टेढो ।

१४. लेख्ने भुल्छ, बोल्ने चुक्छ ।

१५. लोग्ने छोराको किरिया टाङमुनी छिरिजा ।

१६. लोग्ने झाँक्री स्वास्नी बोक्सी ।

१७. लोग्ने मान्छेले आँटे वर्ष दिन स्वास्नी मान्छेले आँटे एकै छिन् ।

१८. लोग्ने स्वास्नीको झगडा परालको आगो ।

१९. लोभ गरे लन्डा मिल्छ ।

२०. लोभले पाप, पापले ताप, तापले सखाप ।

२१. लोभीको धन घरिघरि गन ।

२२. लोभीको भाँडो कैल्यै भरिन्न ।

२३. लोभी भाग बाँड्न सक्दैन, हग्वा अघि लाग्न सक्दैन ।

२४. लोभीलाई धनले ज्ञानीलाई गुनले बाँध्नू ।

## j

१. वचनको चोट मनको घाउ ।

२. वचनले पिटे पछि लौरो चाहिन्न ।

३. वनकी चरी वनमै रमाउँछे ।

४. वनको काँढा तिखार्नु पर्दैन ।

५. वनको बाघले खाओस् नखाओस् मनको बाघले खान्छ ।

६. वन जाओस् न बाघले खाओस् ।

७. वल्लो घाट न पल्लो तिर ।

८. वरपरको तितो माझको मिठो ।

९. वर्षदिनको खेती फटेङ्ग्राले मेटी ।

१०. वर्षाको सोँच हिउँदमा गर्नुपर्छ ।

११. विधातालाई दाता, के काम ?

१२. विना गोरुको के दाइँ ?

१३. विना बादल पानी पर्दैन ।

१४. वैरागीलाई हुक्का चिलिम जे भए नि हुन्छ ।

१५. वैरीको मुखै कालो ।

१६. वैरो हाले पैरो चल्छ ।

## z

१. शङ्काले लङ्का जलाउँछ ।

२. शरण परेकालाई मरण गर्नु हुन्न ।

३. शरीरको शोभा शिर बडाको शोभा धिर ।

४. शत्रुलाई दुःख दिनू मित्रलाई सुख दिनू ।
५. शिरमा टोपी छैन खुट्टामा खोल ।
६. शोँच गर्न सके मोज गर्न पाइन्छ ।
७. शोक न सुर्ता भोक न भिखारी ।

## ;

१. सँगै बसी सुतिएकी लाज मान्दै घुम्टो कसी ।
२. सङ्गत गुनाको फल, मान्छे गुनाको बल ।
३. सच्चाको मुखै हँसिलो, झुट्टाका मुखै अमिलो ।
४. सज्जनका सबै आफ्ना दुर्जनका सबै बिराना ।
५. सज्जन निहुरिन्छ दुर्जन ठडिन्छ ।
६. सज्जनसँग अँघि सर्नु दुर्जनसँग पछि हट्नू ।
७. सबै कुकुर काँसी गए 'गु' के ले खाला ।
८. सबैको ओखती हुन्छ, मूर्खको ओखती हुँदैन ।
९. सबै जोगी मर मेरै तुम्बा थर ।
१०. सबै ढुङ्गा शालिग्राम हुन्नन् ।
११. सबैभन्दा पछि आउने माझमा सुत्न खोज्ने ।
१२. सबै वनमा श्रृखण्ड पाइन्न, सबै हात्तीमा मोती पाइन्न ।
१३. सर्पको विख सर्पलाई लाग्दैन ।
१४. सर्प पनि मरोस् लट्ठी पनि नभाचियोस् ।
१५. सर्प भागिसक्यो काँचुली पिटेर के काम ।
१६. सर्पलाई दूध खुवाएर विष बढाउनू ।
१७. सर्पलाई दूध र मूर्खलाई अर्ति काम लाग्दैन ।
१८. सर्प सोझो हिँड्दैन, मूर्खले राम्रो गर्दैन ।
१९. साबुनले धुँदैमा गधा गाई बन्दैन ।
२०. सार्कीको देवता अक्षताले मान्दैन ।
२१. सालीको आश गर्दा गर्दै भिनाजुको बनीबास ।
२२. सास रहेसम्म आश रहन्छ ।
२३. सासू नै नभए के ससुराली, नाफा नै नभए के व्यापारी ।
२४. सासूले खाएको बुहारी पानीले खाएको खेत ।
२५. सासूसँगको मेल छिमेकीसँगको हेलमेल ।
२६. सिकाएको कुरा र खटाएको मानुले हुँदैन ।
२७. सिङ्गौरी खेल्न अँघि सर्नेको सिङ नै भाँचिन्छ ।
२८. सिङ हुने र ढिङ् हुनेको विश्वास हुँदैन ।

२९. सिन्की पकाउनु पर्दैन सालीलाई फकाउनु पर्दैन ।
३०. सियो पसाउने ठाउँ छैन हात्ती पसाउन खोज्ने ।
३१. सियो भई पस्ने हात्ती भई निस्कने ।
३२. सुकेका खुर्सानीको झन् कडा राग् ।
३३. सुख पऱ्यो भने नमात्तिनु, दुख पऱ्यो भनेन आत्तिनु ।
३४. सुख भन्नू जनसँग, दुःख भन्नु मनसँग ।
३५. सुख लुकाएर लुक्छ, दुःख लुकाएर लुक्दैन ।
३६. सुत्केरीको दुःख सुत्केरीलाई नै था हुन्छ ।
३७. सुदिन र कुदिन सबैलाई आउँछ ।
३८. सुनारको सय चोट लोहारको एक चोट ।
३९. सुन्नु छैन बुझ्नू छैन त्यसै देउता पूज्ने ।
४०. सुन्नु दुई थरी, गर्नु एक थरी ।
४१. सूर्यलाई हत्केलाले छेक्न सकिन्न ।
४२. सेवा गरे मेवा पाइन्छ काम गरे माम पाइन्छ ।
४३. सोझो औंलाले घिउ आउँदैन ।
४४. सोझो बाटो हिंड्न कसैले रोक्दैन ।
४५. सौताको छोरो मुटुको किलो ।
४६. सौताको रिसले पोइको काखमा मुत्ने ।
४७. स्वर्गद्वारीबाट स्वर्ग गौमुखीबाट बैकुण्ठ ।
४८. स्यालको सिकार गर्न जाँदा बाघको सर्जाम जोड्नू ।
४९. स्वास्नीले मिठो खाई लोग्नेलाई पीठो ख्वाई ।

## x

१. हगुवा कुकुरलाई वेथेको साग ।
२. हगे हग मुते काटुँला ।
३. हग्न नजानेपछि सोर्नु पर्छ ।
४. हग्ने भन्दा पाध्ने खराब ।
५. हग्नेलाई भन्दा देख्नेलाई लाज ।
६. हतपतको काम लतपत ।
७. हतारमा बिहे गरेपछि फूर्सदमा पछुताउनु पर्छ ।
८. हराएको गाई सूर्यलाई दान ।
९. हरि भज्ने हरिधाम शिब भज्ने शिबधाम ।
१०. हरूवा गोरुको छेरवा ताल ।
११. हलेतो चलाएपछि पहेँलो नलागी छोड्दैन ।

१२. हलेतो भनेर जानेपछि कोट्याउनु पर्दैन ।
१३. हलो छोडी कोदालो ।
१४. हलो टुकारी मुङ्ग्रो, च्यादर टुकारी झुम्रो ।
१५. हाँडीभरी फुला मकै कान्छो छोरो भोकै ।
१६. हाँडीमा मकै हुँदासम्म राँडीलाई निद लाग्दैन ।
१७. हाड नभएको जिब्रो लट्पटिन्छ ।
१८. हातको माछो फुत्काई कुरमा हात ।
१९. हातको रेखा कर्मको लेखा ।
२०. हातमा भएको ऐना छोडी इनारमा मुख हेर्न जानु ।
२१. हात्तीको चपाउने र देखाउने दाँत बेग्लै हुन्छ ।
२२. हात्तीको मुखमा जिरा ।
२३. हात्ती छिऱ्यो पुच्छर अड्क्यो ।
२४. हात्ती दुब्लाएको र मुसो मोटाएको ।
२५. हारेको कुकुरले पुच्छर लुकाउँछ ।
२६. हारेको साँढे झन् बढी डुक्रन्छ ।
२७. हिँजोका कोपिला आजको फुल ।
२८. हिँजोको काजी आज पाजी ।
२९. हिँजोको जोगी आजको भोगी ।
३०. हिँडेको ठाउँमा पाइला पर्छ ।
३१. हिँड्ने गोरुको पुच्छर निमोठ्नु ।
३२. हितको कुरा र ओखती मिठो हुन्न ।
३३. हिलो चलायो मुखभरि छिटा ।
३४. हिलो नि नलागोस् धुलो नि नलागोस् खाम्ला भातैभात ।
३५. हीरालाई किराले बिगार्न सक्छ ।
३६. हुटिट्याउँले थामेर सगर थामिन्न ।
३७. हुने गम्कन्छ नहुने चम्कन्छ ।
३८. हुने बेला गोरु पनि ब्याउँछ ।
३९. हौँचाकी जोई सबैकी भाउजु ।
४०. हुनेलाई वरिपरी नहुनेलाई नेपरी ।
४१. हुने बिरुवाको चिल्लो पात नहुने बिरुवाको खस्रो पात ।
४२. हुपहारा छोरो रूपहारा छोरी ।

# चौथो परिच्छेद

# प्युठान  जिल्लामा प्रचलित उखानको वर्गीकरण एवम् विश्लेषण

## ४.१ परिचय

सगरमाथाको शिखरलाई शिरमा राखेको पवित्र बुद्धभूमि नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र राप्ती अञ्चलमा पर्ने प्राकृतिक सौन्दर्यले भरिपूर्ण रहेको जिल्ला प्युठान हो । पहाडी प्रदेश अन्तर्गतको महाभारत पर्वत श्रृङ्खलाको काखमा प्युठान जिल्ला अवस्थित छ । पूर्वमा गुल्मी र अर्घाखाँची पश्चिम र दक्षिणमा दाङ तथा उत्तरतर्फ रोल्पा र बाग्लुङका सीमारेखा भित्रको हरियाली प्रकृतिले भरिपूर्ण प्युठान रहेको छ । नेपालकै प्रसिद्ध तिर्थस्थल स्वर्गद्वारीलाई काखमा राखेको प्युठानले आफ्नो शिरलाई उच्च पारेको छ । प्रशासनिक र भौगोलिक विभाजनलाई हेर्दा दुईवटा निर्वाचन क्षेत्र, एघार इलाका र उनान्पचास गाउँ विकास समितिमा प्युठानलाई विभाजन गरिएको छ । विकासतर्फ हेर्दा 'झिमरुक' जल विद्युत् योजना प्युठान जिल्लामा पर्छ, जसले प्युठानलाई उज्यालो र समृद्ध बनाउने प्रयास गरेको छ । ठूलाठूला उद्योग धन्दा, कलकारखाना नभए पनि मानवताको बाटोमा प्युठानीहरू अगाडि रहेको पाइन्छ ।

जातीय विविधता, धर्म र सांस्कृतिक विविधता, भाषिक विविधता र विविधता बीचको एकता प्युठान जिल्लाको लोकजीवनको नीजि पहिचान हो । यहाँका स्वर्गद्वारी, गौमुखी, ऐरावती, झाक्रीथान प्रमुख तिर्थस्थल हुन् जहाँ वर्षेनी मेला लाग्दा नेपाल र भारतका विभिन्न ठाउँबाट हजारौं तिर्थयात्रीहरू तिर्थाटनका लागि आउने गर्छन् । 'गौमुखीबाट वैकुण्ठ, स्वर्गद्वारीबाट स्वर्ग' भन्ने उखानबाट धर्मप्रतिको विश्वास प्रस्ट हुन्छ । लोकसंस्कृतिलाई हेर्दा दशैं, तिहार, तीज, देवाली (कुलपूजा) यहाँका प्रमुख पर्वहरू हुन् । 'दाङ्को दशैं प्युठानको तिहार' भन्ने उखानबाट प्रस्ट हुन सकिन्छ कि तिहारको बेलामा प्युठानका प्रायः सबै क्षेत्र तथा गा.वि.स.हरूमा ठूला-ठूला मेलाहरू लाग्ने गर्छन् । यसबाट प्युठानी लोक समुदाय, धर्मसंस्कार, ईश्वरप्रतिको आस्था भक्ति रहेको कुरा पुष्टि हुन्छ ।

जातीय रूपमा हेर्दा प्युठान जिल्लाभरी विभिन्न जातिका मानिसहरू छरिएर रहेको पाइन्छ । प्युठान जिल्लामा मगर, क्षत्री, ब्राह्मण, कामी, दमाई, सार्की, नेवार, गुरुङ, चुरेटा, गायन आदि जातिहरूको बसोबास रहेको छ । परम्परागत मान्यता, चालचलन तथा सामाजिकरूपमा अहिलेसम्म पनि जातीय विभेद कायम रहेको पाइन्छ । लोकसंस्कृति र साहित्य अन्तर्गत प्युठान जिल्लामा लोकगीत, लोकनृत्य, लोककथा, लोकनाटक, गाउँखाने

कथा तथा उखान टुक्काको व्यापक प्रयोग गर्ने गरेको पाइन्छ । लोकसाहित्य अन्तर्गत प्युठानी जनबोलीमा उखानको प्रशस्त मात्रामा प्रयोग गर्ने गरिन्छ ।

उखान मौलिक लोकसाहित्यिक रचना हो जसको प्रयोगले भाषा सरल, सहज र खिरिलो पार्न मद्दत गर्दछ । पौराणिक तथा ऐतिहासिक स्थल, ग्रामीण परिवेश, साहित्यिक सभा सम्मेलन, भाषण भेला तथा परिवारभित्र एक आपसमा कुरा गर्दा उखानहरूको सान्दर्भिक प्रयोग गरिन्छ । प्युठान जिल्लामा विभिन्न जातजाति, भाषा, धर्म, लिङ्ग, वर्गले उखानको प्रयोगमा विविधता ल्याएको पाइन्छ । कुनै पनि उखान देश,समाज र रीतिरिवाज अनुसार प्रयोगमा आएको हुन्छ । यिनै विषयवस्तुको सेरोफेरोमा केन्द्रित रहेर प्रस्तुत शोधपत्रमा प्युठान जिल्ला विशेष गरी उदयपुर क्षेत्रमा प्रचलित जनबोलीका उद्गारहरूलाई सङ्कलन, वर्गीकरण र विश्लेषण गर्ने काम गरिएको छ ।

## ४.२ प्युठान जिल्लामा प्रचलित उखानका विशेषता

उखान लोक समाज तथा सम्पूर्ण भाषा समुदायको साझा सम्पत्ति हो । नेपाली उखानहरू नेपाली भाषाका अमूल्य निधि हुन् । प्युठान जिल्लामा प्रचलित नेपाली उखान नेपाली भाषाकै साझा सम्पत्ति हुन् । कथ्य भाषामा पाइने भिन्नताले कतिपय उखानहरू यहाँका मौलिक सिर्जनाका रूपमा पनि रहेकाले यस जिल्लामा प्रचलित उखानमा भावको गाम्भीर्य, प्रयोगमा मीठास, अनुभूतिको तीव्रता र मीठासपूर्ण शैली एवम् प्रयोगमा सरलता पाइन्छ ।

यहाँ प्रयोग गरिने उखानमा अनुप्रास, दृष्टान्त, उपमा आदि अलङ्कारको प्रयोग भएको पाइन्छ । यस क्षेत्रमा पाइने उखानले विशेष गरी खस र पर्वती भाषिकाको स्वरूप र संरचनाको झलक दिन्छन् ।

प्युठान जिल्लामा प्रचलित उखानहरू बूढापाका, अनुभवी व्यक्तिहरूको जीवन भोगाइको क्रममा आएका तीतामीठा अनुभवका सारपूर्ण अभिव्यक्ति हुन् । यहाँ प्रचलित उखानमा आफ्नै विशेषता छ । विभिन्न विद्वान्हरूका मतहरू र प्युठानमा प्रचलित उखानहरूलाई अध्ययन गरेर प्युठानी जनजीवनमा प्रचलित उखानका विशेषतालाई निम्नलिखित बुँदामा समेट्न सकिन्छ :

१) सारगर्भितता

२) संक्षिप्तता

३) सरलता

४) रूप विविधता

५) सजीवता

६) लोकप्रियता

७) सार्वकालिकता र सार्वजनिकता

**१) सारगर्भितता**

उखानका विशेषताहरू मध्ये सारगर्भितता प्रमुख विशेषता हो । जीवनका अनमोल ज्ञान तथा अनुभूतिलाई व्यक्त गर्ने शक्ति यसै सारगर्भितताले ल्याउँछ । दुईचार वाक्य वा अनुच्छेदमा अर्थ्याउनु पर्ने घटना वा कुनै कथनलाई एक दुई शब्द वा वाक्यांशमा भनी दिएर श्रोताको हृदयलाई उखानले तुरुन्तै प्रभावित पार्दछ । मुख्य कुरालाई आधार बनाई दायाँबायाँका प्रसङ्गलाई ध्वनित गर्ने अर्थ सामर्थ्य हुनु उखानको मूल विशेषता हो । गहन भएर सरल र सरस हुनु, धेरै अर्थमा छरिएर पनि संक्षिप्त हुनु, धेरै अर्थको बोध गराउन सक्नु प्युठानी जनजीवनमा पाइने उखानका मूलभूत विशेषता हुन् । उदाहरणका लागि केही उखानहरू यस प्रकार छन् :

अभागीको पुरपुरोमा हात
ओठ चल्यो कुरा बुझ्यो
कानो गोरुलाई औंशी न पूर्णे
दुःखीदाखी परालको पाखी
देख्नेका आँखा फुटे सुन्नेको सही
भाग पाउनु कताकता पुरा खान सरखर
लङ्कामा सुन छ कान मेरो बुच्चै
लामपोखरीको मेला जन्ती न दाइजो
वल्लो घाट पल्लो तिर
सुखमा नमात्तिनु दुःखमा नआतिनु

उपर्युक्त उखानबाट प्युठानी लोकजीवनका अमूल्य ज्ञान तथा मीठासपूर्ण अनुभूति सञ्चित भएको छ । सुन्नेभन्दा देख्ने साक्षी हुन्छ भने भाव उखानमा व्यक्त भएको माथिका उखानमा पाइने भाव तथा अर्थगाम्भीर्यले यी उखान सारगर्भित रहेका छन् भन्ने भाव प्रमाणित हुन आएको छ । यथार्थमा धेरै विषय वस्तुलाई एकै चुट्कामा भनिदिनु यहाँको उखानमा रहेका सारगर्भितता हो ।

२) **संक्षिप्तता**

प्युठान जिल्लामा प्रचलित उखानको अर्को विशेषता संक्षिप्तता हो । आकारगत हिसाबले संक्षिप्त रहे पनि भावमा व्यापकता छ भन्ने कुरालाई उखानले अभिव्यक्त गरेका छन् । संक्षिप्त हुनुको कारणले यी उखानहरू प्रचुर मात्रामा प्रयोग हुने गरेका छन् । यस्ता उखानमा भावको सघनता र मीठास उत्तिकै झल्किएको छ । उदाहरणका लागि केही उखानहरू :

अभागीको खानेबेला आँशु
कहीँ नपाएस् मेरै खैरा आएस्
काम गर्ने कालु मकै खाने भालु
खानी मुखलाई जुँगाले छेक्दैन
घरमा आगो लगाए खरानीको के दर्द
जहाँ केरा त्यही बाहुनको डेरा
पतिव्रता नारी द्रौपदी
बाँदरलाई भिरै रमाइलो
माझीलाई माछाको कोसेली
यता न उता हातमा जुत्ता
स्वर्गजाने बाटो स्वर्गद्वारी

प्रस्तुत उखानहरू संक्षिप्त भएका कारण यहाँका मानिसहरूले दैनिक जीवनमा प्रयोग गर्छन् । यी उखानले लामो कथन वा कुनै घटना प्रसङ्गलाई संक्षेपमा अभिव्यक्त गर्न मद्दत पुऱ्याउँछन् र भावलाई अर्थपूर्ण बनाइ दिन्छन् । सानो टुक्रा उखानले ठूला-ठूला छलफल, तर्कवितर्क, वादविवाद, व्याख्यान आदि विषयलाई प्रभावित पार्दछन् । एउटा गाग्रोमा समुद्रभर्ने काम उखानमा हुन्छ । प्युठान जिल्लामा प्रचलित उखानहरू छोटा, मझौला तथा लामो आकारका छन् । आकारका दृष्टिकोणले अध्ययन गर्दा प्युठान जिल्लामा प्रचलित उखान दुई तीन शब्ददेखि लामो आकारसम्मका पाइएका छन् ।

केही छोटा आकारका उखानहरू :

आए आँप गए झँटारो
उडेको सातु पितृको नाममा
कुवाको भ्यागुतो कुवामै रम्छ
घन घोटी बन्चरो

हलो काटी मुङ्ग्रो
फुत्केको माछो ठूलो
ल्वाङ खाएर स्वाङ
सूर्ति खाएर फूर्ति
हगे हग मुते काटुला

केही लामा आकारका उखान :

झिम्रुक खोले नानीको थुतुनो रसिलो माडीखोले नानीको मुतुनो रसिलो
तिनी जमाना गए यिनी जमाना आए चेलीका आङका लुगा बिदावारी भए
अर्थ न वर्थ गोविन्द गाई टाउको दुखेको औषधी नाइटोमालाई
बाबुआमाको मन छोराछोरीमाथि छोराछोरीको मन नाठानाठीमाथि ।

उपर्युक्त उखानहरू प्युठानी लोक जीवनमा अत्यधिक प्रचलनमा रहेका छन्, जसमा लामा भाव र विचारलाई संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

**३) सरलता**

नेपाली उखान सरल छन् । सरल भाषा र शैलीले उखानलाई सहजता प्रदान गरेका छन् । प्युठान जिल्लामा प्रचलित उखानमा सरलता हुनु महत्त्वपूर्ण विशेषता हो । भाषाको सरलताबाट उखान प्रभावकारी बन्छन् । उखानमा निहित भाव सौन्दर्यले भाषालाई हृदयस्पर्शी बनाउने गर्दछ । प्युठान जिल्लामा प्रचलित उखान मिठा र कलात्मक रूपमा कुँदिएका छन् । नमुनाका लागि केही उखानहरू :

अंशको झगडा वंश रहेसम्म
खुट्टा भए जुत्ता कति
छोरा जन्मे खसी छोरी जन्मे फर्सी
छोरा पायो बुहारीलाई छोरी पायो ज्वाइँलाई
जोगीको घर र आइमाईको थर हुँदैन
बाखाको खोर र मर्दको स्वास्नी गन्ती हुँदैन
भट्टीको मादल जसले बजाए नि हुन्छ

माथिका उखानमा सरलता रहेको पाइन्छ । सरलता भएका कारणले पनि उखानहरू हृदयस्पर्शी बन्न पुगेका छन् । भट्टीको मादल जसले बजाए पनि हुन्छ भन्ने उखानबाट छाडा छोडिएको वस्तुलाई जसले प्रयोग गरे पनि हुन्छ भन्ने भाव यहाँ व्यक्त भएको छ । खुरानी जनजीवनमा उखान प्रशस्त भेटिनु यहाँ प्रचलित उखानमा भएको सरलताको कारण हो ।

## ४) रूप विविधता

प्युठान जिल्लामा प्रचलित उखानले विविध पक्षलाई समेटेका छन् । जुन उखानहरूबाट विविध पक्षको बोध हुन आउँछ, त्यस्ता उखानहरूलाई रूप विविधतात्मक उखान भनिन्छ । त्यस्ता विविध पक्षका उखानको आफ्नै किसिमको अभिव्यक्तिगत शैली र मीठास हुन्छ, तिनले स्रोतको हृदयलाई छिट्टै आनन्दित तुल्याउँछन् र प्रभावित गर्छन् । भाषिक वक्ताका बोली-व्यवहारमा रहेका उखान दृष्टान्तमूलक बनेर जनजीवनमा छरिएका छन् । प्रश्नमूलक, सूत्रबद्ध तथा लयात्मक हुनु यस क्षेत्रका उखानको मूल विशेषता हो । प्युठान जिल्लामा प्रचलित उखानमा बूढापाका व्यक्तिहरूका अनुभवसिद्ध सारपूर्ण कथन भएकाले स्वादिला र गहकिला हुनु यसको विशेषता हो । रूप विविधतात्मक उखानलाई निम्न आधारमा प्रस्तुत गर्न सकिन्छ :

### ४.१ प्रश्नोत्तर ढाँचाका उखान

प्रश्नोत्तर ढाँचाका उखानले श्रोतालाई कुनै प्रश्न गरेर त्यसको ध्यानलाई तान्ने गर्दछ । त्यस्ता उखानमा अर्थगाम्भीर्य पनि प्रस्तुत भएको हुन्छ । प्रश्नोत्तर ढाँचाका उखानमा संवादको ढाँचा पाइन्छ र एक वाक्यांशमा प्रश्न र अर्को वाक्याँशमा उत्तर हुनु यसको विशेषता हो । जस्तै :

अन्धालाई कुन दिन ? कुन रात ?
काँ जान्छ्यौ बुहारी ? माडीखोला
के खोज्छस् काना ? आँखो
केटो कस्तो छ ? हेर्नै नपर्ने
घिउ के मा पोखियो ? भागैमा
मातेको बोकोलाई कुन दिदी ? कुन आमा ?
किन चाउरिस् मरीच ? आफ्नै पिराले
किन रुन्छस् मङ्गले ? आफ्नै ढङ्गले

प्रस्तुत उखानहरूमा कतै प्रश्न र उत्तर तथा कतै प्रश्नमात्रै गरिएका छन् ।

### ४.२ गीतिलयात्मक उखान

उखानहरू अभिव्यक्ति हुन् तापनि यिनमा लयात्मकता पनि पाउन सकिन्छ । लयात्मक उखानलाई श्रोताले लामो समयसम्म सम्भिरहन सक्छ । लयात्मक उखानमा गीतको छनक हुनुका साथै अभिधेयार्थ र लक्ष्यार्थ बोकी जीवनको मार्मिक पक्षको उद्घाटन भएको हुन्छ । जस्तै :

उनी जमाना गए यी जमाना आए, म्वाई खाने मुखमा भुत्ला पलाए ।
ऐया आमा घैया पाक्यो च्युरी कुटाई देउ न, नेपाल जाने साथी पाइन केटी फकाइ देउ न ।
केटाकेटी आए गुलेली खेलाए, चरा मार्न सकेनन् पुच्छर हात लाए
झिम्रुक खोले नानीको बोली रसिलो, माडीखोले नानीको मुखै हँसिलो
यसै रिन उसै रिन बूढो भैंसी किन
सुखीलाई सिरक र काम्लो, दुः खीलाई जाँ बस्यो त्यही राम्रो ।

प्रस्तुत उखानहरूमा गीतिलयात्मकता पाउन सकिन्छ ।

**५) सजीवता**

प्युठान जिल्लामा प्रचलित उखानमा सजीवता रहनु यहाँको विशेषता हो । यस्ता उखानले भाषाको स्वरूपमा विविधता, जीवीतता थप्दै भावाभिव्यक्तिमा तीक्ष्णता थपिदिन्छ । यी उखानमा काल्पनिक पक्षको प्रभाव नभई लोक जीवनका दिन प्रतिदिन आइपर्ने सत्य र तथ्यपरक घटनावलीको राम्रो शब्द चित्रण भएको हुन्छ । अर्थ र भावको चमत्कारले यी उखान प्रभावकारी बनेका हुन्छन् । हास्यव्यङ्ग्यलाई पनि उखानले समेट्ने भएकाले नै यस्ता उखानमा सजीवता पाइन्छ । उदाहरणको लागि :

कानो गोरुलाई औंशी न पूर्णे
झुटो बोल्नेले छिटो कसम खान्छ
दाङको दशैं प्युठानको तिहार
दुःखीलाई घिउको अर्नी
पिलाले हुन जान्दैन पाहुनाले आउन जान्दैन
पोइल जाने बुहारी कपाल मात्र कोर्छिन्
पूँजी न सूँजी उफ्रिन्छ मुजी
बातले नमाने लातले
भोकमा पाइन मकैका अँठिला वैंशमा पाइन लोग्ने
मुखमा लाउने माड छैन मुजीमा लाउने जाइफल
सबै कुरा छोड पोइल जाने कुरा गर
हेरेर मर्नुभन्दा छेरेर मर्नु जाती

यसरी उखानले वास्तविक जीवनमा रहेको यथार्थलाई राम्ररी अभिव्यक्त गरेको हुन्छ । प्रस्तुत उखानले अनावश्यक तडकभडक गर्ने जीवनको झल्को दिन्छ । जीवन

भोगाइको क्रममा आउने तथ्यपरक घटनाको वास्तविकतालाई देखाउनु यी उखानको विशेषता हो ।

### ६) लोकप्रियता

लोकले मान्यता दिएको, लोकजीवनमा राम्ररी भिजेको दैनिक व्यवहारमा प्रयोग भई लोकप्रिय बनेर आउने प्रशस्त उखानहरू प्युठान जिल्लामा चलन चल्तीमा छन् । लोकप्रिय भई प्रयोगमा आउनु यहाँको उखानको विशेषता हो । भाषाको जन्मसँगै उखान जन्मिएको र ती उखान जनजिब्रोमा आधारित रही लोकप्रिय हुँदै आएको सर्वमान्य छ । भाषिक स्वरूपलाई स्तरीय बनाउन भाषामा उखानको महत्त्वपूर्ण भूमिका रहने भएका कारणले पनि उखान लोकप्रिय हुन पुगेको छ । प्युठानी लोकजीवनमा प्रचलित उखान नीति चेतनाको लागि दृष्टान्तको रूपमा प्रयोग हुँदै आएका छन् ।

हास्यव्यङ्ग्यको दृष्टिकोणबाट हेर्दा प्युठान जिल्लामा प्रचलित उखानहरू पनि लोकप्रियताको शिखरमा पुगेका छन् । सामाजिक सुधार, व्यक्तिको व्यक्तिगत आचरण सुधार गर्न उत्प्रेरित गर्नु उखानको विशेषता हो । प्युठान जिल्लामा हाँसो ठट्टाको रूपमा केही अश्लील उखानहरू पनि लोकले ग्रहण गरी लोकप्रिय भएको पाइन्छ । जस्तै :

खर्सो मुजीलाई मखमलको धोती<br>
नहुनेले खीर खायो दश गाउँले चाल पायो<br>
पोइल जाने आइमाईको अर्कै छाँट<br>
राम्रो मान्छे त्यसै राम्रो नराम्रोलाई ठाँट<br>
सर्पलाई ओखती र मूर्खलाई अर्ति<br>
सिङ हुने र ढिङ् हुनेको विश्वास नगर्नू

विविध विषयवस्तु समेटिएको हुनाले उखानले प्युठान जिल्लामा लोकप्रियता हाँसिल गरेको छ ।

### ७) सार्वकालिकता र सार्वजनिकता

उखान कुनै पनि जाति, वर्ग, भाषा एवम् भाषिक समुदायको पेवा नभई सबैका साझा सम्पत्ति हुन् । त्यसकारण उखानको प्रयोग सबैले स्वतन्त्र रूपमा गर्न सक्छन् । उखानले सामुहिक एवम् मानवको व्यक्तिगत जीवन शैली उद्घाटन गर्दछ । कैयौं कुरा एउटा निश्चित समयमा प्रयोग हुने र पछि लोप हुँदै जाने पनि हुन्छन् । तर उखान जीवन्त रहन्छ । प्राचीनकालदेखि पूर्खाहरूले प्रयोग गरेका सारगर्भित कुरा आज पनि सार्वकालिक र

सार्वजनिक हुँदै आएका छन् । कुनै निश्चित घटना वा महत्त्वपूर्ण समयमा भनिएका उक्ति नै आजसम्म लोकजीवनले ग्रहण गर्दै आउनु यहाँ प्रचलित उखानको मूल विशेषता हो । जस्तै :

काम गर्ने कालु मकै खाने भालु
देखौंला नि पाण्डेको दिर्घायू
वैशमा श्याल पनि मृग बन्छ
सुखमा नमात्तिनू दुःखमा नआतिनू

उपर्युक्त उखानहरू  सुरुमा निश्चित घटना र सीमा बाँधिएर उत्पत्ति भएर पनि सार्वकालिक र सार्वजनिक गुणले गर्दा जीवन्त र लोकप्रिय बनेका छन् ।

प्युठान जिल्लामा प्रचलित उखानहरूलाई विभिन्न विद्वान्हरूको मान्यता र धारणाको आधारमा विशेषतालाई उपर्युक्त बुँदाहरूमा प्रस्तुत गरिएको छ । बोलीचाली, हाँसो ठट्यौली, भाषण, कुराकानी, वादविवाद, पठनपाठनमा उखानको प्रयोग गर्दा निकै रोचक र आनन्द आउने गर्छ । नेपाली लोकसाहित्यमा उखान पनि एक महत्त्वपूर्ण विधाका रूपमा रहेको छ ।

## ४.३ प्युठानी जनजीवनमा प्रचलित उखानको वर्गीकरण

लोकसाहित्य अन्तर्गत उखानहरू एक सशक्त र महत्त्वपूर्ण साहित्यिक विधा हो । उखानमा समाज, धर्म, संस्कृति तथा सम्बन्धित क्षेत्रको वस्तुगत परिस्थितिको जीवन्त यथार्थको चित्रण भएको पाइन्छ । उखान सुक्तिमय अभिव्यक्ति भएकाले यसमा लोक जीवनले सङ्गालेका अनुभवजन्य कुराहरूलाई सुललित भाषामा मीठास र तार्किकतापूर्ण शैलीलाई आत्मसात् गर्दै छोटो मिठो प्रस्तुतिमा गहन तथा भावजन्य विचार प्रस्तुत गर्नुका साथै समाजमा रहेका विकृति तथा विसङ्गतिप्रति पनि झटारो हान्ने काम उखान मार्फत हुन्छ । लोक जीवनका सूक्ष्म भावनाहरू उनेर धर्म दर्शन तथा नीति सन्देशलाई उपदेशात्मक वाणीका रूपमा उखानले समाज सुधारको चेतना छर्ने काम पनि गर्छ । उखानलाई गहिरिएर अध्ययन गर्दा हरेक भाषा र भाषिकाका विविध पक्षलाई समेटेर त्यहाँको यथार्थ लोकजीवनको जीवनशैली उखानमा अभिव्यक्त भएको हुन्छ । समाजमा रहँदा बस्दा, जीवनयापनका क्रममा पाइएका तितामिठा अनुभूतिहरूको संगालो नै उखान हो । समाजमा प्रचलित मूल्य मान्यता रहन सहन, आचार-विचार, सुख दुःख तथा संक्षिप्त विचार व्यक्त गर्ने माध्यम भएकाले नेपाली साहित्यमा उखान एक सफल लोकसाहित्यिक विधा बन्न सफल भएको छ ।

लोकजीवनले मान्दै आएको लोक अभिव्यक्तिका रूपमा दृष्टान्तमूलक भनाइलाई जीवन्तता दिनु उखानको महत्त्वपूर्ण पक्ष हो । उखान खिरिलो उद्गार, कसिलो अभिव्यक्ति,

अर्थगाम्भीर्य, छोटो र छरितो, मौलिक गद्य उद्गारका रूपमा लोकसाहित्यमा रहेको छ । उखानमा तुकबन्दीयुक्त कथन, शब्द विन्यास, गीतिलयात्मकता, भावनात्मकता, हास्यव्यङ्ग्यात्मकता जस्ता विशेषता रहेको पाइन्छ । मूलतः उखानले भाषिक स्वरूपलाई लाक्षणिक र व्यञ्जनात्मक अर्थ प्रदान गर्ने गर्दछ ।

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत राप्ती अञ्चलमा पर्ने प्युठान जिल्ला धर्म, संस्कार र संस्कृति भाषा र भाषिका तथा क्षेत्रीयताको आधारमा विविधता युक्त जिल्ला हो  अध्ययनको क्रममा प्युठान जिल्लामा चलन चल्तीमा रहेका उखानहरूको अध्ययन गर्दा यहाँ पाइएका उखानहरूको विषयात्मक आधारमा निम्न लिखित भागमा विभाजन गरिएको छ ।

१. लोकविश्वास तथाजीवन दर्शनसम्बन्धी उखान
२. कृषि व्यवसायसम्बन्धी उखान
३. सामाजिक जीवनसम्बन्धी उखान
४. नीति तथा शिक्षासम्बन्धी उखान
५. जातिसम्बन्धी उखान
६. पशुपक्षी र जीवजन्तुसम्बन्धी उखान
७. आर्थिक पक्षसम्बन्धी उखान
८. धर्म संस्कृतिसम्बन्धी उखान
९. प्रकृतिसम्बन्धी उखान
१०. स्थान विशेषसम्बन्धी उखान
११. हास्यव्यङ्ग्यसम्बन्धी उखान

प्रस्तुत वर्गीकृत उखानहरूको  परिचय उखानको विश्लेषण खण्ड ४.४ मा दिएको छ ।

### ४.४ विषयात्मक आधारमा उखानको विश्लेषण :

विषयवस्तुका आधारमा गरिने वर्गीकरण उखानको विषयात्मक वर्गीकरण हो । सामाजिक परिस्थिति, नैतिक मर्यादा, जीवन दर्शन, पारिवारिक तथा सामाजिक चालचलन, कृषि व्यवसाय उखानका बिषयहरू हुन्, जसको क्रमश. चर्चा गरिन्छ

### ४.४.१ लोक विश्वास तथा जीवनदर्शनसम्बन्धी उखान :

लोकजीवन आफ्नै परम्परा, आस्था, विश्वास र अनुभवमा अडिग रहेको हुन्छ । ईश्वर र धर्ममा आस्था राख्ने प्युठानी जनजीवनमा परम्परागत मान्यता र अन्धविश्वास व्याप्त रहेको छ । धामी झाक्री, भूतप्रेत, बायु बोक्सीमा विश्वास गरी अन्ध परम्परालाई हालसम्म पनि जीवित राखेको छ । विकसित मानिएको सहरी क्षेत्रमा अन्धपरम्परा त्यागिए जस्तो देखिए पनि मानिसको परम्परादेखिको धार्मिक आस्था, अन्ध विश्वास भाग्यवादी चिन्तन, ईश्वरप्रतिको भरोसा जस्ता कुराले जरो गाडिरहेको छ । यहाँ विद्यमान लोकविश्वास र जीवन-दर्शनसम्बन्धी धारणालाई व्यक्त गर्ने उखानहरूलाई निम्न लिखित बुँदामा उल्लेख गरिएको छ :

१. ईश्वरमाथिको आस्था
२. साइत हेराउने प्रचलन
३. धामी - झाँक्री तथा भूत प्रेतसम्बन्धी विश्वास
४. धर्ममा विश्वास
५. भाग्यमाथिको भरोसा

### १. ईश्वरमाथिको आस्था

ईश्वरप्रति भक्तिभाव राख्ने प्युठानी समाजमा ईश्वरसँग सम्बन्धित उखानहरू प्रचलनमा रहेका छन् :

ईश्वर दाहिना भए कस्को के लाग्छ ।
ईश्वरले दिए धुरीबाट बर्सन्छ ।
इश्वरले जन्माए उनैले पाल्चन् ।
ईश्वरले दिए कस्को के लाग्छ ।
ईश्वर सर्व व्यापक छन् ।
जाँ खुसीयाली त्याँ इश्वरको बास ।
दुःखीको घरमा ईश्वरको बास
देख्ने ईश्वर साक्षी छन् ।

दैवको आरा ईश्वरले जुटाउँछन् ।

उल्लेखित उखानहरूमा प्युठानी लोक जीवनमा ईश्वरमाथि पूर्णरूपमा भरोसा रहेको पाइन्छ । ईश्वरले आँटे जे पनि गर्न सक्छन् र ईश्वरलाई कसैले जित्न नसक्ने कुरा उखानमा व्यक्त गरिएको छ । खुसीयाली छाएको घर र समाजमा बास गर्ने ईश्वरले जे पनि गर्न सक्छन्, जन्माएपछि पाल्नुपर्ने कर्तव्य ईश्वरको हो, ईश्वरले दिएभने धुरीबाटै धन बर्षन्छ भन्ने कुरा प्रस्तुत उखानमा व्यक्त गरिएको छ । साथै ईश्वरलाई ढाट्न र छल्न सकिदैन भन्ने मान्यता प्युठानी समाजमा रहेको छ । यथार्थमा प्युठानी जनजीवनमा ईश्वरमाथि बढी आस्था राख्ने प्रचलन छ । जे विपक्षी आइलाग्छ त्यो ईश्वरीय देन हो भन्ने अभिव्यञ्जना प्रचलित उखानमा भेटिन्छ ।

## २. साइत हेराउने प्रचलन

भाग्यमाथि भरोसा गर्ने प्युठानीहरूमा नयाँ कार्यको थालनी गर्दा साइत हेराउने प्रचलन छ । ज्योतिष वा पण्डित कहाँ गई शुभ-साइत निकालेर शुभ-कार्य वा यात्रा आरम्भ गर्ने प्युठानी जीवनको परम्परित मान्यता हो ।

क्रिश्चियनलाई तेह्र नबर
घुमफिरि नौ दिनमै घर
चन्द्रमा दाहिने भए कस्को के लाग्छ ।
बाहुनको छोरीको चैतमा बिहे
बिहेको साइत भसरएको कलश
बुधबारको हस्ता जस्ता भन्यो तस्ता
बुधबार भए अरू के चाहियो
शनिबार नछुट्टिनु मंगलबार नमिसिनु
साइतको बेला राँडी परि फेला

उपर्युक्त उखानबाट घर छाडेको नौ दिनमा फर्कनु अशुभ, शनिबार छुट्टिदा र मंगलबार मिसिदा अनिष्ट हुन्छ भन्ने भाव व्यक्त गरिएको छ । साइत वा यात्राको क्रममा विधवा देखिँदा अशुभ र भरिएको गाग्रो तथा कलश शुभ हुने विश्वास उखानमा गरिएको छ । बुधबारको दिन हस्ता नक्षत्रमा कुनै कार्य थालनी गर्दा शुभ हुने संकेत गरिएको छ ।

## ३. धामी - झाँक्री तथा भुतप्रेतप्रति विश्वास :

अन्ध परम्परामा विश्वास गर्ने प्युठानी लोक जीवनमा धामी-झाँक्री प्रथाले जरो गाडेको छ । विभिन्न रोग लागेका व्यक्तिहरूको धामी-झाँक्री तथा झारफुकबाट उपचार

गर्ने चलन छ । आखत हेर्ने हेराउने, फुकफाक गर्ने, बोक्सी मसान, भूतप्रेतमा विश्वास गर्ने र रोगको उपचारका लागि धामी झाक्री बसाउने चलन प्युठानमा व्याप्त रहेको छ । धामी-झाक्रीबाटै रोगको निदान गर्न सकिन्छ भन्ने मान्यता यहाँ व्याप्त छ । भूतप्रेत तथा धामी-झाक्रीलाई आधार मानेर उखान भन्ने चलन प्युठानमा रहेको पाइन्छ ।

अक्षतापाति धामीलाई दुःख हामीलाई
असली धामी देउतै हुन्छ ।
आफै बोक्सी आफै धामी
बोक्सीनीका आँखा जस्ता डरलाग्दा आँखा
बोक्सीको आँखा ठूलो, चोरको डाँको ठूलो
बोक्सीले बोक्सी चिन्छ
मध्यरातमा नाच्ने बोक्सिनी
रूपैया पैसा धामीलाई व्यथा हामीलाई
सिदेनीका कपाल जस्तो, लट्टीएका कपाल

उपर्युक्त उखानहरूमा प्युठानी जनजीवनका भूतप्रेत तथा धामी-झाक्रीप्रतिको विश्वास-अविश्वास झुल्किएको पाइन्छ । उखानमा बोक्सीले बोक्सी चिन्ने तथा बोक्सीका आँखा ठूला हुने कुरा प्रस्तुत गरिएको छ । मध्यरात र मसानघाटमा भूतप्रेत बस्छन् त्यहाँ जाँदा भूत लाग्छ भन्ने मान्यता पनि उखानमा पाइन्छ । धामी-झाक्रीबाट उपचार गर्दा रूपैया-पैसा खर्च भएपनि (व्यथा) रोग निको नभएको गुनासो पनि गरिएको छ ।

प्युठान जिल्लामा परम्परागत मान्यता र अन्धविश्वासको भावना छताछुल्ल मात्रामा रहेको वास्तविकता उखान मार्फत प्रस्तुत गरिएको पाइन्छ ।

## ४. धर्ममा विश्वास

प्रशस्त धार्मिक क्षेत्र भएको प्युठानमा धर्ममा आस्था र विश्वास रहेको पाइन्छ । प्युठानी लोक समाजमा धर्मले जे सिकायो त्यही क्रियाकलाप गर्ने गरिएको पाइन्छ ।

धर्मशास्त्रको सारतत्त्वको  पालना गरी धार्मिक क्रियाकलापमा सरिक हुने, पूजापाठमा विश्वास राख्ने प्युठानी समाजमा धर्मसम्बन्धी उखानहरू चलन चल्तीमा रहेका छन् :

अर्काको आश दिनहुँ उपवाश
गौमुखीबाट बैकुण्ठ स्वर्गद्वारीबाट स्वर्ग
पाप धुरीबाट कराउँछ

प्रभु-बाबा हामी सबैका साजा
प्युठानको चिनारी स्वर्गद्वारी, गौमुखी र ऐरावती
भाग्यमानिको भुतै कमारो
मारे पाप पाले पुण्य
स्वर्गजाने बाटो स्वर्गद्वारी

प्रस्तुत उखानहरूमा प्युठान जिल्लाको पवित्र नदी धर्मावती (झिमरुक) नदीको मुहान गौमुखीमा स्नान गर्नाले बैकुण्ठ तथा पवित्र तिर्थस्थल स्वर्गद्वारी प्रभुमहाराजको' दर्शन गर्नाले स्वर्गको ढोका खुल्ने विश्वास उखानमा पाइन्छ। प्युठान जिल्लाका धार्मिक आस्थाको केन्द्रका रूपमा स्वर्गद्वारी, गौमुखी र ऐरावतीलाई लिइन्छ। त्यसैगरी पापकर्म लुकाएर नलुक्ने र हाम्रो कर्मको मूल्याङ्कन गर्ने काम ईश्वरले गर्छन् भन्ने भाव उखानमा व्यक्त भएको छ।

धर्ममा विश्वास गर्ने प्युठानी जनमानसमा धर्म प्रति आस्था भएका उखानहरू चलन चल्तीमा रहेका छन्।

**५. भाग्यमाथिको विश्वास**

प्युठानीहरू कर्ममा भन्दा भाग्यमा विश्वास गर्ने गर्छन्। उनीहरू धर्म संस्कार अनुसार पूजाआजा गरी देवीदेवतालाई खुसी पारी जीवनलाई सुनिश्चित बनाउन चाहन्छन्। संसार ईश्वरीय सत्तामा चलेको छ, असल जीवन निर्माण स्वतः हुनसक्छ। ईश्वरीय देनको मुख्य आधार जीवन निर्माणको भरोसा हो भन्ने मान्यता यहाँ प्रयोग हुने उखानमा झल्किएको छ :

भाग्यमानीको खप्पर ठूलो
भाग्यमानीको भूतै कमारो
भाग्यमा भए चाल्नोमा दूध अड्छ।
भाग्यमा भए तालुमा आलु फल्च (फल्छ)
भाग्यमा भए परीपरी आउँछ।
हुने हार दैव नटार

प्रस्तुत उखानहरूमा भाग्यमानीले केही गर्नु पर्दैन, परिश्रम विना नै फलिफाप हुन्छ, चाल्नोमा पनि दूध रहन सक्छ भन्ने विश्वास गरिएको छ। त्यसैगरी भाग्यमा भए भूत पनि कमारो हुन्छ भन्ने अन्धविश्वासलाई पनि विश्वास गरिएको छ। भाग्यमा विश्वास गर्ने प्युठानीहरूको लोकवाणीमा पनि भाग्यसम्बन्धी उखान चलन चल्तीमा रहेका छन्।

### ४.४.२ कृषि व्यवसायसम्बन्धी उखान

नब्बे प्रतिशत भन्दा बढी कृषि पेशामा संलग्न भएका प्युठानी जनजीवन माफ कृषिव्यवसायसम्बन्धी प्रशस्त उखानहरू प्रचलनमा रहेका छन् । कृषि पेशा नै प्युठानीहरूको जीवन निर्वाह र आयको मुख्य स्रोत हो । कुन समयमा कस्तो बालीनाली लगाउँदा राम्रो हुन्छ भन्ने कुरादेखि कृषि जीवनका दुःख र पीडा, कृषि औजार र खेतीपाती गर्ने तरीका समेत यहाँ प्रचलित उखानहरूमा व्यक्त भएको पाइन्छ ।

**१. कृषि औजारसम्बन्धी उखान :**

कृषि कार्यमा संलग्न हुने जनजीवनमा कृषि औजारसँगसम्बन्धी उखानहरू प्रचलनमा छन् :

मरे बाहुनका गोरु भाँचिए साधनको हल्लो
मागेको गोरु र चोरेको हलो नजोत्नु
साधनको हलो खेतीमा भलो
हलो जोत्नेको जीवन हलोमै बित्छ
हलो छोडी कोदालो

प्रस्तुत उखानहरूमा कृषि कार्यमा प्रयोग हुने हलो, कोदालो जस्ता औजारको प्रयोग भएको बुझिन्छ । साधनको हलोले जोत्दा खेतबारी राम्रोसँग जोतिई खेती राम्रो हुने यथार्थ उखानमा उल्लेख भएको छ । त्यसैगरी कोदालो भन्दा हलो उत्तम हुने, हलीको जीवन हलो मै बित्ने कुरा पनि उखानमा व्यक्त भएको छ ।

**२. कृषि-जीवनसम्बन्धी उखान**

खेतीपातीमा संलग्न प्युठानी जनजीवनमा कृषि कार्य गर्दाका तितामिठा अनुभव, दुःख र पीडालाई विषयवस्तु बनाई उखान प्रयोग गर्ने गरेको पाइन्छ :

असारका मास मानो खाएर मुरी उब्जाउने
खडेरीले खाएको मकै र पानीले खाएको खेत
खेती गर्ने मान्छे खानविना मर्दैन
चैतको वर्षा तेलसरी
जेठको खेती भदौकी केटी
डिंगा पाल्नेको जिन्दगी, दुःखमै बित्छ ।
बाटामुनिको बारी कुलामाथिको खेत (कुलामाथि)
भिरबारीमा मल हाल्नु र बूढो पोइ पोस्नु एकै

लेकालीको खेतीपाती मुरी छर्‍यो पन्ध्रपाथी
साउना मैनाको अन्न
हुने विरुवाको बोटै कलकल

उपर्युक्त उखानहरूबाट प्युठानी जनजीवन कृषि पेशामा निर्भर रहेको भाव झल्किएको छ । खडेरीले खाएको मकै र तातोपानीमा कुहिएको हिलोको धान राम्रो हुन्छ, लेकमा मुरी उब्जाउने समय हो भन्ने हो भन्ने जस्ता भावहरू उखानमा व्यक्त भएका छन् । त्यसैगरी कृषि जीवनका दुःख र पीडालाई पनि उखानमा प्रस्तुत गरिएको पाइन्छ । हलो जोत्ने हली वा किसानको जीवन सधैँ दुखमय हुन्छ भन्ने भाव पनि उखानमा व्यक्त भएको छ । चैतको वर्षा तेलसरी वा कृषिकार्यका लागि अमृत समान हुन्छ, राम्रो उब्जनी लिनका लागि खेत छिटो जोत्नु पर्छ, जस्तो सुकै ठूलो अनिकाल परे पनि बिउ मास्नु हुँदैन भन्ने सन्देशहरू पनि उखानमा आएका छन् ।

कृषि व्यवसायसम्बन्धी उखानले प्युठानी जनजीवनलाई सफलताको बाटोतर्फ डोर्‍याएको छ । सधैँ परिश्रमपूर्वक आफ्नो कार्यमा लागि पर्नाले जीवनमा सफल हुने, भोकै मर्नु नपर्ने, आफ्नो जीवनको हरेक पक्ष सुन्दर हुने कुरा यहाँ प्रचलित कृषि व्यवसायसम्बन्धी उखानमा व्यक्त भएका छन् ।

### ४.४.३ सामाजिकजीवनसम्बन्धी उखान

मानिस सामाजिक प्राणी भएकाले सामाजमा बस्दा उसले दैनिक रूपमा विभिन्न क्रियाकलाप गर्ने अवसर प्राप्त गर्दछ । उसको त्यो अनुभव सामाजिक अनुभव हुन पुग्छ र त्यसैबाट उखानको जन्म हुन्छ । प्युठान जिल्लाको जनजीवन ग्रामीण परिवेशमा आधारित भएको हुनाले सामाजिक तथा ग्रामीण जीवनसँग सम्बन्धित प्रशस्त उखानहरू चलन चल्तीमा रहेका छन् । प्युठानी जनजीवनमा प्रचलित उखानहरूलाई गहन रूपमा अध्ययन गर्दा प्रायः उखानहरू सामाजिक विषयसँग सम्बन्धित रहेको पाइन्छ । सामाजिक जीवन यापनको क्रममा विभिन्न दुःख, कष्ट र चुनौतीका साथमा सुखमय जीवनयापनको क्रममा लोकप्रिय बन्दै गएको उखानले जीवन भोगाइका तिनै तिता मीठा अनुभव बोक्ने गर्दछ । समाजमा रहँदाबस्दा मानवले आफ्नो कर्तव्यको निर्वाह गर्नुपर्छ, सामाजिक स्थिति झल्काउने उखानहरूलाई निम्न वुँदामा विभाजन गरिएको छ :

१. सामाजिक परिवारिक जीवन
२. महिला र आमाको महत्त्व
३. महिलाप्रतिको सामाजिक दृष्टिकोण
४. छोरीको अवस्था

५. बूढाबूढीको अवस्था

६. बुहारीप्रतिको व्यवहार

७. लोग्ने स्वास्नीको सम्बन्ध

८. सामाजिक संस्कार

९. अतिथि सम्मान

१० जातीय भेदभाव

**१. सामाजिक र पारिवारिक जीवन**

परम्परागत संस्कार र चालचलनमा विश्वास गर्ने प्युठानीहरूमाझ पारिवारिक र सामाजिक जीवनसँग सम्बन्धित प्रशस्त उखानहरू चलन चल्तीमा रहेको पाइन्छ । समाजको व्यथिट रूप व्यष्टि हो । व्यक्ति, परिवार र समाजबीच अभिन्न सम्बन्ध रहेको हुन्छ । सामाजिक एकताबाट मानिसले सामाजिक र परिवारिक उन्नति गर्दछ । ऐचो-पैँचो, अर्मपर्म सबै सामाजिक जीवनमा परम्परित छ । प्युठानी जनजीवनमा प्रचलित सामाजिक र पारिवारिक जीवनसम्बन्धी केही उखानहरू :

अल्छीलाई बल्छी सीपालुलाई जाल

एक हातले ताली बज्दैन

जिउँदाको जन्ती मर्दाको मलामी

नुनको पैंचो तिर्नू पानीको पैँचो नतिर्नू

बाबु आमा मरे घ्यु र भात, जोत्ने गोरु मरे पुर्पुरामा हात

बोल्न जान्नुपर्छ मिलनसार बन्नुपर्छ,

मागीमागी सन्तानको बिहे

प्रस्तुत उखानहरूमा समाजमा एक-आपसमा मिलेर बस्नुपर्छ, अल्छीपना त्यागी जाँगरिलो बन्नुपर्छ, हरपल मानिसलाई मानिसकै खाँचो महसुस हुन्छ, मर्दापर्दा मानिसको सहयोग अपरिहार्य हुन्छ भन्ने भावहरू व्यक्त गरिएको छ । ग्रामीण परिवेशमा खेतीपाती गर्ने समयमा गोरु अनिवार्य हुने प्रसङ्ग पनि उठाइएको छ । मागीमागी सन्तानको बिहे गर्ने भनाइबाट व्यङ्ग्य र प्रतीकका रूपमा श्रम गर्न प्रेरणा दिने काम उखानमा व्यक्त भएको छ । नुनको पैचो अनिवार्य तिर्नुपर्छ नत्र अनिष्ट हुन्छ भन्ने परम्परागत मान्यता अघि सार्दै पानीको पैँचो तिर्न नहुने भनाइ पनि उखानमा व्यक्त गरिएको छ ।

यसरी प्रस्तुत उखानहरूले पारिवारिक एकता तथा सामाजिक दायित्व बोधको ज्ञान मानवमा रहेको छ भन्ने सत्यतालाई प्रस्तुत गर्दछन् ।

## २. महिला र आमाको महत्त्व

नारी तथा आमालाई सिर्जनाशक्तिका रूपमा लिइने हाम्रो समाजमा नारी र आमालाई सम्मान तथा महत्त्व दिइएका उखानहरू पाइन्छन् । नारीलाई महत्त्व दिइएका केही उखानहरू यसप्रकार छन् :

अरूको लाख आमाको काख
आमाको मन छोरीमाथि छोरीको मन नाठामाथि
आमा गुनाकी छोरी
आमा मरे पुरै टुरो (टुहुरो), बाबु मरे आधा टुरो
छोरा छोरी सप्रने र बिग्रने आमा अनुसार हुन्छ
नारीको सम्मान हुने घरमा ईश्वरको बास हुन्छ
मर्दले आँटे नौ दिन नारीले आँटे एकै छिन
सौतेनी आमाले दिएको दूधभात भन्दा आमाले दिएको खोले वेश

प्रस्तुत उखानहरूमा नारी र आमालाई सर्वोपरी महत्त्वका साथ हेरिएको छ । नारीको सम्मान हुने घरमा ईश्वरको बास हुन्छ भन्दै प्रस्तुत उखानमा जुनसुकै कार्य गर्दा पनि नारीले आँटेको काम छिटो हुने विचार व्यक्त गरिएको छ । अरूले लाखौं रूपैयाँ दिएको भन्दा आमाको काख प्यारो हुने, बाबु मरे आधा तर आमा मरे पुरै टुहुरो हुने भाव पनि उखानमा व्यक्त भएका छन् । छोराछोरी बिगार्ने र सपार्ने कार्य आमाबाट मात्र सम्भव हुने बताउँदै सौतेनी आमाले दिएको दूधभात भन्दा आफ्नी आमाले दिएको खोले-सिस्नो मिठो हुने कुरा उखानमा व्यक्त गरिएको छ ।

यथार्थमा आमाको महत्त्व निकै छ । आमा सिर्जनाकी खानी हुन् र पारिवारिक जीवनकी खम्बा हुन् भन्ने भावार्थ माथिका उखानमा झल्किन्छ ।

## ३. महिलाहरूप्रतिको सामाजिक दृष्टिकोण

नेपाली समाजमा जस्तै प्युठानी जनजीवनमा पुरुषको तुलनामा महिलालाई हेलाको दृष्टिकोणले हेरिन्छ । महिलाहरू केवल खेलौना र भोग्यपात्र मात्र हुन् भन्ने धारणा प्युठानी जनजीवनमा व्याप्त छ । त्यही धारणालाई मुखरित गर्ने उखानहरू यस प्रकार छन् :

आइमाईको रुद्रघण्टी हुँदैन
आइमाईको सत्रु नै आइमाई हुन्छ
ढिलो होस् छोरी नहोस्

रुद्रघण्टी नहुने जातसँग मनको कुरा नखोल्नु
सिङ र ढिङ हुनेको विश्वास हुँदैन
स्त्रीको चरित्र र पुरुषको भाग्य दैवले जान्दैन
हाँडीमा मकै हुँदासम्म राँडीलाई निद्रा लाग्दैन

उपर्युक्त उखानहरूबाट स्त्रीहरूलाई समाजमा अपमानको व्यवहार गरिन्छ भन्ने भाव झल्किन्छ । महिलाहरूको विश्वास गर्नु हुँदैन, रुद्रघण्टी नहुनेले मनमा कुरा राख्न सक्दैनन्, त्यसैगरी सिङ हुने जनावर र ढिङ ठूलो भएको आइमाईको कहिल्यै विश्वास गर्नु हुँदेन भन्ने भावार्थ उखानमा प्रस्तुत भएका छन् । छोरी जन्मनुभन्दा ढिलो भए पनि छोरो जन्मनु वेश भनेर नारीको जन्मलाई उखानमा धिक्कारेको पाइन्छ । त्यसैगरी स्त्रीको चरित्र कसैले बुझ्न सक्दैन, उनीहरू पथभ्रष्ट हुन सक्छन् भन्ने हेय दृष्टिकोण पनि उखानमा पाइन्छ ।

प्युठानी जनजीवनमा महिलाहरूलाई अपमान र हेलत्त्वको दृष्टिमा हेरिएको कुरा माथिको उखानबाट पुष्टि हुन्छ ।

**४. छोरीको अवस्था**

छोरीको जन्मलाई छोराको तुलनामा धिकार्ने प्रचलन हाम्रो समाजमा विद्यमान छ । छोरीलाई हेरिने दृष्टिकोण प्युठानी समाजमा कस्तो छ भन्ने मान्यतालाई तलका उखानले देखाउँछन् :

अर्काको घर जाने जातलाई को पढाइरहोस्
छोरा पाए खसी छोरी पाए फर्सी
छोरालाई दूध र भात छोरीको हँसियामा हात
छोरीको जन्म हारेको कर्म
छोरी जन्मनुभन्दा तुहिनु नै वेस
हुपहारा छोरो रूपहारा छोरी

प्रस्तुत उखानहरूमा छोरी जन्मदा नै कर्महारा भएर जन्मेकी हुन्छे, भाग्य खोसिएकी अवलाको रूपमा नारीको जन्मलाई स्वीकारिन्छ । छोरी रूपवती हुनुपर्छ, रूपवती भए मात्र छोरीको जीवन राम्रो हुन्छ, छोरी, वेटी पढे लेखे पोइल जान्छन्, त्यसले उनीहरूलाई शिक्षा दिनु हुँदैन भन्ने अभिव्यक्ति उखानमा पाइन्छ । अर्काको घरमा जाने छोरीलाई शिक्षा दिनु हुँदैन भन्दै छोराको जन्म भए आमालाई खसी काटी खुवाउने प्रचलन छ भने छोरी पाउँदा फर्सी काटी सुत्केरीलाई खुवाउनु पर्छ भनी छोरी पाउने आमालाई समेत अपमान गर्ने यथार्थलाई उखानमा प्रस्तुत गरिएको छ । उल्लेखित उखानहरूले छोरीको जीवनमाथि उठ्न

नसकेको, छोरी सधैं पीडित भएर बाँच्नुपर्ने अवस्था र प्युठानी जनजीवनमा महिलाहरूलाई हेर्ने दृष्टिकोण अत्यन्तै साँघुरो छ भन्ने भाव व्यक्त गरेका छन् ।

**५. बूढाबूढीको अवस्था**

पारिवारिक जीवन निर्वाहको क्रममा बूढाबूढीले थुप्रै चुनौतीहरू व्यहोर्नु पर्ने हुन्छ । बूढाबूढीले समाजमा रहँदा बस्दा भोग्नुपरेका तिता अनुभवलाई उखानमा यसरी अभिव्यक्त गरेका छन् :

छोरा नाति घर भरि, बूढाबूढी डाँडापरि
छोरी जन्मे ज्वाइँलाई, छोरा जन्मे बुहारीलाई
जब पर्‍यो राती तब बूढी ताती
बाह्र छोरा तेह्र नाति, बूढाको धोक्रो काँधैमाथि
बूढाबूढीको माया छोराछोरीमाथि, छोराछोरीको माया ढुङ्गा मुढामाथि
साना छउन्जेल मर्लान् भन्ने डर, ठूला भएपछि मार्लान् भन्ने डर

आमाबाबुलाई सन्तानको माया र मोह धेरै हुन्छ तापनि छोराछोरी ठूला भइसकेपछि आमाबाबुलाई त्यति वास्ता गर्दैनन् र दुःख जस्ताको तस्तै रहिरहन्छ भन्ने हृदय विदारक भाव उखानमा व्यक्त भएको छ । बाह्र छोरा तेह्र नाति भए पनि बूढाबूढीको दुःख जस्ताको तस्तै रहेको छ । छोराछोरीलाई साना छउन्जेल राम्रोसँग पालनपोषण गरेर ठूला बनाएपछि उल्टै बाबुआमा माथि आइलाग्छन् भने भनाइ पनि उखानमा व्यक्त भएको छ । छोरी पाए ज्वाइँलाई र छोरा पाए बुहारीलाई हुने हाम्रो परम्परा छ । छोराछोरीको माया आमा बुबा माथि हुँदैन, बाबुआमा मात्रै एकोहोरो छोराछोरीलाई माया दिइरहन्छन् भन्ने करुण भाव पनि उखानमा व्यक्त भएको छ ।

वास्तवमा बूढाबूढीको जीवन झन् पछि झन् कठिन हुँदै गएको छ । छोरा, छोरी बुहारी सबै सन्तानबाट बूढाबूढी अपहेलित हुन पुग्छन् भन्ने भाव माथिका उखानमा अभिव्यक्त भएको छ ।

**६. बुहारीप्रतिको व्यवहार**

सासू, लोग्ने, ससुरा र परिवारका अन्य सदस्यबाट प्रताडित बुहारीको जीवन कष्टदायी, हृदयस्पर्शी र मर्मविदारक हुने कुरालाई तलका उखानले स्पष्ट पार्दछन् :

आई बुहारी आयो काम गई बुहारीगयो काम
काम नभएकी बुहारी भित्रबाहिर

काम पाइनस् बुहारी पाडा ढिङ् कनाइदे
कुकुरकुटी बुहारी तर्साउनु
गाईकुटी बुहारी तर्साउनु
मन नपरेकी बुहारी पाउनासित सुत
सासूले खाएकी बुहारी, पानीले खाएको खेत

प्रस्तुत उखानहरूमा सासूलाई बुहारीसँग रिस उठेको छ भने घरका अन्य छोराछोरी तथा घरपालुवा प्राणीलाई गाली गरेर बुहारीलाई तर्साइन्छ, बुहारी मन परेकी छैन भने त्यसलाई अपमान गरिन्छ । त्यसैगरी बुहारी आउँदा काम सँगै लिएर आउँछे, ऊ घरकी नोकर्नी सरह नै हो भन्ने परम्परित मान्यतालाई उखानमा देखाइएको छ । काम नभएकी बुहारीले बसिरहनु भन्दा पाडाको चाक भए पनि कनाएर बस्नुपर्छ, अथवा केही न केही धन्दामा लागिरहनुपर्छ, एक छिन पनि विश्राम लिनु हुँदैन भन्ने धारणा उपर्युक्त उखानबाट स्पष्ट हुन्छ । सासूबाट पीडित बुहारी पानीले खाएको खेत जस्तै कहिल्यै पनि उसको मानसिक र शारीरिक विकास हुन पाउँदैन भन्ने भाव व्यक्त भएको छ ।

समाजका सवल र दुर्वल पक्षको सारगर्भित चित्रण उखानमा भएको हुन्छ । बुहारीको महत्त्व जनाउने उखान पनि समाजमा प्रचलनमा रहेको पाइन्छ

कुलकी छोरी इज्जतकी बुहारी
घर सप्रन्छ बुहारीले, खेत पानीले
छोराले बिगारेको घर बुहारीले सपार्छ
छोरी जस्तै बुहारी पनि हो
स्वास्नी मान्छेले आँटे एकै छिन्

प्रस्तुत उखानबाट के स्पष्ट हुन्छ भने बुहारीले गर्दा नै घर सप्रन्छ । कुलकी छोरी भित्रिएपछि घरै उज्यालो हुन्छ । स्वास्नी मानिसले आँटेपछि जस्तो काम पनि एकै दिनमा गर्न सकिन्छ । सवल र दुर्वल दुवै पक्षबाट प्युठानी जनजीवनमा नारी तथा बुहारीप्रतिको दृष्टिकोण प्रस्ट हुन्छ ।

### ७. लोग्ने स्वास्नीको सम्बन्ध

युगौं युगसम्म सँगै जिउने सँगै मर्ने कसम खाए पनि परिवार समाजमा लामो समयसम्म रहँदा बस्दा लोग्ने स्वास्नीका बीच हुने वैमनस्यता, झगडा, हाँसो, ठट्टाको विषयवस्तुलाई प्युठानी उखानले समेटेका छन् । कतै लोग्नेस्वास्नीको झगडा 'परालको आगो' भन्ने उखान प्रचलनमा छ भने कतै लोग्नेस्वास्नीको झगडा भुसको आगो भन्ने

गरेको पनि पाइन्छ । लोग्नेले एकभन्दा बढी स्वास्नी ल्याउँदा व्यहोर्नु पर्ने दुःखद अवस्था पनि यहाँ प्रचलित उखानमा व्यक्त भएको छ :

ओत, पोत र कोच भए स्वास्नी कति कति ?
एक पोइका दुई स्वास्नी कपाल तानातान
जेठी माग्ने पानी, कान्छी माग्ने घाम म बूढो कता जाम
झगडा नभए दुईटी स्वास्नी ल्याउनू
दुईटी स्वास्नीको पोइ कुना बसी रोई
मर्दका पाँचवटी स्वास्नी

एक पोइले धेरै जोई ल्याउँदा कुनै स्वास्नीले निकै पीडा दिएको र दुई जोइको पोइ मर्माहत बन्न पुगेको मार्मिक प्रसङ्गलाई उखानमा स्पष्ट पारिएको छ ।

उपर्युक्त उखानहरूबाट एकभन्दा धेरै स्वास्नी भित्र्याको पोइ निरीह बनेर बाँचेको सत्यता प्युठानी उखानमा अभिव्यक्त भएको छ ।

**८. सामाजिक संस्कार**

सामाजिक संस्कार, रीतिरिवाज र परम्परामा प्रवाहित प्युठानी जनजीवनमा अत्यन्तै इमान्दारिताका साथ सामाजिक संस्कारलाई पालन गरिन्छ भन्ने आशय यहाँ प्रचलित उखानमा पाइन्छ :

इमानीको इमान समाउने बेइमानीको के समाउने
गाईको दूध निल्नु न ओकल्नु
गाई र बाहुन सधैं चोखो
चोरलाई चौतारो साधुलाई सुली
तीजको दर खा, पर सर्
तीजमा नाच्ने छोरी बुहारी र तिहारमा तास खेल्ने छोरो
तीजमा नलाएको गुन्यू कहिले लगाउनु
बाहुन चरी देउता सरी
सुन्नु छैन, बुझ्नु छैन त्यसै देउता पुज्ने

उपर्युक्त उखानहरूमा गाई र ब्राह्मणलाई निकै श्रद्धा र सम्मान गर्ने हिन्दु सामाजिक परम्परा विद्यमान रहेका कुरा पुष्टि हुन्छ । सांस्कृतिक संस्कारमा हुर्किएको प्युठानी जनजीवनका तीज र तिहारमा गरिने क्रियाकलापलाई पनि उखानले समेटेको पाइन्छ ।

सामाजिक परम्परामा बेइमान गर्नु, अरूलाई धोका दिनु ठूलो घात हो, यथार्थ नबुझी हल्लाको पछि लाग्नु हुन्न भन्ने भावहरू पनि उखानमा व्यक्त भएका छन् ।

## ९. अतिथि सम्मान

नेपाली जनजीवनमा अतिथि/पाहुनालाई देवता सरह मानिन्छ । प्युठानी जनजीवनमा पनि अतिथिलाई साक्षात् देवताका रूपमा स्वीकारी सम्मान गर्ने गरेको पाइन्छ ।

अतिथि देवो भवः
इज्जत भएकाको घरमा पाउना लाग्छन्
एक दिनको पाउना मिठो मिठो खा, हप्ता बस्न थाले जतासुकै जा
पाहुनाको निहु मैले खाएँ घिउ
साँजका पाउना देवता समान

साँझमा आउने पाउनालाई देवता सरह मानि राम्रो खानपिनको व्यवस्था गरिन्छ भन्ने भाव प्रस्तुत उखानले व्यक्त गरेको छ । त्यसैगरी एक दिन आफ्नो इज्जत सम्झेर बस्ने पाहुनालाई राम्रो सम्मान गर्ने तर खानको लागि मात्र बस्ने पाहुनालाई सम्मान गर्न नसकिने भाव पनि उखानमा आएको छ ।

## १०. जातीय भेदभाव

बहुजाति बसोबास गर्ने प्युठानमा जातीय भेदभाव तथा छुवाछुत गर्ने गरिन्छ । उच्च जात मानिने बाहुन क्षत्रीले तल्लो जात मान्दै शुद्रमाथि विभेद गर्ने गरेको पाइन्छ । त्यसैगरी दलित जातिहरूबीच पनि आपसी भेदभाव गर्ने गरेको पाइन्छ । घृणा र अपहेलनाको रूपमा दलित जाति माथि गर्ने भेदभावको प्रतिनिधित्व तलका उखानले गर्दछन् ।

कामीलाई जाडो भयो भनेर आधा राति घाम लाग्दैन
कालो कामी गोरो बाहुन
जाने काजी नजाने पाजी
पोइल जान नजानेकी कमिनी
बाख्राको पुच्छर खाने कामी
सिनो खाने सार्कीको जात

प्रस्तुत उखानहरूमा दलित जातिप्रति घृणा भाव व्यक्त गरेको पाइन्छ । कामीकी छोरी धेरै ठाउँ पोइल जान्छन् भन्ने भाव उखानमा आएको छ । त्यसैगरी बाखाको पुच्छर खाने, कालो रङ् (वर्ण) भएको कामी, सिनो खाने जात सार्की भनी अपमान् गरेको पाइन्छ ।

### ४.४.४ नीति तथा शिक्षासम्बन्धी उखान

मानिस सामाजिक प्राणी भएकाले उसको सम्पूर्ण जीवन समाजमै व्यतित हुन्छ । समाजमा रहँदा बस्दा मानिसले आफ्नो कर्तव्य तथा जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ । समाजमा रहेका सबै मानिसहरू एकै मनसायका हुँदैनन् । असल तथा खराब दुवै प्रवृत्ति भएका मानिसहरूको बसोबास समाजमा हुन्छ । नीति, नियम र अनुशासनमा बाँधिएर बसेका मानव समदायमा यस विषयसम्बन्धी प्रशस्त उखानहरू चलन चल्तीमा रहेको पाइन्छ ।

प्युठानी जनजीवनमा प्रचलित उखानले नीति तथा शिक्षा दिएर नराम्रो काममा प्रवृत्त हुनबाट बचाउने कार्य गरेको छ । ठीक-बेठीक, असल-खराब आदि मसिना र गहकिला कुरामा उपदेश दिएर मानिसलाई सकारात्मक मार्ग निर्देशन गर्ने काम उखानले गर्दछ । प्युठान जिल्लामा प्रचलित नीति तथा शिक्षासम्बन्धी केही उखानहरू निम्न छन् :

**१. नीतिसँग सम्बन्धित उखानहरू**

अर्ति सुन्नू बूढाको, पानी खानु कुवाको
कर्म गर फलको आश नगर
थुतुनो र मुतुनो जोगाउनु पर्छ
देखेको मान्नू सुनेको नमान्नू
बैगुनीलाई गुनले मार्नुपर्छ
भाइ फुटे गवार लुटे
सुखमा नमातिनू दुःखमा नआत्तिनू
सेवा गरे मेवा मिल्छ
सेवा नै ठूलो धर्म हो

उपर्युक्त उखानहरूमा मानिसलाई सत्कर्म गर्नका लागि नीति तथा उपदेश दिइएको छ । भाइ-भाइ बीचमा राम्रो मेल हुनुपर्छ, बेमेल र ईर्ष्याका कारण भाइ फुटको फाइदा अरू कसैले उठाएको हुन्छ तसर्थ एकता नै ठूलो हो, मिलीजुली बस्नुपर्छ भन्ने उपदेश प्रस्तुत उखानमा पाइन्छ । त्यसैगरी जस्तो सुकै बैगुनी भए पनि उसलाई गुन गर्नुपर्छ, देखेको कुरामा मात्र विश्वास गर्नुपर्छ, हल्लाको पछि दगुर्नु हुँदैन, मुख छ भन्दैमा सोंच विचार नगरी

बोल्नु हुँदैन, मानिसको सबैभन्दा ठूलो सत्रू मुख र लिङ्ग हो तिनलाई वशमा राख्न सक्नुपर्छ भन्ने हितैको उपदेश पनि माथिका उखानमा व्यक्त भएका छन् । अर्ति र उपदेश बूढापाकासँग लिनु पर्छ । उनीहरूसँग प्रशस्त अनुभव रहेको हुन्छ । मानिस सुखमा मात्तिने र दुःखमा आत्तिने गर्नुहुँदैन, सुख दुःख जीवनका पाटा हुन भन्ने भाव उखानमा व्यक्त भएको छ ।

मानव समाजलाई शान्ति, स्थिरता, नियम र अनुशासनमा राख्नका लागि नीतिसँग सम्बन्धित उखानबाट मार्गदर्शन प्राप्त गर्न सकिन्छ ।

## २. शिक्षासम्बन्धी उखान

अनिकालमा विउ जोगाउनू, हूलमूलमा जीउ जोगाउनू
आएको मौका पर्खँदैन बगेको खोला फर्कँदैन
आगाले पोलेको आगैले निको पार्छ
आरु फूल्यो वर्षा लाग्यो, पैयूँ फुल्यो हिउँद लाग्यो
उद्यमी पुरुष सर्कँदै-सर्कँदै जान्छ, निरुद्यमी घस्कँदै घस्कँदै जान्छ
काग ज्यादा बाठो भएर गुहु खान्छ
कुखुरा होइन चिल बनेर आउनुपर्छ
न्याए नपाए गोर्खा जानु काम नपाए अर्खा जानु

प्रस्तुत उखानहरूमा अनिकालमा बिउ जोगाउनु पर्छ । हूलमूल तथा भिडभाडमा जिउ जोगाउनूपर्छ, कतैबाट न्याए नपाए गोर्खा अर्थात् न्यायालय जानुपर्छ, काम नपाएको मानिस प्युठानको अर्खा रजबारा तिर जानुपर्छ किनभने त्यहाँ काम पाइन्छ, धेरै बाठो बन्न खोज्दा दुःख पनि पाउन सकिन्छ भन्ने शिक्षाप्रद भनाइहरू आएका छन् । त्यसैगरी आरु फुल्दा वर्षायामको संकेत र पैयूँ फुल्दा हिउँद लागेको संकेत पाइन्छ भन्ने शिक्षा मिल्छ । समयले कसैलाई पर्खँदैन त्यसैले हामीले आफ्नो काम समयमै गर्नुपर्छ, क्रान्तिकारी पुरुष कुखुरा जस्तो नभई चील बनेर आक्रामक रूपमा प्रस्तुत हुनुपर्छ, जस्तालाई तस्तै भने झैं आगोले पोलेको घाउ आगोमै सेकेर निको पार्न सकिने भावहरू उखानमा व्यक्त भएका छन् ।

नैतिकता र इमान्दारीताको पाठ सिकाउँदै स्वच्छ समाज निर्माण गर्नका लागि सन्देश दिने काम शिक्षा तथा नीतिमूलक उखानहरूले गरेका छन् ।

### ४.४.५ जातिसम्बन्धी उखान

नेपाल बहुजाति, बहुभाषा तथा धर्मसंस्कृतिले सम्पन्न देश हो । विविध भाषा धर्मी मानिसहरू भए पनि आपसी मेलमिलासमा कति पनि कञ्जुस्याई गरेको पाइँदैन । प्युठान जिल्लामा विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेको पाइन्छ । प्युठान जिल्लामा मगर, क्षत्री, ब्राह्मण, सुनार, कामी, दमाई, सार्की, नेवार, चुरेटा जस्ता जातिहरू बसोबासगर्ने गरेका छन् । अर्खा-रजवारा, बिजुवार, लिघा-डाम्री तिर मगर, खैरा, तिराम, उदयपुरकोट भिङ्ग्री, सारीतिर क्षत्री तथा ब्राह्मण, खलङ्गा विजयनगरमा नेवार, हंसपुरमा थोरै सङ्ख्यामा चुरेटा तथा प्रायः जिल्लाभरी नै छरिएको अवस्थामा कामी, दमाई, सार्की जातिको बसोबास रहेको छ । उल्लेखित गा.वि.स.हरूमा सङ्ख्यात्मक बाहुल्यता प्रस्तुत गरिएको हो । यद्यपि जिल्लाका प्रायः सबै गा.वि.स.मा छरिएको अवस्थामा विभिन्न जातजातिका मानिसको बसोबास छ ।

जातीय विविधता रहेको प्युठान जिल्लामा परम्परागत रूपमा गरिने जातीय विभेदमा क्रमशः सुधार आउँदै गरेको पाइन्छ । केही समय अघिसम्म तिव्ररूपमा रहेको छुवाछुत क्रमशः घट्दै गएको पाइन्छ । जातीय भेदभाव, संस्कार र चालचलनका कारण प्युठान जिल्लामा जातिसम्बन्धी उखानहरू प्रशस्त मात्रामा रहेको पाइन्छ । जातिसम्बन्धी उखानलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छः

#### १. ब्राह्मण जातिसम्बन्धी उखान

जातीय विविधता रहेको प्युठान जिल्लामा ठूलो सङ्ख्यामा ब्राह्मणजातिको बसोबास रहेको छ । प्युठानका प्रायः सबै गा.वि.स. मा छरिएर बसेका ब्राह्मणहरू पूजापाठ, धर्म तथा संस्कारमा अग्रपंक्तिमा रहेको पाइन्छ । पुरेत्याइँ गर्ने ब्राह्मणजातिलाई उच्च तथा चोखो जातिका रूपमा लिने गरेको पाइन्छ । प्युठान जिल्लामा ब्राह्मणजातिसम्बन्धी बढी प्रचलनमा रहेका केही उखानहरू यस प्रकार छन् :

जस्ता-जस्ता बाहुन बाजे उस्तै उस्तै स्वाहा !
जहाँ केरा त्यहाँ बाहुनको डेरा
जहाँ गुलियो त्यही बाहुन भुलियो
नखानू गाईको मासु नछुनू बाहुनको नासु
बाहुनको टुप्पी एरिएल न एन्टेना
बाहुनको मुखै चोखो गाईको मुत चोखो
बाहुन चरी देवता सरी

बाहुन चाहिए भट्टीमा जानू गाई चाहिए चर्पीमा
बाहुनलाई खाई जाडो क्षत्रीलाई नुहाई जाडो
बाहुनले च्याउ खाओस् न चाल पाओस्

प्रस्तुत उखानहरूमा बाहुनजातिलाई विशेष महत्त्वका साथ हेरिएको पाइन्छ । बाहुनको बोली चोखो हुन्छ, भन्ने कुरा उखानमा व्यक्त भएको छ । गुलियो पदार्थ, मिठाईहरू, दूध, दही, घिउ तथा मिठा मिठा परिकारमा बाहुन लोभी हुन्छन् भन्ने व्यङ्ग्यात्मक भाव पनि उखानमा व्यक्त भएका छन् । पुराना तथा परम्परागत मान्यतामा अडिएकाहरू च्याउ, लसुन, प्याज, टमाटर खाँदैनन्, श्राद्ध खाएको बाहुन दिनमा एक छाक मात्र खाने जस्ता यथार्थता पनि उखान प्रष्टिएका छन् । सामाजिक विकृति र विसंगतिको सिकार बनेका तथा बिग्रन लागेको ब्राह्मणको रितिस्थिति प्रति आरोप तथा व्यङ्ग्य गरिएका उखानहरू पनि चल्तीमा रहेका छन् । बाहुन खोज्न भट्टीमा जानू, विनाकामको टुप्पी, लोभी जस्ता उपमा पनि आधुनिक ब्राह्मणले पहिरनु परेको छ । त्यसैगरी बाहुन जातिलाई देवता सरह मानी गुरु, पण्डित, बाजे, पुरोहित आदि सम्मानले पुकारिने कुरा पनि उखानमा व्यक्त भएका छन् ।

प्युठान जिल्लामा बाहुन जातिसम्बन्धी प्रशस्त उखानहरू चलन चल्तीमा रहेका छन्, जसले मौलिक संस्कृतिको जगेर्ना गर्ने गरेको पाइन्छ ।

### २. मगर जातिसम्बन्धी उखान

प्युठान जिल्लाका ४९ ओटै गा.वि.स.मा छरिएर बसेका मगरहरू इमान्दार, साहसी तथा खेतीपाती गरेर जीवन निर्वाह गर्ने जातिका रूपमा चिनिन्छन् । प्युठान जिल्लामा थापा, घर्ति, पुन, रोका, राहूँ, बूढा, गुरुङ थर भएका मगरहरूको बसोबास रहेको छ । मगर जातिसम्बन्धी प्रचलित केही उखानहरू यसप्रकार छन् :

असल मगरको थेप्चो नाक
ओसिलो मगर पोसिलो हुन्छ
जुङ्गा र दाह्री नहुने जातको के भर ?
निमेकको सोझो गर्ने मगरको जात
बिहाबारी नभई ज्वाइँ जेठान
मगरको जात मामाकी छोरी
मगरले खाना खाने आधारातमा
लडाइँमा गस्सी फत्ते गरी आउने
लडाइँमा गएसी फत्ते गरी आउने

लेड्को लिन गएको मगर लक्र्यो जौँमा

प्रस्तुत उखानहरूले मगर जाति तथा उनीहरूको चाल चलनलाई प्रष्ट्याउने कार्य गरेको छ । काम काजमा सधैं ढिला जाने तर काम फत्ते गरेरै छाड्ने जातको रूपमा मगरलाई लिएको छ । नुनको सोझो गर्ने, लडाई वा काममा गएपछि सकेरै फर्कने, थेप्चो नाक हुने, दाह्रीजुङ्गा नहुने वास्तविकतालाई उखानले बोलेको छ । अत्यन्तै ढिलो कार्य गर्ने जातिका रूपमा व्यङ्ग्य गर्दै मगरले खाना खाने समय आधारत भएको तथा बारीमा जौँ छरेपछि सम्याउन लिड्को लिन गएको मगर जौँ उम्रियो, पाक्यो, परिवारले काटेर दाइँ लगाउन जम्मा गरेको ठाउँमा लिड्को सहित लडेको व्यङ्ग्यात्मक भाव पनि उखानमा व्यक्त भएको छ ।

प्युठान जिल्लाभरि छरिएर रहेका मगरहरू इमान्दार तथा कर्मशील जीवन बिताउने गर्छन् । उनीहरूको जीवनको वास्तविकतालाई उखानमा प्रस्तुत गरिएको पाइन्छ ।

### ३. क्षत्री जातिसम्बन्धी उखान

जनसङ्ख्याका हिसाबले प्युठान जिल्लामा क्षत्रीहरू मगरपछि दोस्रो स्थानमा पर्दछन् । प्युठानका प्रायः सबै क्षेत्रहरूमा क्षेत्रीहरूको बसोबास रहेको छ । क्षत्री, क्षत्रीखत्री (के.सी.), बिष्ट, थापा, रोका, घर्ति (जि.सी.) यहाँका क्षत्रीहरूका थरहरू हुन् । प्युठान जिल्लामा प्रचलित क्षत्री जातिसम्बन्धी उखानहरू :

कोइलीभन्दा काग चङ्ख, कागभन्दा खत्री चङ्ख
क्षत्रीमाको खत्री र पातमाको पत्री विश्वास नगर्नू
खसको कुरा पेटको छूरा
खसको जाल झेल र मगरको खेल
खस खसाइलो मगर रसाइलो
नेवार बिग्रन्छ भोजले क्षत्री बिग्रन्छ मोजले
बाहुनलाई खाई जाडो क्षत्रीलाई नाही (नुहाई) जाडो
मगरलाई वन नदिनू क्षत्रीलाई धन नदिनू

क्षत्री जातिसम्बन्धी प्रस्तुत उखानहरूमा क्षत्री तथा उनीहरूको बानी व्यवहारहरू उल्लेख भएको पाइन्छ । लडाई युद्ध र मातृभूमि रक्षाको लागि बहादुर मानिने क्षत्रीहरू अत्यन्त चङ्ख वा चलाख हुने कुरा उखानमा व्यक्त भएको छ । सबैभन्दा बाठो मानिने पक्षी कागभन्दा पनि क्षत्री बाठो हुन्छ भन्ने कुरा उखानले बोलेको छ । जालझेल गर्न सीपालु खस खसाइलो हुन्छ । पातबाट बनेको पत्री जस्तै क्षत्री पनि विश्वासिलो र भरपर्दो हुँदैन भन्ने

भाव उखानमा आएको छ । मोजमस्तीमा जीवन बिताउने र लिएको धन नतिर्ने हुनाले क्षत्रीलाई धन नदिनू भन्ने व्यङ्ग्यात्मक भाव उखानमा प्रस्तुत गरिएको छ । यसरी मगरहरू चलाख, चतुर र जालझेल गर्न सिपालु हुन्छन् भन्ने जस्ता भावहरू पनि उखानमा आएका छन् ।

**४.दलित जातिसम्बन्धी उखान**

परम्परागत रूपमा चलिआएको जातीय विविधता हामी नेपालीको मौलिक संस्कृति जस्तै बनेको छ । परम्परागत समाज र मान्यताले दलित जातिलाई हेयको दृष्टिले हेरे पनि अहिलेको समुन्नत समाजमा जातीय विभेद करिब करिब अन्तिम अवस्थामा पुगेको छ । लोक संस्कृति हाम्रो समाजको पहिचान भएकोले र परम्परागत मान्यता अनुसारका उखानहरू समाजमा प्रचलित छन् । छुवाछुत तथा जातीयतासम्बन्धी विषयवस्तु उखानमा समेटिएका छन् । प्युठान जिल्लामा दलित जाति अन्तर्गत दमाई, कामी, सार्की, सुनार, चुरेटा जिल्लाभरी नै अल्पसङ्ख्यामा भए पनि छरिएर रहेको अवस्थामा छन् । दलित जाति र उनीहरूको थरसम्बन्धी केही उखानहरू निम्न छन् :

अरूले भेटेको दमैकामीले सुनेको
कामीको बिहेमा अठार खाँचो
कामी दमैको बोली, हजूर नानी भोलि !
कामीलाई जाडो भएर आधाराति घाम लाग्दैन
कामीले के गर्छ कमिनीको खरखर
कामीसँग हानाहान नगर्नू सार्कीसँग तानातान नगर्नू
गाईगोरु मरे सार्कीलाई दशैं
चुरा बेच्ने चुरेटीको हात्त रित्तो
दमैको घरमा धजाको के खाँचो
दमैकै दौराको तुना छिनेको
दुनियाँ सिंगार्ने सुनार्नीको कानमा बाँसको सिन्का
दुलाहलाई टपरी छैन दमाईलाई थाल
बाखाको पुच्छर खाने कामी सधैं आत्तिन्छ
बाहुनको मुख चोखो दमैको थुक चोखो
लोहारको एकचोट सुनारको सय चोट

प्रस्तुत उखानहरूमा दलित जाति तथा तिनका संस्कारगत कुराहरू औंल्याउने काम भएको छ । अपहेलित, शोषित र पीडित तथा अज्ञानता, अशिक्षा र गरिबीका कारण दुखमय

जीवन बिताउन विवश दलितहरू आफ्नै बानी व्यवहारले पछि पारिएको भाव उखानमा पाउन सकिन्छ । उल्लेखित उखानहरूमा फलामको काम गर्ने कामी बलियो र मरेका गाई गोरुको छाला तानी सार्की बलियो भएको हुन्छ त्यसैले उनीहरूसँग हानाहान र तानातान नगर्नू भन्ने भाव व्यक्त गरिएको छ । समस्याहरूले ग्रस्त दलितहरूको बिहेमा अनेकौं सामग्रीको अभाव हुन्छ, समस्याको तत्काल समाधान हुन सक्दैन, दमाईले कपडा सिलाउँदा औंलामा थुक चाट्दै काम गर्छ त्यसैले उसको थुक चोखो हुन्छ, सुनारको काम कछुवाको गतिमा विस्तारै हुन्छ भने कामीले जोड बलले काम गर्नुपर्छ, काम गर्न नभ्याउने तर मिठो बोली बोल्न दमाई कामी सिपालु हुन्छन् भन्ने भावहरू उखानमा आएका छन् ।

लोग्नेले सनुचाँदीका गरगहना बनाउने कार्य गरे पनि सुनार्नीको नाक कान रित्तो भएको दुनियाँको लुगा सिलाए पनि दमैका बालबच्चा नाङ्गा भएको तथा चुरेटेनीका हात रित्तो भएको तितो वास्तविकता उखानमा प्रस्तुत भएका छन् । सीप र कौशल भएर पनि दु:खमय जीवन बिताउने प्युठानी दलित समुदाय अभावसँग संघर्ष गर्दै आएको वास्तविकता उखानमा प्रकट भएको पाइन्छ ।

प्युठान जिल्लामा ब्राह्मण क्षत्री, वैश्य र सुद्र चारै वर्ण र त्यस अन्तर्गत विभिन्न थरसम्बन्धी उखानहरू रहेको कुरा उल्लेख भइसकेको छ । माथि उल्लेखित बाहेक जैसी, बाहुन, नेवार, पोखेल, अधिकारी, थापा जस्ता थरसम्बन्धी उखानहरू पनि प्रचलनमा रहेका छन् जसलाई सङ्कलित उखानहरूमा सङ्कलन गरिएको छ । प्युठानमा जातीयतासम्बन्धी प्रशस्त उखानहरू प्रचलनमा रहेका छन् ।

### ४.४.६ पशुपक्षी र जीवजन्तुसम्बन्धी उखान

मानिस सर्वश्रेष्ठ र बुद्धिमान प्राणी भएर पनि कैयौं कुराहरू पशुपक्षीबाट अनुकरण गरिरहेको हुन्छ । ज्ञानको भोको मानिस आफ्नो जीवन निर्वाह तथा ज्ञान, नीतिनियम, अनुशासन पनि प्राणीहरूबाट सिकरहेको हुन्छ । पशुपक्षीका गुण, दोष, स्वभाव एवम् प्राणीको जीवनचक्रको क्रममा देखा पर्ने गहनतम् कुराहरूको अभिव्यक्ति उखानमा भएको हुन्छ । प्युठान जिल्लामा पशुपक्षी तथा जीवजन्तुसम्बन्धी उखानहरू प्रशस्त मात्रामा प्रयोग गरिएको पाइन्छ ।

प्युठान जिल्लामा प्रचलित पशुपक्षी तथा जीवजन्तुसम्बन्धी उखानहरू:

उम्लेको गोरुको फुक्लेको सिङ
कागको वथानमा वकुल्लो
काग बढी बाठो भएर गु (दिशा) खान्छ

कानो गोरुलाई औंशी न पूर्णे
काम गर्ने कालु मकै खाने भालु
कुकुरको काम पनि छैन फुर्सद पनि छैन
कुकुरको लुतो बाँदरले सल्कायो वनै कनाउँछ
कुखुरालाई नुन न मान्छेलाई गुन पच्दैन
कुखुरो होइन चिल भएर आउनुपर्छ
दूधको साक्षी बिरालो
बाघको छालामा स्यालको रजाइँ
बाघको मुख खाए पनि रातै नखाए पनि रातै
सबै कुकुर काँसी गए गुहु केले खाला
सर्पको खुट्टा सर्पले नै देख्छ
स्यालले कुकुर मानोस् न कुकुरले स्याल मानोस्

प्रस्तुत उखानहरूमा जीवजन्तु मार्फत् मानिस तथा मानवसमुदायलाई नैतिकता, आदर्श र मर्यादाको पाठ सिकाउन खोजेको पाइन्छ । जीवजन्तुसँग जोडिएका उखानहरूबाट सकारात्मक सन्देश पाउन सकिन्छ । क्रान्तिको ज्वारभाटा ल्याउनको लागि कुखुरा नभई चिल भएर जाइलाग्नु पर्ने कुरा उखानमा व्यक्त भएको छ । दूधको साक्षी बिरालो राख्नु हुँदैन किनभने बिरालोको सबैभन्दा राम्रो आहार भनेकै दूध हो । भ्रष्टाचार गर्ने मानिसलाई त्यसको अनुकूल ठाउँमा राख्नु हुँदैन भन्ने सन्देश दूधको साक्षी बिरालो भन्ने उखानले दिन्छ । बाघको छाला ओढी स्यालले पनि बाघ बनी रजाइँ गर्न खोज्छ, धेरै बाठो मानिने कागले गुहु (दिशा) खान्छ, कुकुर काम पनि नभएको र फुर्सद पनि नभएको जनावर हो, सर्पको खुट्टा सर्पले नै देख्छ, समाजमा एउटा वर्गले दुःख गर्छ तर फल अर्कैले प्राप्त गर्छ भन्ने यथार्थवादी भावहरू प्रस्तुत उखानमा आएका छन् ।

उखानमा जीवजन्तुलाई प्रयोग गरिए पनि वास्तवमा ती सबै मानवसँग जोडिएका छन् । उल्लेखित उखानले कतै संघर्ष गर्न सिकाएका छन् । कतै नैतिकता र मर्यादाको पाठ सिकाएका छन् अनि मानव जगत्का विकृति र विसंगतिलाई पनि प्रस्तुत गरेका छन् ।

### ४.४.७ आर्थिक पक्षसँग सम्बन्धित उखानहरू

प्युठान जिल्लाका बहुसङ्ख्यक मानिसहरू कृषि पेशामा निर्भर रहेका छन् । कृषि पेशाबाट नै आफ्नो पारिवारिक जीवन निर्वाह गरेका छन् । यहाँका करिब ८० प्रतिशत जनताको आर्थिक अवस्था अत्यन्तै दयनीय छ । प्युठानी जनमानसको सामाजिक र पारिवारिक जीवन सुखमय नहुनु पनि आर्थिक कमजोरीको कारण हो । लेकालीको खेतीपाती

मुरी छऱ्यो बाह्र पाथी जस्ता उखानले यहाँको जनजीवन अत्यन्त अस्तव्यस्त रहेको कुरालाई प्रमाणित गर्दछ ।

वर्षभरि खेती गरेर चार महिना खान नपुग्ने किसानका छोराछोरी, अर्थोपार्जनका लागि लाहुर जाने प्रचलन व्याप्त छ । 'लाहुरको धन पाहुर' भने जस्तै त्यसबाट पनि जीविका चल्न सक्दैन । प्युठानका गरिबहरूको आर्थिक अवस्थालाई झलकाउने उखानहरू निम्न छन् :

आयो लाहुरे जिन्सको पाइन्ट ठोकेर गयो लाहुरे खरानी घसेर
यता नि रिन उतानि रिन जे पर्छ पर्छ बूढो भैसी किन्
दुखी र दाखी परालको पाखी
कुन त खेती फट्याङ्ग्राको चारो
ठूला गर्छन् नामका लागि, साना गर्छन् बाँच्नका लागि

गरिबहरूलाई सधैं के खाउँ के लाउँको समस्याले पिरोलिरहेको हुन्छ । सधैंभरी गरिबीको भारी बोक्न पुगेका किसान र मजदुरहरूका आन्तरिक पीडाका हृदयस्पर्शी अनुभूति यहाँ प्रचलित उखानमा व्यक्त भएको छ । जस्तै :

आयो दशैं ढोल बजाई गयो दशैं रिन बोकाई
गरिबको भान्सो खुर्सानी सवथोक
गरिबको लागि दशैं दशा हो
गरिबलाई मरिमरि, धनीलाई परिपरि
धनीको बिग्रे एक छाक किसानको बिग्रे एक साल

प्रस्तुत उखानहरूबाट प्युठानीहरूको सामाजिक गतिविधि एवम् पारिवारिक झन्झट सुल्झाउन नसक्ने, दशैं, तिहार जस्ता चाडहरू पनि राम्ररी मान्न नसक्ने, भनाइबाट आर्थिक अवस्था अत्यन्तै निम्न रहेको सत्यता स्पष्ट हुन्छ ।

गरिबलाई समस्यै समस्याले पिरोलेको छ भने सम्पन्न वर्गले गरिबमाथि शोषण गर्छन् भन्ने वास्तविकतालाई यहाँ प्रचलित उखानले झल्काएका छन् । जस्तै :

कसैको घर बाहिरै भात गरिबको पुर्पुरामा हात
जो होँचो उसको मुखमा घोँचो
ठालूहरूको जालमा गरिब सन्तापमा
धनीलाई चैन गरिबलाई ऐन
साँढेहरूको जुधाइ, बाच्छाको मिचाइ

प्रस्तुत उखानबाट धनीले चैन गरेर खान्छ तर गरिबलाई कानून लगाइन्छ र ठूलावडाको लडाइमा बाच्छाको मिचाइ भएको छ भन्ने भाव झल्कन्छ ।

प्युठानमा प्रचलित उखानले आर्थिक पक्षलाई दरो बनाउन इलम गर्ने बानी बसाल्नुपर्छ, अल्छी गर्नुहुँदैन भन्ने उपदेश दिएका छन् । जस्तै :

अल्छी तिघ्रो स्वादे जिब्रो
काम छैन काज छैन खाने बेला लाज छैन
काम बिना माम छैन, दाम बिना राम
खट्टे पनि खाँदिन बाखा पनि हेर्दिन
राजाको काम कहिले जाला घाम
साथमा छैन सुका दाम बिन्ति गर्छ स्वास्नी पाम

माथिका उखानबाट धेरै बसी गफ छाटेर समयलाई विना परिश्रम खेर फाल्नु ज्यूँदै मरे सरह हो तसर्थ इलममा लाग्नुपर्छ भन्ने सन्देश पाइन्छ । यसरी प्युठान जिल्लामा आर्थिक पक्षसँग सम्बन्धित विभिन्न उखानहरू प्रचलनमा रहेका छन् ।

### ४.४.८ धर्म र संस्कृतिसम्बन्धी उखान

उखान कुनै पनि जाति वा भाषिक समुदायको धर्म, संस्कृतिको रक्षक हो । धर्म र संस्कृतिसँग मानिसको निकटको सम्बन्ध रहेको हुन्छ । उखानमा सम्बन्धित ठाउँका मानिसहरूको धर्मप्रतिको आस्था र त्यहाँका जनताको रीतिरिवाज अभिव्यक्त भएको हुन्छ । प्युठानी जीवनमा यहाँका मानिसहरूको धर्मप्रतिको धारणा र यहाँ प्रचलित संस्कृतिको प्रतिबिम्ब उखानमा उत्रिएको छ । नमुनाका लागि केही उखान यहाँ प्रस्तुत गरिन्छ :

जसको मन शुद्ध उसको भगवान् बुद्ध
दुःख बिसाउने ईश्वरको काखमा
दुखीको घरमा ईश्वरको वास
देउता नपुज्नेले कुरा बुझ्दैन
नजिकको तीर्थ हेला
पाप धुरीबाट कराउँछ
महादेवका तीन नेत्र कुनले देख्ने कुनले नदेख्ने
मारे पाप पाले पुण्य
यता गाई उता गङ्गा
स्वर्गजाने बाटो स्वर्गद्वारी

उपर्युक्त उखानबाट धर्मप्रति आस्था रहेको भाव झल्कन्छ । समाजमा धर्म र संस्कृतिप्रति सङ्गति र विसङ्गति बराबर रहेको छ भन्ने विचारलाई तलका उखानले स्पष्ट पार्दछन् :

जप न तप खाउ खपाखप
जसले गर्छ पाप उसैको फलिपाप
देवता न पित्र सबै मुखभित्र
धर्मकर्म डाँडामा बाहुन बसे जाँडमा
पाप न साप सोझ्को गरी थाप

प्रस्तुत उखानले धर्मप्रति श्रद्धा नभएको नास्तिक विचार लिने मानिसहरू पनि प्युठानी लोकजीवनमा व्याप्त छन् भन्ने कुरालाई पुष्टि गर्दछन् ।

प्युठानमा प्रचलित उखानबाट त्यहाँको जनजीवनमा पुरेत्याइँ गर्ने परम्परा व्यापक रहेको छ भन्ने कुरा स्पष्ट हुन्छ । कैयौं उखानले यहाँका मानिसले भोग्नुपरेका दैविक प्रकोप, घामपानी, सुखदुःखको चित्रण मार्मिक रूपमा गरेका छन् । त्यसैगरी नेपालीले परम्परादेखि मान्दै आएको चाडपर्व, धर्म, परम्परा आदि कुराहरू पनि यहाँ प्रचलित उखानमा अभिव्यक्त भएको पाइन्छ । जस्तै :

जस्ता जस्ता पण्डित बाजे उस्तै उस्तै स्वाहा
डरबाट भक्ति र करबाट शक्ति आउँदैन
तीजमा नला पोते कैले लाउने
दशैंको टिका र जमरा तिहारको सेल र रोटी
पुर्खाको पुण्य पाप सन्ततिमा फलीफाप
बाहुनको हाडै चोखो
बाहुन चरी देउता सरी
रातभरी करायो दक्षिण हरायो
सराद गर्नुभन्दा निष्ठा (सिधा) पुऱ्याउन गाह्रो

प्रस्तुत उखानबाट प्युठानी जनजीवनमा रहेको धार्मिक आस्था र सांस्कृतिक परम्पराको चित्रण भएको छ ।

### ४.४.९ प्रकृतिसम्बन्धी उखान

प्रकृति र मानवको विचमा घनिष्ट सम्बन्ध रहेको छ । प्रकृतिको विधि-विधानमा मानव समाज चलेको छ । प्रकृतिको काखमा रमाएको मानिस प्रकृतिबाट थुप्रै कुराहरू

सिकेको छ । प्युठानी जनजीवनमा प्रकृतिका विविध विषयसम्बन्धी प्रशस्त उखानहरू प्रचलनमा रहेका छन् । जस्तै :

अँध्याराको काम र खोलाको गीत
आँधी आउने कैले कैले रुख ढाल्न खरखर
आकासको नानी पातालको पानी
उर्लेको खहरे कति दिन टिक्छ र ?
चैतको वर्षा तेलसरी
तारा नझरी उज्यालो हुँदैन
पैयूँ फूले माइत आरु फुले घर
नसकी नसकी सेखी सिलङ्गाको ढैंकी
भल आएर माछा जाल बुन्न सासा
वनको बाँदरलाई भिरै रमाइलो

प्रस्तुत उखानहरूले प्राकृतिक विषयवस्तुलाई समेटेको पाइन्छ । चैत महिनाको वर्षा तेल जस्तै राम्रो वा महत्त्वपूर्ण हुन्छ, भल आएर माछा छोप्नु पर्ने समयमा बल्ल जाल बुन्न सुरु गरेको, अँध्यारामा गरिने काम जस्तै खोला सुसाएको ठाउँमा गाएको गीत कसैले सुन्दैन, उर्लेको खहरे लामो समय टिक्दैन भन्ने सन्देशमूलक भावहरू प्रस्तुत उखानहरूमा पाइन्छन् । मानिसको प्रकृतिसँग नजिकको सम्बन्ध रहन्छ भन्ने कुरालाई यी उखानले प्रस्ट पार्दछन् :

आगो र काल कैल्यै अघाउँदैनन्
ओरालो लागेको मृगलाई बाच्छाले खेद्छ
ओल्लो घाट न पल्लो तिर
कामीलाई जाडो भयो आधा राति घाम लाग्दैन
छाता ओढ्न घाममा हिरा पाउन काममा
डाँडा माथिको जुन कति बाँचिएला र ?
रवि नपुग्ने ठाउँमा कवि पुग्छन्

प्रस्तुत उखानहरूमा गर्मीबाट बच्नको लागि घाममा छाता ओढ्नु पर्छ र मिहिनेत र श्रमबाट हिरा प्राप्त गर्न सकिन्छ, आगो र काल कहिल्यै अघाउँदैनन् । लागेको आगो बढ्दै जान्छ तथा जीवको मृत्यु निश्चित छ, ओरालो लागेको मृग वा दुखमा परेको मानिसलाई जसले पनि हेला गर्छ, सूर्य नपुग्ने ठाउँमा कवि पुग्छन् जस्ता भावहरू प्रकट भएका छन् ।

प्रकृतिसँग लुकामारी खेल्दै मानवले प्रकृतिबाट थुप्रै शिक्षा आर्जन गरेको हुन्छ । प्रकृति र मानव बीच अन्योन्याश्रित सम्बन्ध रहेको छ भन्ने कुरा माथिका उखानबाट प्रमाणित हुन्छ ।

### ४.४.१० स्थानीय विषयसम्बन्धी उखान

ग्रामीण परिवेश र जनजीवन व्यतित गरिरहेका प्युठानी लोकसमाजमा स्थानीय विषयवस्स्तु, ठाउँ, देवस्थलसँग सम्बन्धित उखानहरू प्रचलनमा रहेको पाइन्छ । यी उखानले यहाँको व्यवहारिक चालचलन, रीतिरिवाज संस्कार र संस्कृति तथा विकृति-विसङ्गतिलाई पनि समेटेको छ । स्थान विषयसम्बन्धी केही उखानहरू :

उदयपुरकोटका राजा र भित्रीकोटकी रानी
उदेपुरे कार्कीसँग के को फूर्ति लाउनु
कहीँ नपाए मेरै खैरा आए
काँ जान्छ्यौ नानी ? माडीखोला
कामकुरो एकातिर कुम्लो बोकी रम्दीतिर
कहाँ जान्छ्यौ बुहारी ? काम खोज्न
केटी नपाए दाङ् जानु, न्याए नपाए गोर्खा जानु
जातको चुतिया खत्री र ठाउँको चुतिया खैरा
झिम्रुक खोले नानीको थुतुनो रसिलो, माडीखोले नानीको मुतुनो रसिलो
तरुनी खोज्न ऐरावती मेला
दाङको दशैं त प्युठानको तिहार
पाउनु दुःख पाएस्, मेरै खैरामा आएस्
पियुष (अमृत) को घडा भित्रीकोटमा
प्युठानी चेलीको दाङतिरै रोजाइ
प्युठानी मूला जत्रा भन्यो तत्रा
प्युठानी सालीको मुखै रसिलो
बिजुवारे केटीका हल्लिएका हात्ती
बाहुनको राज्य उदयपुरमा
मेला भर्न सान्नानी शिवालय आउ
रम्दीका सम्धीलाई घरमा बास नदिनु
लाम पोखरीको मेला जन्ती न दाइजो
लुङ र लम्च्याङ्गको द्याउली (देवाली) कति खाउली
लेखाली बुहारी सत्रताल जानेकी

न्याए नपाए गोर्खा जानु काम नपाए अर्खा
सराहँ हेर्न प्युठानका मेला
स्वर्गजाने बाटो स्वर्गद्वारी

प्रस्तुत उखानमा प्युठानको स्थानीय विषयवस्तुहरू समेटिएको पाइन्छ । उल्लेखित उखानहरूमा प्युठान जिल्लाको चुतिया ठाउँका रूपमा खैरालाई चिनाउन खोजिएको छ । अन्यत्र कतै 'बिबाह गर्न केटी नपाएस् मेरै खैरा आएस्' भन्ने भनाइबाट उक्त कुरा प्रमाणित हुन्छ । प्युठान जिल्लामा हजारौं बोकाको बली दिइने लुङ, लम्च्याङ, खुङ जस्ता प्रसिद्ध ठाउँहरूमा देवालीको समयमा जति पनि मासु खान पाइने वास्तविकतालाई उखानले बोलेको छ । पश्चिम प्युठानको लामपोखरी लगायतका ठाउँहरूमा रात्री मेला लाग्ने र त्यहीँ मेलाबाट बिबाह गरेर भाग्ने युवायुवतीलाई 'लाम पोखरीको मेला जन्ती न दाइजो' भन्ने उखानले व्यङ्ग्य गरेको छ । भागेर बिबाह गर्नेका लागि जन्ती जाने र दाइजो दिनु नपर्ने कुरा उखानले प्रस्ट्याएको छ । त्यसैगरी काम नपाए अर्खा जानु त्यहाँ काम पाइन्छ, स्वर्ग जाने बाटो स्वर्गद्वारीमा छ; एक पटक स्वर्गद्वारी पुगेपछि स्वर्गको ढोका खुल्छ भन्ने मान्यता उखानमा आएको छ । उदयपुरकोटमा अधिकारीको राज्य भएको, राजखानदानी भएकाले कुराकानीमा उनीहरू अत्यन्तै सिपालु हुन्छन्, लेकाली बुहारी सबै काममा दक्ष हुन्छन्, प्युठानी युवती शुशिल, इमान्दार र नैतिकबाट हुन्छन्, उनीहरूको बिबाहको रोजाइको ठाउँ दाङ हो, प्युठानी युवतीहरू हेर्नको लागि ऐरावती, शिवालय, वडारापाटा, खैरा, लुङ जस्ता ठाउँमा जानुपर्छ किनकी त्यहाँ ठूला मेलाहरू लाग्ने गर्छन् । प्रसिद्ध सराहँ नृत्य प्युठानका मेलामा देख्न सकिन्छ, भन्ने वास्तविकताहरू उखानमा आएका छन् ।

प्युठान जिल्लालाई ठूला नदीका हिसाबले दुई क्षेत्रमा बाँडिएको छः माण्डवी नदीतिर माडीखोला, र झिम्रुक नदीतिर झिम्रुक खोला । झिम्रुक भेगका युवती कुराकानी र बोलीबचनमा सिपालु हुन्छन् भने माडीखोला तिरका नारीहरू बिबाहपूर्व यौनकार्यमा लाग्दैनन्, उनीहरूमा नारित्त्व हुन्छ भन्ने पुरानो मान्यता उखानमा आएको छ । तिहार र त्यसपछिको करिब एक महिनासम्म प्युठानका विभिन्न ठाउँहरूमा भव्य मेलाहरू लाग्ने गर्छन्, त्यसैले प्युठानको तिहार रमाइलो हुन्छ । यसरी स्थानीय विषयवस्तुलाई समेटिएका उखानहरू प्युठानी लोकजीवनमा चलिआएका छन् ।

### ४.४.११ हास्यव्यङ्ग्यसम्बन्धी उखान

उखानले मनोरञ्जन दिनुका साथै व्यङ्ग्यात्मक पाराले नराम्रा कुरालाई तिव्र विरोध गरेको पाइन्छ । युवायुवती तथा बृद्धहरूकै माझमा अश्लीलतासम्बन्धी थुप्रै उखानहरू विभिन्न ठाउँ र अवसरमा प्रयोग गर्ने गरिएको पनि पाइन्छ । सामाजिक जीवन निर्वाहको

क्रममा ठट्यौली गर्ने, अरूलाई होच्याएर बोल्ने वा व्यङ्ग्यात्मक पाराले व्यक्तिको शेखी झार्ने यस्ता उखानहरू प्रशस्त प्रयोग भएको पाइन्छ ।

**हास्य तथा व्यङ्ग्यात्मक उखानहरू**

अनुहार न दनुहार पोइ खोज्न थाली
उमेर पुगेको तर दाह्री जुङ्गा नआको
काली भगवान्की साली कालो भगवान्को सालो
चिउडोमाको कोठी बिर्सि नसक्नु
चोरलाई चौतारो साधुलाई सूली
जैसीका छोरी राँड वैद्यका छोरी गलगाँड
दमै कामीको बोली वर्ष दिन टोली
पाहुनाको निहुले मलाई पनि घ्युले
बाबुआमा मरे घिउ र भात जोत्ने गोरु मरे पुर्पुरोमा हात
भाङ्ग्राको टोपीलाई गुहेँलीको फूल
मर्दले आटे एक वर्ष नारीले आटे एकैछिन
राँडीलाई ढोग दियो मै जस्ती भएस्
सत्रताले रण्डी अठार ताले व्यापारी
हाँडीमा मकै हुँदासम्म राँडीलाई निद्रा लाग्दैन

प्रस्तुत उखानहरूमा हास्य तथा व्यङ्ग्यको प्रचुर प्रयोग भएको पाइन्छ । मर्दले चाहेर वर्षदिनमा पूरा हुने काम नारीले चाहे तत्कालै पूरा हुन सक्छ, देख्दा काला काली भए पनि ती भगवान्का नातेदार हुन, रण्डीले सत्रताल जानेकी हुन्छे र व्यापारी रण्डीभन्दा पनि बढी ताल जानेको हुन्छ, गोरु मर्दा दुःख मनाउने मानिस बाबुआमा मर्दाचाहिँ घिउ र भात खान्छ, रूप राम्री नभए पनि वैंश आएका युवायुवती एक अर्कालाई चाहना गर्छन् भन्ने जस्ता भावहरू उखानमा आएका छन् ।

साहित्यको मूल रूप खोज्दै जाँदा प्रशस्त मात्रामा अश्लीलताको प्रयोग भएको पाइन्छ । युवा-युवती तथा वृद्धहरू पनि वनपाखा, मेलापात, छेंडछाड, झैंझगडा, रत्यौली तथा बिबाह,फागू जस्ता ठाउँ र अवसरमा प्रशस्त यससम्बन्धी उखानहरू प्रयोग गरिएको पाइन्छ । जस्तै :

आइमाईको थुतुनो र लोग्नेमान्छेको मुतुनो एकै
आफ्नी छोरी नखरमाउली तन्नेरीलाई दोष
कार्तिकका कुकुर भदौका केटी
किँ गल्ती थुतुनोले गर्छ किँ मुतुनोले गर्छ

कुन्ता चाक भुत्ला भरिएको
कुन्ता लिङ्ग त्यही पनि सुतिरहने
चतुरेले गाल पाऱ्यो घुसघुसेले ताल पऱ्यो
जब परी राति तब बूढी ताती
ठाउँ न ठहर बूढीको रहर
भाग्यमानीको खप्पर ठूलो अभागीको लक्कर ठूलो
बाख्राको पुच्छर काटे बोकालाई स्वाद
वैशमा श्याल पनि मृग बन्छ
सबै कुरा छोड पोइल जाने कुरा गर

प्रस्तुत उखानहरूमा अश्लीलतासम्बन्धी विषयवस्तु मार्फत् मानिस तथा उसको व्यवहारलाई सुधार्न सन्देश दिने काम गरिएको छ ।

प्युठान जिल्ला लोकसाहित्य तथा संस्कृतिसँगै उखान र टुक्कामा धनी रहेको कुरा उल्लेखित उखानहरूबाट पुष्टि हुन्छ । मानव समाजमा खिरिलो तथा कसिलो वाणीका रूपमा उखानले कार्य गर्दै आएको छ । उपर्युक्त वर्गीकरणका अतिरिक्त छिटपुट रूपमा हिन्दी, पुराण तथा इतिहासलाई विषयवस्तु बनाई उखान भन्ने गरेको पनि पाइन्छ । प्राय: प्युठान जिल्लामा प्रचलित सबै उखानहरू उल्लेखित वर्गीकरण अन्तर्गत नै परेको छ । उदाहरणका रूपमा वर्गीकृत तालिकामा केही उखानहरू मात्र दिइएको छ, बाँकी चलन चल्तीका सङ्कलित उखानहरू तेस्रो परिच्छेदमा वर्णानुक्रमअनुसार राखिएको छ ।

# पाँचौ परिच्छेद
# उपसंहार

## ५.१ सारांश

प्युठान जिल्लामा प्रचलित उखानको अध्ययनमा आधारित प्रस्तुत शोधपत्र शोधविधिको नियम अनुसार सङ्गठित रहेको छ । प्रस्तुत शोधपत्र पाँच परिच्छेदमा विभक्त रहेको छ । पहिलो परिच्छेद शोध परिचयका रूपमा रहेको छ । यसमा विषय परिचय, समस्याकथन, पूर्वकार्यको समीक्षा, शोधपत्रको उद्देश्य, अध्ययनको सीमाङ्कन, सामग्री सङ्कलन, शोधविधि र शोधपत्रको रूपरेखा शीर्षकहरूका बारेमा प्रकाश पारिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेद उखानको सैद्धान्तिक अध्ययनमा आधारित छ । यस खण्डमा उखानको परिचय र परिभाषा, उखानको अन्य विषयसँगको सम्बन्ध जसमाः टुक्का र गाउँखाने कथासँगको सम्बन्ध, उखानका विशेषता, उखानको वर्गीकरण र उखानको अध्ययन परम्परा शीर्षकहरूमा विभिन्न विद्वान्हरूको मत सहित पुष्टि गरिएको छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा प्युठान जिल्लामा सङ्कलन गरिएका उखानहरू वर्णानुक्रमानुसार राखिएको छ । जसमा विभिन्न स्रोतबाट सङ्कलित १२४६ वटा उखानहरू रहेका छन् ।

त्यसैगरी शोधपत्रको चौथो परिच्छेदमा प्युठान जिल्लामा पाइएका उखानहरूको विश्लेषण गरिएको छ । जसमा प्युठान जिल्लाको परिचय, प्युठान जिल्लामा पाइएका उखानका विशेषता, वर्गीकरण र विश्लेषण, खण्डमा विभाजन गरी विश्लेषण गरिएको छ । जसमा उखानका विशेषताहरू : (१) सारगर्भितता (२) संक्षिप्तता (३) सरलता (४) रूप विविधता (५) सजीवता (६) लोकप्रियता (७) सार्वकालिकता र सार्वजनिकता तथा वर्गीकरणका : लोकविश्वास तथा जीवनदर्शन, सामाजिक जीवन, नीति तथा शिक्षा, जाति, पशुपक्षी र जीवजन्तु, आर्थिक पक्ष, धर्म संस्कृति, प्रकृति, स्थान विशेष र हास्यव्यङ्ग्य तथा अश्लीलताका आधारमा विश्लेषण गरिएको छ ।

शोधपत्रको अन्तिम अर्थात् पाँचौ परिच्छेदमा उपसंहार शीर्षकमा सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । यसरी शोधपरिचय हुँदै उपसंहारमा आई प्रस्तुत शोधपत्र समापन भएको छ ।

## ५.२ निष्कर्ष

उखान लोकसाहित्यको लोकोक्तिको रूपमा आउने एउटा महत्त्वपूर्ण विधा हो । उखानलाई नेपालीमा पर्यायको रूपमा आहान, आन, किस्सा सूक्ति पनि भनिन्छ । लेख्य र कथ्य भाषामा प्रचलित उखान लोकसाहित्यको लोकप्रिय विधाका रूपमा आउने आलङ्कारिक गहना हो । उखानका विषयमा विभिन्न भाषा र देशका विद्वान्हरूले आ-आफ्नो मान्यता र विचार एवम् दृष्टिकोण दिएका छन् । उखानलाई सहज रूपमा लोकले स्वीकारेको छ ।

जुनसुकै भाषिक समुदायमा व्यक्तिले पुस्तौं अघिदेखिका साझा अनुभवका रूपमा सँगालेका कथन, भाव वा विचारको सारपूर्ण उद्‌गार उखानका रूपमा प्रचलनमा रहिरहेका छन् । बोलीचाली तथा छलफलको क्रममा उखानको सानो कथनले ठूला-ठूला तर्क, वितर्क, व्याख्यान आदिलाई प्रभावित पार्दछ । उखान भाषा, देश, कालमा सीमित नभई सार्वकालिक, सार्वदेशिक तथा सार्वजनिक सम्पत्तिका रूपमा प्रयोग भएको पाइन्छ । उखानमा बाबुबाजेका अनुभवसिद्ध उक्ति वा कथनका रूपमा अभिधेयार्थ तथा लक्ष्यार्थ भाव बोकी जनबोलीमा सीमित हुँदै आएका उखानहरूले भाषालाई ओजस्वी र प्रभावकारी बनाएको हुन्छ । ऐतिहासिक विषयवस्तुलाई केलाई त्यसबाट सारवस्तु ग्रहण गर्न उखानले महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ ।

वास्तवमा उखान लोकसाहित्यको महत्त्वपूर्ण गहना हो जसले भाषालाई सिङ्गार्ने काम गर्दछ । उखानहरू कहिल्यै असत्य हुन सक्दैनन् किनभने उखानमा मौलिक जनजीवनको सारपूर्ण व्यवहारिक कुरालाई प्रस्तुत गरिएको हुन्छ । समाजको रीतिरिवाज, चालचलन संस्कार र संस्कृति जस्ता लोकजीवनमा देखिने हरेक पक्षको समुचित अभिव्यक्ति उखानमा आएको हुन्छ । जीवनको घामछायाँ र सुख-दुःखमा डुबुल्की मार्दै जीवनका अमूल्य अनुभव र अनुभूतिहरूलाई सँगाल्दै आएका विगत र वर्तमानका रोचक तथा मार्मिक कथनलाई उखानले बोकेको हुन्छ । समाज र राष्ट्रको भाषिक समुदायमा अमूल्य सम्पत्तिको रूपमा उखान जीवन्त रहँदै आएका छन् । भाषाले मानव अनुभूतिको माध्यम ग्रहण गर्न थालेपछि लोक जीवनका अनुभवका सम्पूर्ण कथन उखानका रूपमा प्रयोग हुन थालेको अनुमान गर्न सकिन्छ ।

प्युठान जिल्लामा प्रचलित उखानहरूको वर्गीकरण र विश्लेषण शीर्षक चौथो परिच्छेदमा विभिन्न एघार बुँदामा उखानको विषयात्मक वर्गीकरण गरिएको छ । उक्त वर्गीकृत विषयहरूमा रहेका उखानका आ-आफ्नै विषयवस्तु रहेको पाइन्छ । लोकविश्वास र जीवन दर्शनसम्बन्धी उखानबाट ईश्वर र धर्मप्रति प्युठानीहरूको आस्था र विश्वास रहेको

पाइन्छ । धामी झाँक्री तथा बाई बोक्सीसम्बन्धी विश्वास र भाग्यमाथि पूर्णतः भरोसा छ भन्ने परिचय यहाँको लोक जीवनमा प्रचलित उखानले प्रकाश पारेका छन् ।

कृषि व्यवसायसम्बन्धी उखानले यहाँका किसानहरूलाई समय सापेक्ष चल्न मद्दत पुऱ्याएका छन् । यहाँ प्रचलित कृषिसम्बन्धी उखानबाट यहाँको जनजीवन कृषिमा निर्भर रहेको कुरा प्रमाणित हुन्छ । कृषि व्यवसायसम्बन्धी उखानहरूको अध्ययन गर्दा प्युठान जिल्लाको जनजीवन कृषि पेशामा निर्भर रहेको प्रस्ट हुन्छ ।

नीति तथा शिक्षासम्बन्धी उखानबाट मानिसलाई सुमार्गातिर लाग्न प्रेरणा दिएको छ । हरेक बाधा व्यवधानलाई पन्छाएर अघि बढ्नुपर्छ भन्ने गहनतम उपदेश नीति तथा शिक्षामूलक उखानबाट पाइन्छ । मानिसलाई नीति र अनुशासनमा बाँध्ने प्रयास नीति तथा शिक्षा विषयक उखानले गरेको पाइन्छ ।

सामाजिक स्थिति विषयक उखानले प्युठानी जनजीवनमा रहेको पारिवारिक तथा सामाजिक संस्कार, महिला तथा पुरुष बीचको सम्बन्ध तथा विभेद, नारीप्रति पुरुषको दृष्टिकोण तथा समाजका सबल र दुर्बल पक्षलाई प्रस्ट पारेका छन् । सभ्य र विकसित समाज निर्माणमा मानिसको कर्तव्य र दायित्वलाई सम्झाउने काम उखानले गरेका छन् । एक हातले ताली बज्दैन, मिलेर बस्नुपर्छ भन्ने जस्ता सन्देशहरू सामाजिक जीवनसम्बन्धी उखानले दिएका छन् ।

प्रकृतिसम्बन्धी उखानबाट मानिसको प्रकृतिसँग निकटको सम्बन्ध छ भन्ने कुरा पुष्टि हुन्छ । प्रकृतिसम्बन्धी उखानको अध्ययन गर्दा प्रकृतिबाट मानिसले शिक्षा लिई आफ्नो जीवन निर्वाह गरेको वास्तविकतालाई झल्काएको पाइन्छ ।

पशुपक्षी तथा जीवजन्तुसम्बन्धी उखानबाट प्युठानी लोकजीवनले थुप्रै कुराहरू प्राणीहरूको कार्य व्यापारबाट अनुकरण गरेको वास्तविकता झल्किन्छ । पशुपक्षीका गुण, दोष, स्वभाव तथा प्राणीको जीवनचक्रको राम्रो चित्रण यससम्बन्धी उखानमा भएको छ । कौवा बाठो भएर गु खान्छ, कुकुरको काम पनि छैन फुर्सद पनि छैन भन्ने उखानबाट पशुपक्षीको कार्यलाई अनुकरण गरी मानिसले आफ्नो जीवनलाई सुधार्ने प्रयास गरेको सत्यतालाई पशुपक्षी विषयक उखानले प्रकाश पारेका छन् ।

आर्थिक विषयक उखानमा प्युठानी जनजीवनमा रहेको धनी र गरिब बीचको भिन्नता तथा गरिबहरूको दयनिय अवस्था झल्काएको पाइन्छ । यहाँको आर्थिक अवस्था अत्यन्तै नाजुक रहेको, कृषिमा निर्भर भएको, विदेशका गल्ली र सहरमा पुग्नु परेको तितो वास्तविकतालाई उखानले समातेको छ । धनीलाई चैन गरिबलाई ऐन, साउना मैना

आधापेट, खाने बेला पुर्पुरोमा हात, जस्ता सन्दर्भ उखानमा आई त्यहाँको वास्तविकता बोल्ने उखानले काम गरेको छ ।

धर्म संस्कृतिसम्बन्धी उखानबाट प्युठानी लोकजीवनले धर्ममा विश्वास राख्दछ र ईश्वरप्रति निकै चासो छ । यहाँको धार्मिक परम्परा र जीवनको यथार्थ शब्दचित्र यहाँ प्रचलित धर्मसम्बन्धी उखानमा भएको छ । धर्मसम्बन्धी उखानले समाजको सङ्गति र विसङ्गतिको यथार्थ चित्रण गरेका छन् ।

स्थानविषयक उखानमा विशेषतः प्युठानका प्रसिद्ध ठाउँहरू, तिर्थस्थल, मेलापर्व, जात्रा आदिको चित्रण भएको छ । ठाउँ विशेषको प्रयोग गरी त्यहाँको वास्तविकता र विश्वासलाई केलाउने काम उखानले गरेको छ । कहीँ नपाए मैरै खैरा आए, रम्दीका सम्धीलाई बास नदिनु, लामपोखरीको मेला जन्ती न दाइजो जस्ता उखानले प्युठानका ठाउँ विशेषलाई व्यङ्ग्यात्मक र दृष्टान्तका रूपमा चिनाउने काम गरेका छन् ।

जातिसम्बन्धी उखानमा प्युठान जिल्लामा बसोबास गर्ने विभिन्न जातिको रहन-सहन, चालचलन, संस्कार र संस्कृति, जातीय भेदभाव जस्ता विषयवस्तुलाई समेटेर उखान तयार भएका छन् । जातीय विभेद तथा उनीहरूको कार्यकलापलाई जस्ताको तस्तै बोल्ने काम उखानले गरेका छन् ।

हास्यव्यङ्ग्य तथा अश्लीलतासम्बन्धी उखानले युवायुवती तथा बृद्ध-बृद्धाका रमाइला, व्यङ्ग्यात्मक, ठट्टात्मक तथा लाजशरम र घृणाका कुराहरू पनि प्रस्ट्याउने काम गरेका छन् । व्यङ्ग्यात्मक तथा अश्लील भए पनि भावार्थमा समाज सुधारको संकेत दिने काम यससम्बन्धी उखानले गरेका छन् ।

चौथो परिच्छेदको प्युठान जिल्लामा प्रचलित उखानको वर्गीकरण र विश्लेषणको दुई नं. बुँदामा प्युठान जिल्लामा पाइएका उखानमा रहेका विशेषतालाई सात बुँदामा उल्लेख गरिएको छ, जसमा सारगर्भितता, संक्षिप्तता, सरलता, रूप विविधता, सजीवता, लोकप्रियता र सार्वकालिकता तथा सार्वजनिकता रहेका छन् ।

प्युठान जिल्लामा प्रचलित उखानहरू सारपूर्ण रहेका छन् । लामो कथन नभई संक्षेपमा नै थुप्रै कुरालाई एक दुई वाक्यांशमा झ्वाट्ट भनिदिन र मिठास प्रदान गर्नु यहाँ प्रचलित उखानमा रहेको संक्षिप्तताको परिचय र विशेषता हो । नेपाली उखान अत्यन्तै सरल र सरस छन् । भाषाको सरलताले गर्दा उखान भावबोध्य हुन पुगेका छन् । त्यसैगरी प्रश्नोत्तर ढाँचा, लयात्मकता जस्ता विशेषता पनि प्युठान जिल्लामा प्रचलित उखानमा रहेको पाइन्छ । दिनप्रतिदिनको मिठो अनुभवको सँगालो उखानमा हुन्छ । दैनिक

कार्य व्यापारका घटनावलीको शब्द चित्रण गर्नु यहाँ प्रचलित सजीवतासम्बन्धी उखानको विशेषता हो ।

उखान सबै जातिको विशेषको साझा सम्पत्ति भएकाले उखान अति नै लोकप्रिय छन् । कुनै निश्चित घटना र महत्त्वपूर्ण समयमा भनिएका उखान सार्वकालिक र सार्वजनिक हुँदै आउनु प्युठान जिल्लामा प्रचलित उखानको विशेषता हो ।

उखानहरू लोकजीवनका अनुभवका सास्वत सत्य हुन् । हरेक भाषामा भाषाको आत्म बनेर उखान बसेको हुन्छ । लामा लामा भनाई तथा कथानकहरूलाई सारपूर्ण रूपमा व्यक्त गर्ने काम उखानले गर्दछ । छलफल, बोलीचाली, कथाकहानी, भाषण तथा दुःख सुखका भावनालाई एक आपसमा पोख्ने काम उखानले गर्दछ । गद्य तथा पद्य दुवै लयमा उखानलाई प्रयोग गर्न सकिन्छ ।

उखानमा लक्ष्यार्थ प्रधानता रहन्छ । कुनै पनि कुरालाई घुमाउरो पाराले अभिव्यक्त गर्न उखान महत्त्वपूर्ण मानिन्छ । कुनै पनि भाषाको अर्थ वहन गर्ने क्षमतामा उखानले दिने ज्ञान, विचार, दर्शन, कलात्मकता र सौन्दर्य चेतनाको निमित्त महत्त्वपूर्ण भूमिका खेल्न सक्ने शक्ति उखानमा निहित हुन्छ । भाषालाई प्रभावकारी बनाउन र कथ्य अभिव्यक्तिलाई सहज सम्प्रेषणीय बनाउनमा उखानको महत्त्वपूर्ण योगदान रहेको छ । उखान भाषिक समुदायको सशक्त उद्गार भएकाले भाषाशास्त्रीय दृष्टिकोणले यसको अध्ययन निकै महत्त्वपूर्ण हुन आउँछ । उखानले भाषाको रूप तथा ऐतिहासिक वस्तु तथ्यलाई समेत सङ्केत गर्छन् । उखानमा भाव सघनता, मार्मिकता तथा अर्थगत क्षेत्रको विस्तृत परिवेश रहेको हुन्छ ।

लोकसाहित्यका विविध विधा वा क्षेत्र मध्ये उखान पनि एक महत्त्वपूर्ण विधा हो । लोकसमाज र संस्कारमा व्यापक रूपमा प्रयोग हुने उक्ति भाषाको अमूल्य निधि हो । लामा कथनलाई छोटोमा व्यक्त गर्न सक्ने क्षमता उखानमा रहन्छ । स्वतन्त्र रूपमा प्रयोग हुने आफ्नै विशेषता र गुण भएकाले उखान लोकसाहित्य अन्तर्गतको महत्त्वपूर्ण विधा रहेको कुरा प्रमाणित हुन्छ । प्युठान जिल्लामा सङ्कलित उखानले माथिका भाव र विशेषतालाई ग्रहण गरेको पाइन्छ । उखान गाउँ शहर, शिक्षित अशिक्षित, सभ्य असभ्य, युवा युवती लगायत सबै तह र तप्काका मानिसले प्रयोग गर्छन् । समाजको वास्तविकता र यथार्थतालाई उखानले प्रकट गरेको हुन्छ । लोकजीवनका वास्तविकता, सत्यतता, नैतिकता, मर्यादा नियमलाई स्वीकार गरी अघि बढ्न सन्देश दिने काम गर्छ । त्यसैले उखान नेपाली लोकसाहित्यको महत्त्वपूर्ण विधा भएको पुष्टि हुन्छ ।

## ५.३ भावी अध्ययनका निम्ति सुझाव

प्युठान जिल्लामा प्रचलित उखानको अध्ययनका क्रममा देखिएका केही सम्भावित शोधशीर्षकहरूलाई निम्न रूपले प्रस्तुत गरिएको छ :

१) प्युठान जिल्लामा प्रचलित लोकगीतको अध्ययन

२) प्युठान जिल्लाको मगर समुदायमा प्रचलित सोरठी लोकनृत्यको अध्ययन

३) नेपाली साहित्यमा 'सुमन' पत्रिकाले दिएको योगदान

४) प्युठान जिल्लामा प्रचलित भक्ति भजनको अध्ययन

५) माडी क्षेत्रमा प्रचलित गाउँखाने कथाको अध्ययन

## ५.४ शब्दावली

स्तरीय नेपाली भाषालाई कतिपय अवस्था र क्षेत्रहरूमा अशुद्ध उच्चारण गर्ने गरेको पाइन्छ ।

जस्तै :

| शुद्ध नेपाली शब्दहरू | प्युठानी लोकजीवनमा प्रचलनमा रहेका शब्दहरू |
|---|---|
| अँघिपछि | अइँपछि |
| अन्ध | अन्दो |
| उही | उई |
| कुवा | कुवो |
| खस्रो | खर्सो |
| खाजा/नास्ता | अर्नी |
| गएको | गा'को |
| गणित | गनित |
| गाईवस्तु | डिङ्गा/डिंगो |
| चाहिन्न | चाइन्न |
| जान्छ | जान्च |
| तिलहरी | तिल्लरी |
| दिम्ला | दिना |
| दिशा/गुहु | गु |

| | |
|---|---|
| धाक् | धाग |
| पाकेको | पाको |
| बाटे पनि | बाटेनि |
| बिहान | ब्यान/भ्यान |
| बुबा | बा |
| भइन्छ | होइन्छ/होइन्च |
| भएको | भा'को |
| भन्छ | भन्च |
| भरी (भरिएको) | भोरी |
| भऱ्यो/भर्नु | भोऱ्यो/भोरो |
| रूपैयाँ (पैसा) | दाम |
| भाउजू | भौजू |
| रौं | भुत्ला |
| लगौटी | लौंटी |
| लाग्छ | लाउँछ |

# सन्दर्भग्रन्थ सूची


अधिकारी, लोकनाथ, ***गोरखा जिल्लामा प्रचलित नेपाली उखानको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. २०६० ।

आचार्य, मुकुन्द, ***भोजपुरी उखान टुक्का,*** काठमाडौँ: नेराप्रप, २०५६ ।

उपाध्याय, कृष्णदेव, ***लोकसाहित्यकी भूमिका,*** इलाहावाद : साहित्य भवन प्रा.लि., इ. सं. १९७७

उप्रेती, कुन्दनलाल, ***लोकसाहित्यको प्रतिमान,*** अलिगढः भारत प्रकाशन मन्दिर, इ.सं. १९७१

चालिसे, विजय, ***डोटेली लोकसंस्कृति र साहित्य,*** ललितपुर, साझा प्रकाशन, २०५७।

जोशी, सत्यमोहन, ***हाम्रो लोक संस्कृति,*** काठमाडौँ: रत्न पुस्तक भण्डार, २०३४ ।

ढुङ्गाना, रामचन्द्र, ***उखानको बखान,*** काठमाडौं : साझा प्रकाशन, २०४२ ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, ***नेपाली लोकसाहित्यको विवेचना,*** काठमाडौँ: त्रि.वि.पाठ्यक्रम विकास केन्द्र, २०४२ ।

पराजुली, मोतीलाल, ***नेपाली लोकगाथा,*** पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९ ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), ***नेपाली बृहत शब्दकोश,*** काठमाडौँ: नेराप्रप्र, (२०५५) ।

पोखरेल, बालकृष्ण, ***राष्ट्रभाषा,*** काठमाडौं : साझा प्रकाशन, २०३६ ।

पौड्याल, शिवप्रसाद, ***नेपाली उखानको विषयात्मक अध्ययन,*** काठमाडौं : राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

बन्धु, चुडामणि, ***नेपाली लोकसाहित्य,*** काठमाडौँ: एकता बुक्स, २०५८ ।

रिमाल, प्रदीप, ***कर्णाली लोक संस्कृति,*** खण्ड ५, दो.सं., काठमाडौँ: साझा प्रकाशन, २०५६ ।

रेग्मी, मुधुसूदन, ***पर्वत जिल्लामा प्रचलित उखानहरूको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. २०६० ।

शर्मा, मोहनराज, ***शब्द रचना र वर्णविन्यासः भाषा-वैज्ञानिक पद्धति,*** त्रि.वि., पाठ्यक्रम, विकास केन्द्र, २०३५ ।